# अध्याय: एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव नै समाज र संस्कृतिको प्रमुख पात्र हो । मानव विकास क्रमलाई हेर्दा मानवको विगतको स्वरूप आजको मानव जस्तो विकसित थिएन । पूर्ण जङ्गली अवस्थाबाट लाखौं वर्षपछि विकसित हुँदै मानव समाज वर्तमान अवस्थामा रूपान्तरण हुँदै आएको हो । श्रम र प्रविधिको प्रयोग र विकास गर्दै आजको युगमा मानव समाज आइपुगेको छ । मानव विकास क्रमसँगसँगै विभिन्न सभ्यता र संस्कृतिको विकास र विस्तार हुँदै समाज विकासको प्रक्रिया निरन्तर चलिरहेको छ (आचार्य, २००५) ।

समाज विभिन्न मानवीय सम्बन्धहरूको जालो हो । सामाजिक इकाइहरू विवाह, नाता, जाति व्यवस्था, मूल्य मान्यता, परम्परा, परिवार, आर्थिक सामाजिक संस्थाहरू आदिको एकीकृत रूप नै समाज हो । समाज विकासको लामो कालखण्डमा विभिन्न भाषा लिपि, सभ्यता प्रचलन, प्रविधि एवं विभिन्न समाजिक सङ्गठनहरू विकास भएको पाइन्छ । प्राचीन समाजदेखि वर्तमान समयसम्मको समाज र संस्कृतिको स्वरूप विभिन्न कालखण्डमा फरक फरक रहेको छ । चेतनाको विकाससँगै मानवीय आवश्यकताहरू परिपूर्ति गर्ने प्रक्रियाबाट नै मानव सभ्यता अगाडि बढिरहेको छ । पुरापाषणयुगबाट समाज विकास हुँदै आज चरम औद्योगिक युगसम्म आइपुग्दा विभिन्न उत्पादन सम्बन्ध पार गर्दै आएको छ । सिकारी तथा सङ्कलित समाज, कृषि तथा पशुपालन समाज हुँदै औद्योगिक समाजमा समाज परिवर्तन हुँदै आएको छ । मानव विकासको इतिहासमा ९५ प्रतिशत भन्दा बढी समय सिकारी तथा सङ्कलित समाजले व्यतीत गरेको छ । यो समाज नितान्त प्रकृतिमा आधारित थियो । बसाइमा स्थायित्व नहुनु, जनावर सिकार गरेर वा कन्दमुल सङ्कलन गरेर जीवन निर्वाह गरी जीवन पद्धति चलाउने उत्पादन प्रणालीमा समाज चलेको थियो । सामुहिकता र समानतामा आधारित यो समाज अदृश्य शक्तिमाथि विश्वास गर्ने र भौतिक वस्तुको उत्पादन न्यून रहेको समाजको रूपमा चिनिन्थ्यो । कृषि तथा पशुपालन समाज भन्नाले आधुनिक कृषि प्रणालीमा प्रवेश पूर्वको समाज जहाँ गुजारामुखी कृषि प्रणाली रहेको समाज बुझाउँछ । यस समाजमा सामन्ती उत्पादन स्वरूप रहेको र समाज विभिन्न वर्गमा विभाजित भएको, जमिनमा जसको जति निजी स्वामित्व रहेको छ त्यति नै उसको सामाजिक हैसियत स्थापित भएको हुन्थ्यो । यस अर्थ व्यवस्थामा देखिने

महत्त्वपूर्ण विशेषता जमिनको स्वामित्वमा असमानता हो । सामान्तको जमिन उपभोग गरे बापत सामन्तलाई अनिवार्य श्रम, बेठबेगर, सौगात तथा उत्पादनको महत्त्वपूर्ण हिस्सा बुझाउनु पर्थ्यो ।

औद्योगिक समाज भन्नाले सामन्तवादी उत्पादन स्वरूपमा परिवर्तनआई पुँजीवादी उत्पादनको ढाँचा विकास भएको समाजलाई बुझाउँदछ । यस समाजमा वस्तु उत्पादन उपभोगको लागि मात्र नभै मुद्रा आर्जन गर्नु प्रमुख उद्देश्य रहेको हुन्छ । यस उत्पादन प्रणालीमा प्राकृतिक स्रोत र साधनको व्यापक परिचालन, श्रमको विशिष्टीकरण, उत्पादकहरू बिच तीव्र प्रतिस्पर्धा हुनुका साथै वस्तु तथा सेवा उत्पादनको निर्धारक तत्त्व माग, मूल्य, नाफा तथा आम्दानी आदि महत्त्वपूर्ण रहेको हुन्छ ।

१७ औं शताब्दीदेखि नै पश्चिमी समाजमा औद्योगिक विकासको प्रारम्भ भयो । नेपालको औद्योगिक इतिहास धेरै लामो छैन । प्राचीन काल अथवा किराँतकालीन अवस्थामा मानिसहरू साना तथा मझौला उद्योग व्यवसायहरू, कपडा बुन्ने, अन्न उत्पादन गर्ने, राडीपाखी कम्बल बुन्ने, चिउरा कुट्ने, दुधबाट विभिन्न परिकारहरू बनाउने लगायतका साना घरेलु उद्योग सञ्चालन गरी कृषिको अतिरिक्त अन्य पेसाहरू अपानाएको पाइन्छ । तत्कालीन राजा तथा जनताहरू धार्मिक प्रवित्तिका भएकोले विभिन्न धार्मिक मठ मन्दिर कलात्मक ढङ्गले निर्माण गर्ने, धार्मिक स्थलहरूको विकास गर्ने गरिन्थ्यो । यस काललाई नेपालको स्वर्णयुग पनि भन्ने गरिन्छ । तात्कालीन अवस्थामा कृषिबाट उत्पादित सामानलाई प्रशोधित गर्ने, डोरी, डाला, झोला, डोका बुन्ने, घरायसी औषधि उत्पादन गर्ने, कपडा तथा जुत्ता सिलाउने जस्ता घरेलु उद्योगहरू लिच्छवी कालमा स्थापना भएका थिए, जसबाट नेपालीहरू कृषिको साथै अन्य विभिन्न आयमूलक कर्यमा संलग्न भएको पाइन्छ ।

मल्लकालीन अवस्था (वि.सं ९३६–१८२५) मा नेपाली घरेलु उद्योगहरू सञ्चालन भएको पाइन्छ । कृषिमा आधारित घरेलु उद्योगहरूबाट कपडा बुन्ने, हस्तकलाका सामानहरू उत्पादन गर्ने, फलाम, तामा, पित्तलका भाँडाबर्तन बनाउने जस्ता कुटिर उद्योगहरू खुलेका थिए । मल्लकालीन राजाहरूमा पनि पार्टी, मठमन्दिर बनाउने प्रतिस्पर्धा नै चलेको पाइन्छ जसले गर्दा यस कालमा कलात्मक रूपमा वास्तुकला तथा चित्रकलाको विकास भएको थियो । नेपालीहरूले आफ्नो परम्परागत कृषि पेसाको अतिरिक्त यस किसिमका काम गर्ने र ज्याला आर्जन गर्ने गर्दथे । ज्यालाको रूपमा जुनसुकै वस्तु धन, अन्न, कपडा जस्ता जिन्सी वस्तु दिए

पनि राजाहरू धार्मिक प्रवत्तिका हुनाले श्रमिक माथि खासै शोषण नगरी समान व्यवहार अपनाएको पाइन्छ ।  मल्लकालमा उद्योग धन्दाको विकास विस्तार भएको थियो । त्यस बेला कच्चा पदार्थको आयात गरी तयारी वस्तु निर्यात हुन्थ्यो । भोटबाट सुन चाँदी उन एवं अन्य बहुमूल्य धातु उपयोगी पत्थर र अन्य छिमेकी क्षेत्रबाट कपास काठ जडिबुटी लगायत अन्य विविध प्रकारका वस्तुहरू उपत्यकामा ल्याइन्थे । कच्चा पदार्थबाट उपत्यकामा अनेक वस्तु तयारी गरिन्थ्यो । यसले उपत्यकाका कर्म तथा व्यवसायीहरूलाई सम्पन्न बनाएको थियो । उपत्यकामा बनेका वस्तुहरू भोट तथा  अन्य भागमा खपत हुन्थे  (शर्मा, २०३८) ।

आधुनिक नेपालको निर्माणपछि तात्कालीन राजा पृथ्वीनारायण शाहले आफ्नो महावाणी मार्फत भनेका थिए ***उद्योग वा खानी भएका ठाउँमा घर वा खेती भए त्यसलाई अन्यत्र सारी खानी उद्योग चलाउनू*** । जसबाट नेपालको चौतर्फी विकासको बाटो भनेको नै औद्योगिक विकास हो भन्ने बुझिन्छ । तर पनि नेपालमा १०४ वर्षीय राणा शासनमा नयाँ उद्योग कल कारखानाहरू पर्याप्त मात्रामा खुलेनन् र नेपाल औद्योगिक विकासको दुनियाँमा धेरै पछाडि पर्‍यो । राणाहरू सुखसयलका लागि आलिसान महल बनाउने, देशको ढुकुटी विदेशी बैङ्कमा जम्मा गर्ने र आफ्ना सन्तानहरूको भविष्य सुरक्षित गर्न नै तल्लीन रहे । राणाकालीन समयको बर्बर शासन अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्ने प्रमुख उद्देश्य लिई तुलसीमेहरले धागो कात्ने चर्खाहरूको स्थापना गरेर औद्योगिक धुनको सुरुवात गर्न खोजेका थिए । राणाहरू दमनपछि यो त्यत्तिकै बन्द भयो तर दोस्रो विश्वयुद्ध पछि पश्चिमी राष्ट्रहरूमा औद्योगिक विकास तीव्र रूपमा अगाडि बढ्यो र ती देशहरूले छिट्टै नै उद्योग कल कारखानाहरूबाट निकै प्रगति गरे । बेलायतको औद्योगिक क्रान्तिले त पूरा युरोप नै उद्योगमय हुन पुग्यो जस्को प्रभाव नेपालमा बिस्तारै पर्दै गयो र नेपाली राणा प्रधानमन्त्री जुद्धसमशेरको पालामा नेपालमा केही उद्योगहरू स्थापना भए जसमध्ये विराटनगर जुट मिल्स नै नेपालको जेठो र ठुलो उद्योग हुन पुग्यो । जुन आज साँच्चिकै नेपालको औद्योगिक युगको कोसेढुङ्गा बन्यो  (शर्मा, २०३८) ।

जुद्धशम्शेरको पालामा द्वितीय विश्व युद्धका कारण कपडाको अभाव भएकाले कपास खेतीको प्रचार गराएर कपडा बुन्न लगाई वस्त्र अभावको अन्त्य गर्ने प्रयास भएको थियो । बेकारी हल गर्न वि.सं. २००१ सालमा बेकार सहायता संस्था खोलिएको थियो । यस मार्फत किस्ताबन्दीमा तान चर्खा तथा मोजा गन्जी बुन्ने ससाना कलको वितरण गरिएको थियो । कृषि

परिषद्को स्थापना गरी उद्यमीलाई माहुरी पाल्ने, अचार, जेली, सर्बत बनाउने तालिम दिने काम भयो । वि.सं. १९९२ सालमा उद्योग परिषद्को स्थापना, १९९४ सालदेखि उद्योग प्रदर्शनीको व्यवस्था भयो । यसका मातहत कृषि परिषद्, खानी अड्डा, नेपाल कपडा अड्डा र घरेलु इलम प्रचार अड्डा रहेका थिए । पद्मशमशेर प्रधामन्त्री भएपछि २००४ सालमा नेपालको वैधानिक कानुन बनाई लागू गर्ने प्रयत्न गरे । उक्त वैधानिक कानुनले व्यापारी तथा मजदुरहरूका एक एक जना प्रतिनिधि राष्ट्रिय सभामा मनोनित हुने व्यवस्था गरेको थियो । २००७ सालको राजनितिक परिवर्तन पश्चात नेपाल औद्योगिक कर्पोरेसन ऐन २०१६, नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुर सम्बन्धी ऐन २०१६, औद्योगिक व्यवसाय ऐन २०१८ बनेपछि उद्योग स्थापनाको वातावरण बन्न थाल्यो (ओझा,२०५७) ।

नेपालमा औद्योगिक स्थापनाको विकास क्रमलाई डा. बद्रीप्रसाद श्रेष्ठले निम्न चरणमा बाँडेका छन:

- दोस्रो विश्व युद्धअघि (सन् १९३६-१९३९): यस अवधिमा विराटनगर जुट मिल लगायत ६ वटा उद्योग खुलेका थिए,
- दोस्रो विश्व युद्धताका (सन् १९३९-१९४५): यस अवधिमा कपडा, साबुन लगायतका वस्तु उत्पादन गर्ने १४ वटा उद्योग खुलेका थिए,
- दोस्रो विश्व युद्धपछि (सन् १९४५-१९५०): यस अवधिमा ३५ वटा उद्योग खुलेका देखिन्छन्,
- अन्तरिम समय (सन् १९५१-१९६९): यस बेला पब्लिक क्षेत्रमा खास उद्योग त खुलेन्न र स्थापित ठुला ठुला उद्योगहरू पनि घाटामा पुगी विघटन भए तर निजी क्षेत्रमा प्रशस्त उद्योगहरू खुले, यस अवधि पछि सोभियत सङ्घको मद्दतबाट जनकपुर चुरोट कारखाना, वीरगन्ज चिनी कारखाना, कृषि औजार कारखाना, हेटौँडा सिमेन्ट उद्योग जस्ता आयात प्रतिस्थापन गर्ने उद्योगहरू खुले । यसपछि क्रमश: नेपालमा ठुला ठुला उद्योगहरूको स्थापना हुन थाल्यो । जसको परिणाम कामदार वा कर्मचारीहरूको सङ्ख्या थपिँदै गयो (ओझा, २०५७) ।

आजको युग तीव्र औद्योगिक विकासको युग हो । औद्योगिक विकासबाट नै रोजगारी सिर्जना गरी मुलुकको गरिबी हटाई आर्थिक प्रगति गर्न सकिन्छ । यातायात, सञ्चार तथा इलेक्ट्रोनिक

प्रविधिले संसारका हरेक क्षेत्रलाई अत्यन्त नजिक बनाएको छ । ऊद्योग, व्यापार, व्यवसाय तथा यससँग सम्बन्धित प्रविधिहरू एक मुलुकबाट अर्को मुलुकमा सहज ढङ्गले विकास र विस्तार भैरहेको छ । नयाँ नयाँ आर्थिक सिद्धान्त तथा आर्थिक नीतिहरू प्रयोगमा आइरहेका छन् । जसले गर्दा सिङ्गो विश्व नै एउटै बजारको रूपमा रूपान्तरण भैरहेको छ । निजीकरण, आर्थिक उदारीकरण तथा विश्वव्यापीकरण जस्ता आर्थिक नीतिका कारण विश्वका कुनै पनि मुलुकहरू यसबाट पृथक रहन सक्तैनन् । यस किसिमको तीव्र प्रतिस्पर्धाबाट नेपाल पनि अलग रहन सक्तैन । तर नेपालको वर्तमान औद्योगिक विकासको गति भने सुस्त रहेको छ । प्रचुर मात्रामा प्राकृतिक स्रोतहरू उपलव्ध भए पनि उचित प्रयोग हुन सकिरहेको छैन । अझै पनि मुलुकको सबै क्षेत्रहरूमा बाटो, बिजुली, दक्ष श्रमशक्ति जस्ता औद्योगिक विकासका पूर्वाधारहरूको अभाव रहेको छ । व्यापक रोजगारी सिर्जना गर्न, मुलुकको आर्थिक पछौटेपन हटाई समुन्नत राष्ट्र निर्माण गर्न औद्योगिकीकरण गरिनु अपरिहार्य छ । जनताको आर्थिक सामाजिक ऊन्नतिका लागि बढीभन्दा बढी प्राकृतिक स्रोत र सम्पदाको सदुपयोग गर्दै सन्तुलित औद्योगिक विकास गरिनु अत्यावश्क छ । तर पनि नेपालको औद्योगिक इतिहास त्यति लामो छैन । नेपालीहरूले आफै पनि श्रम र सिपबाट साना घरेलु उद्योगहरू सञ्चालन गर्दै आएको र भारतीय पुँजीपतिहरू र नेपाली राणाहरूले मुनाफा कमाउने उद्देश्यले नेपालमा सङ्गठित उद्योग सञ्चालन गर्ने योजना अनुरूप सन् १९३५ मा 'उद्योग परिषद्' नामको एउटा संस्था दर्ता गरियो र त्यसपछि १९३६ मा कम्पनी कानुन जारी गरियो । यही कम्पनी कानुन जारी भएपछि मात्र नेपाल विधिवत् रूपमा औद्योगिकीकरणमा प्रवेश गरेको पाइन्छ । वि.सं. १९९३ सालमा पारित भएको कम्पनी ऐनपछि नेपालमा सङ्गठित रूपमा नै जुट चिनी, साबुन फर्निचर आदि उद्योहरू खुल्न पुगे । वि.सं. १९९४ मा नेपाल बैङ्कको स्थापना गरियो यसले केही हदसम्म नेपाली उद्यमीहरूलाई पुँजी उपलव्ध गराई सहयोग पुऱ्यायो । २००१ सालमा प्राइभेट कम्पनी कानुन तर्जुमा गरी राष्ट्रका सबै किसिमका उद्योगहरूको अभिलेख राख्ने कार्यको थालनी गरियो (जिफन्ट प्रकाशन, इतिहासलाई फर्केर हेर्दा) ।

माथि उल्लेख गरिएका ऐतिहासिक तथ्यहरूले के देखाउँछ भन्दा नेपाल लामो समयदेखि कृषि प्रधान मुलुक रहँदै आएको र नेपालीहरूको प्रमुख पेसा परम्परागत कृषि प्रणाली नै रहेको पुष्टि हुन्छ । यद्यपि मुलुक करिब ६ दशकदेखि औद्योगिक प्रणालीमा प्रवेश गरी क्रमिक रूपमा उद्योग र औद्योगिक मजदुरहरूको विकास हुँदै आएको पाइन्छ । नेपालीहरूलाई विश्वका अन्य

राष्ट्रहरूले जस्तै आयमूलक काममा लगाउने नेपाली श्रम र सिपलाई पनि सही उपयोगमा लगाउने उद्देश्यले विभिन्न उद्योग कलकारखाना खोल्न थालिएको छ । उद्योगधन्दाहरू व्यवस्थित तरिकाले सञ्चालन गर्न सकियोस् भनेर नै देशमा विभिन्न औद्योगिक क्षेत्रहरू स्थापना गरिएको छ । देशमा रहेका बेरोजगार जनसङ्ख्यालाई थोरै भए पनि रोजगारीको अवसर उपलब्ध गराउने प्रयास भैरहेका छन् ।

औद्योगिक विकासका लागि भौतिक पूर्वाधारहरूको विकास गर्दै देशलाई औद्योगिकिकीरण तर्फ अघि बढाउने, कृषि पेसामा मात्र आश्रित रहेका जनसङ्ख्यालाई उद्योग व्यवसायमा रोजगारी प्रदान गर्न, औद्योगिक विकासको माध्यमबाट देशका आर्थिक विकासमा टेवा पुऱ्याउन आवश्यक उपयोग तथा भौतिक निर्माणका सामानहरू स्वदेशी उत्पादन बाट नै परिपूर्ति गर्न एवं मुलुकलाई सन्तुलित विकास गर्दै आधुनिकीकरण गर्ने उद्देश्यका साथ तत्कालीन सरकारबाटै २०१६ सालदेखि मुलुकका विभिन्न क्षेत्रहरूलाई औद्योगिक क्षेत्र घोषणा गरी उद्योग धन्दा सञ्चालन गर्ने व्यवस्थित योजनाहरू प्रारम्भ भयो । क्षेत्रीय आर्थिक सन्तुलन कायम गरी उद्योगको स्थापनाद्वारा त्यस क्षेत्रको विकासका साथै रोजगारीको अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्दै जाने सन्दर्भमा औद्योगिक क्षेत्रले प्रभावकारी भूमिका खेल्न सक्ने कुरालाई दृष्टिगत गरी औद्योगिकीकरणका लागि आवश्यक पर्ने जमिन, बिजुली, पानी, सडक, ढल, जस्ता भौतिक पूर्वाधारका साथै अन्य आवश्यक सेवाहरू समेत एकै स्थानमा उपलब्ध गराई औद्योगिक विकासको माध्यामबाट क्षेत्रीय आर्थिक सन्तुलन कायम गर्ने, स्थानीय पुँजी स्रोत साधन तथा सिपलाई उद्योग धन्दा तर्फ आकर्षित गर्ने तथा सरकारी अग्रसरतामा निजी क्षेत्रलाई उद्योगमा लगानी गर्न आकर्षित गर्दै रोजगारीका अवसर सिर्जना गरी देश विकासमा गतिशीलता ल्याउने उदेश्यले विभिन्न औद्योगिक क्षेत्रको स्थापना भएको हो (ने.औ.वि.नि.स्मारिका, २०६५ ) ।

वि.स. २०४६ सालको जनआनदोलन पश्चात श्रम सम्बन्धको क्षेत्रमा आएको क्रान्तिकारी परिवर्तनलाई श्रम ऐन २०४८ सहित अन्य श्रम कानुनले सम्हाल्ने र सकारात्मक दिशातर्फ डोऱ्याउने प्रयत्न गरेका छन् र श्रम ऐन २०४८ आएको एक दशकमा यस क्षेत्रले निश्चित सफलता हासिल गरिसकेको छ । श्रम ऐन कानुनहरूमा संशोधन भएका छन् । परिमार्जन गरिएका छन् र आवश्यक नयाँ कानुन तर्जुमा समेत हुँदै छन् । श्रम कानुनको परिपालन एवं कार्यान्वयन गर्ने सर्न्दभमा श्रम प्रशासन त छँदै छ श्रम आदालतको स्थापनाद्वारा एक सक्षम एवं

सुदृढ न्याय प्रशासन समेत कार्यरत रहेको छ । यस अतिरिक्त श्रम सम्बन्धी मुद्दाहरू सर्वोच्च अदालनसम्म पुग्ने र द्धिदान्तहरू स्थापित हुने क्रम पनि सुरु भएको छ (ओझा, २०५७) ।

युरोप लागायत पश्चिमी मुलुकहरूमा १८ औं सताब्दीको प्रारम्भदेखि नै औद्योगिक विकासको सुरुवात भए तापनि हाम्रो मुलुकमा बिसौं सताब्दीमा मात्र उद्योग कलकारखानाहरू खोलिने क्रम सुरु भयो । उद्योग कलकाराखाना सञ्चालनको लागि बाटो, बिजुली, सञ्चार, दक्ष जनशक्ति, वजार व्यवस्थापन जस्ता आवश्यक भौतिक पूर्वाधारहरूको अभावका कारण हाम्रो समाज औद्योगिक विकासतर्फ धेरै पछि मात्र प्रवेश गरेको पाइन्छ । विगत ५, ६ दशकको बिचमा सामन्ती उत्पादन प्रणालीलाई क्रमशः विस्थापित गर्दै पुँजीवादी एवं औद्योगिक उत्पादन प्रणालीको विकास र विस्तार हुँदै आएको छ ।

सामन्ती समाजमा उत्पादनको मूल विशेषता उपभोगका लागि उत्पादन रहेको छ भने औद्योगिक एवं पुँजीवादी समाजमा बिक्री र मुनाफाको लागि गरिन्छ । हाम्रो मुलुकमा पनि औद्योगिक विकासको प्रारम्भसँगै अर्थ आर्जन र मुनाफाको लागि वस्तुको उत्पादन गरिने प्रक्रिया सुरू भएको छ । यसैगरी वस्तु उत्पादनका निमित्त सामन्ती समाजमा प्रयोग गरिने उत्पादनका सामानहरूलाई पुँजीवादी उत्पादनका साधनहरूले विस्थापित गर्दै गएका छन् । खेतीबाली उत्पादनमा प्रयोग गरिँदै आएको गोरु लगाई हलो जोत्ने कार्यमा ट्याक्टरको प्रयोग, धान गहुँ झार्न थ्रेसरहरूको प्रयोग, सिंचाइका निमित्त ठुला ठुला बाँधहरू कन्काई, वाग्मती, बबई, कमला, कोसी आदि बृहत् सिंचाई आयोजनाहरू सञ्चालित छन् भने गाउँ एवं बस्तीहरूमा अनाज खरिद बिक्री गर्न डिपोहरू खुलेका छन् । उत्पादन गरिने वस्तुहरूमा पनि किसानहरू नगदे बालीतर्फ आकर्षित भएका देखिन्छन् । मुलुकमा विभिन्न ग्रामीण क्षेत्रहरू क्रमशः सहरीकरण हुँदै गएका छन् । गाउँमा जमिनदारी शासन कमजोर मात्र होइन अन्त्य हुँदै गएको छ । र जमिन्दारहरू क्रमशः उद्यमी एवं पुँजीपति र किसानहरू श्रमिकरूमा रूपान्तरण हुँदै गएका छन् ।

औद्योगिक विकासक्रममा श्रम सम्बन्ध र उत्पादन प्रणालीमा आएको परिवर्तनको साथ साथै सामाजिक सांस्कृतिक क्षेत्रमा पनि विभिन्न परिवर्तनहरू हुँदै गएका छन् । सामन्ती समाजमा देखिने दान दक्षिणा, परोपकार अतिथि सत्कार जस्ता पक्षहरू कमजोर हुँदै गएका छन् । दान गर्दा धर्म हुने र पाहुना पाल्दा पुण्य हुने कुरा फितला बन्दै गएका छन् । श्रम क्षेत्रमा देखिने मेला, पर्म, ऐँचोपैँचो प्रणालीको अन्त्य हुँदै गएको छ भने हरेक कुरा पैसासँग साटिने कुरा बढ्दै

गएको छ । लाउने खाने बोल्ने हरेक क्षेत्रमा आयातित संस्कृतीको प्रचुर प्रभाव पर्दै गएको छ । समाजमा देखिएका यी परिवर्तनले सामन्तवादी समाजको क्रमश: अन्त्य भई पुँजीवादी औद्योगिक समाजको विकास क्रममा देखिएको श्रम सम्बन्ध र उत्पादन प्रणालीमा आएको फेरबदलको रूपमा बुझ्न सकिन्छ ।

नेपालको औद्योगिक विकासमा विभिन्न मित्रराष्ट्रहरूले उद्योग कलकारखाना स्थापना गरी आवश्यक आर्थिक, प्राविधिक सहयोग गरी रहेका छन् । देशको बेरोजगार जनसङ्ख्यालाई रोजगारका अवसर उपलब्ध गराउने, आवश्यक भौतिक वस्तुहरू स्वदेशमा नै उत्पादन गर्ने तथा मुलुकको आय बृद्धिका लागि उद्योग व्यवसायबाट उल्लेख्य योगदान पुऱ्याउने प्रयास भैरहेका छन् । तर पनि उद्योग कलकारखानामा काम गर्ने मजदुरहरूले पाउने पारिश्रमिक तलब ज्याला, उनीहरूले प्राप्त गर्ने सामाजिक सुरक्षा पेसागत सुरक्षा तथा सामाजिक मर्यादा लगायतका विषयहरूमा विभिन्न विभेद तथा असमानताहरू विद्यमान रहेका छन् । औद्योगिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको पेसागत सुरक्षा तथा अधिकारका लागि पर्याप्त कानुनको अभाव, उद्योग व्यवसायीले कामदारहरूप्रति गर्ने व्यवहार, असमान एवं न्यून पारिश्रमिक तथा शोषणमूलक व्यवहार र प्रवृत्तिका कारण कामदार र उद्योग व्यवसायी बिच असल औद्योगिक सम्बन्धको अभाव रहेको र यी विविध असमानताका पक्षहरू उजागार गराउन र समस्या समाधानका उपायहरू अपनाउन यस अध्ययनले केही सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा लिएको छु ।

वर्तमान समयमा नेपालको श्रम बजारमा बेरोजगारीको सङ्ख्या ठुलो भएको कारण श्रमिकको आपूर्ति सहज र रोजगारी दुर्लभ रहेको छ । उद्योग व्यवसायीहरूले यस अवस्थामा सस्तो ज्यालामा काम लगाउने तोकिएको समयभन्दा बढी काम गर्न बाध्य बनाउने कानुनले व्यवस्था गरेको सुविधा उपलब्ध गराउन पनि उद्योग मालिकको इच्छा र चाहनामा निर्भर रहने स्थिति विद्यमान छ । एर्कातर्फ प्राप्त गरेको रोजगारी छोड्न पनि नसक्ने, छोडेमा पनि अन्यत्र काम पाउन कठिन हुने र कतिपय रोजगारीबाट पारिवारिक पालन पोषण गर्न समेत मुस्किल भएको अवस्था औद्योगिक श्रमिकहरूमा देखिन्छ । साथ साथै यिनीहरूले प्राप्त गरेको रोजगारी, रोजगारीबाट उनीहरूको जीविकामा आएको परिर्वतन र भोगिरहेका समस्याहरू एवं समाज तथा देशमा यसबाट परेका प्रभावहरूलाई समेत अध्ययन गरी विषयवस्तुमा आधारित रहेर यो शोधपत्र तयार पारिएको छ ।

यो शोधपत्र मकवानपुर जिल्लाको हेटौँडा नगरपालिका अर्न्तगतको हेटौँडा औद्योगिक क्षेत्रमा रहेका हाल चालु ५० वटा उद्योग र त्यहाँ कार्यरत श्रमिकहरूको वर्तमान स्थितिको अध्ययन अनुसन्धान गरी तयार गरिएको छ । वि.स. २०२० सालमा स्थापना भएको यस औद्योगिक क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका उद्योगहरू र श्रमिकहरूको रोजगारीको अवस्थाको अध्ययन सहित उनीहरूको समस्या समेत खोतल्दै देखिएका समस्याहरूको समाधानका उपायहरू समेत उल्लेख गरी यो शोधपत्र तयार गरिएको छ ।

### १.२ समस्याको कथन

तीव्र औद्योगिक विकास नभएसम्म रोजगारी विकास गर्न र गरिबी न्यूनीकरण गर्न सकिँदैन । नेपालमा औद्योगिक विकास प्रारम्भ भएको विगतको ६ दशक बिचमा औद्योगिक विकासको स्तर अझै पनि सुस्त रहेको छ र उच्च प्रविधियुक्त उद्योग कलकारखानाहरूको अझै पनि पर्याप्त विकास हुन सकेको छैन । नेपालमा सञ्चालित उद्योगहरू श्रमिक शक्तिमा नै निर्भर रहेको र श्रम शक्ति उत्पादनको महत्त्वपूर्ण अङ्ग रहेको छ । विभिन्न उद्योग प्रष्तिठानहरूमा पुरूष तथा महिलाहरू कपडा बुन्ने, सिलाउने उन कात्ने, गलैंचा बुन्ने, भाँडाबर्तन बनाउने, निर्माण सामाग्री उत्पादन गर्ने लगाएतका कामहरू गर्ने गर्दछन् । कामदारहरूको दक्षता, क्षमता र सिपबाट नै वस्तुहरूको स्तरीयता र गुणस्तर निर्धारण हुन्छ ।

कुनै पनि देशको औद्योगिक विकास स्वतस्फूर्त रूपमा हुने विषय होइन । यसको विकासमा विभिन्न तत्त्वहरूले प्रभाव र भूमिका खेलेको हुन्छ । प्रभाव पार्ने महत्त्वपूर्ण साधनहरूमा यातायात, सञ्चार, कच्चा सामग्री, विद्युत, पानी, भवन, औद्योगिक अवस्था, राज्यको भूमिका आदि महत्त्वपूर्ण पक्ष रहेको हुन्छ भने श्रम अर्थात् दक्ष जनशक्ति पनि एक महत्त्वपूर्ण अङ्गको रूपमा रहेको छ । श्रम एक जीवन हो र श्रमबिना परिवर्तन सम्भव छैन । जीवनका हरेक पाइलामा, समाजमा र सिङ्गो जगतमा नै श्रमको ठुलो महत्त्व रहेको छ । श्रमको विकाससँगै सभ्यता संस्कृति गाँसिनुका साथै श्रमसँग उत्पादन, निर्माण र विकास जोडिएको हुन्छ । त्यसैले श्रम शक्ति आफैमा एक सम्मानित पक्ष हो । न्यायपूर्ण एवं शोषणमुक्त श्रम सम्बन्धले समाजलाई विकास र ऊन्नतिको पथमा डोहोऱ्याएको हुन्छ भने शोषणमूलक सन्बन्धले विनाश र विपत्ति निम्त्याई समाज र राष्ट्र अधोगतिमा झर्न पुग्दछ । जुन राष्ट्रमा श्रम सम्बन्ध असल रहेको छ ती राष्ट्रहरू निरन्तर ऊन्नतिको मार्गमा अगाडि बढिरहेको कुरा आज विश्वका अन्य मुलुकहरूको औद्योगिक विकासले स्पष्ट पारिसकेको छ (स्थापित, १९८४) ।

नेपाल औद्योगिक विकासमा धेरै पछाडि परेको छ तर पनि विभिन्न औद्योगिक क्षेत्रहरू घोषणा गरी उद्योग कलकारखाना खुल्ने क्रम बढ्दै गएको छ । यसरी रोजगार प्राप्त गर्ने कामदारको जीवन सञ्चालन गर्ने र बाँच्ने आधार भनेको यही श्रम हो । पुरूष तथा महिला कामदारहरू कारखानामा कपडा बुन्ने, गलैंचा बुन्ने, भाँडाबर्तन बनाउने, ऊन काट्ने, ईट्टा, सिमेन्ट, रड इत्यादि निर्माण सामाग्रीहरू उत्पादन गर्ने काममा संलग्न छन् । यथार्थमा नेपालका अधिकांश उद्योगहरू मानव साधनबाट नै सञ्चालित छन् । उत्पादित वस्तुहरूको स्तरीयता, गुणस्तरता कामदारहरूको दक्षता, क्षमता र सिपमा निर्भर रहेको छ । तसर्थ कामदार भनेको उद्योगका मेरूदण्ड हुन् । यिनीहरूलाई उचित पारिश्रमिक दिनुका साथै उनीहरूलाई पेसागत हक र अधिकारबाट वञ्चित गराउनु हुँदैन । यस वर्गको ठुलो भूमिका र महत्त्व हुँदाहुँदै पनि नेपालमा अझै पनि उनिहरूलाई उपेक्षा र तिरष्कार गर्ने, उचित पारिश्रमिक र पेसागत सुरक्षाको अभाव रहने, सामाजिक सुरक्षा तथा मर्यदा नहुने, आफ्नो श्रमबाट जीवन यापन गर्न कठिन हुने, जस्ता विभिन्न समस्याका बिच अझै पनि नेपाली श्रमिकहरू बाँच्न विवश छन् । कतिपय क्षेत्रका श्रमिकहरू आफ्ना समस्या र गुनासोलाई प्रकट नगरी मालिकको चर्को शोषण सहन बाध्य छन् । कुनै पनि श्रमिकले तोकेको ज्याला पाउने र मर्यादित जीवन जिउन पाउने उसको नैसर्गिक अधिकार हो । मजदुरहरूको हक अधिकार संरक्षणका लागि आज विभिन्न श्रम सङ्गठन खोलिएको छन् । पेसागत अधिकारको आवाजहरू उठिरहेका छन् । यसैगरी विभिन्न अन्तराष्ट्रिय सङ्घसंस्था, गैर सरकारी संस्थाहरू लगायत देशका राजनैतिक दलहरूले श्रमिकहरूको बारेमा चासो र चिन्ता व्यक्त गरेका छन् । विभिन्न ठाउँबाट पहल गर्दा पनि कामदार सम्बन्धी नीति निर्माण भई लागू भएको वर्तमान अवस्थामा कतिपय समस्याहरू अझै पनि जटिल रूपमा रहेका छन् (माथुर, १९९३) ।

आजको एक्काइसौं शताव्दी औद्योगिकीकरणको शताव्दी हो । नेपालमा पनि औद्योगिकीकरणको विकास क्रमिक रूपमा भैरहेको छ । यसले स्थानीय स्तरमा समेत रोजगारी सिर्जना गरी देशका बेरोजगारी समस्यामा केही सहयोग भएको छ । यद्यपी औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकहरू एवं तिनीहरूका अवस्थाका बारेमा विभिन्न समस्याहरू देखिएका छन् । अधिकांश समय काममा खटिरहँदा पनि उनीहरूको जीवन स्तरमा खासै सकारात्मक परिवर्तनहरू देखिएको छैन । उनीहरूका जीवनस्तर अझै दयनीय देखिएको छ । यस अवस्थामा रहेको श्रमिकहरूको जीवन स्तरमा परिवर्तज ल्याउन रोजगार दाता (उद्योगी) तथा सरकारको के

कस्तो भूमिका रहन्छ ? प्रचलित श्रम कानुनहरूले श्रमिकहरूलाई उपलब्ध गराएको अधिकार प्रति उनीहरूको के कस्तो धारणा रहेको छ ? औद्योगिक श्रमिकहरूको वर्तमान सामाजिक आर्थिक अवस्था के कस्तो छ ? मूलत यस शोध अध्ययनमा निम्न समस्याहरूलाई अध्ययनका प्रमुख विषयको रूपमा लिई खोज अध्ययन गरिएको छ :

१) औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था के छ ?

२) श्रमिकहरू आफ्नो श्रम र ज्यालाप्रति के कति सन्तुष्ट छन् ?

४) रोजगारदाता र श्रमिकहरू बिचको सम्बन्ध के कस्तो छ ?

५) विभिन्न समस्याबाट गुज्रिएका कामदारहरूको जीवन कसरी चलेको छ र आफ्ना समस्या समाधानका लागि उनीहरूका उपाय र सोचाइहरू के रहेको छ ?

### १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनका विभिन्न उद्देश्य रहेको हुन्छ । उद्देश्यविहीन अध्ययनको कुनै औचित्य र सार्थकता रहँदैन । नेपालको औद्योगिक विकास बामे सर्दै गरेको अवस्थामा छ । विकासका पूर्वाधारहरू अहिले पनि पर्याप्त मात्रामा उपलब्ध हुन सकेका छैनन् । जबसम्म पर्याप्त पूर्वाधार विकास हुँदैन तबसम्म औद्योगिककरण हुन सक्तैन । औद्योगिकीकरणको अभावमा एकातर्फ प्राकृतिक साधन र स्रोतहरू मानवहितका निमित्त परिचालन हुन सक्तैन भने अर्को तर्फ जनताका श्रम सिप र दक्षता प्रयोग हुन सकी बेरोजगार र गरिबीको जीवन जिउन बाध्य हुनु पर्दछ । देशमा औद्योगिकीकरणलाई आर्थिक क्रान्तिको रूपमा द्रुत गतिमा अगाडि बढाई मानव साधन, श्रम, सिप र भूमिकालाई सदुपयोग गरी अधिकतम् रोजगारीको अवसर सिर्जना गर्नु, श्रमिकलाई उचित प्रतिफल दिनु, उनीहरूको समस्यालाई निराकरण गर्नु आज राष्ट्र र सरकारको दायित्व रहेको छ । यस शोधपत्रमा हेटौँडा औद्योगिक क्षेत्रभित्र भएको औद्योगीकरणबाट स्थानीय रोजगारीको अवस्थाबारे अध्ययन गर्नु उद्देश्य रहेको छ ।

१) औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था पत्ता लगाउनु,

२) उद्योगभित्र रोजगारीको अवसर र चुनौती पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्त्व र औचित्य

हरेक अध्ययनको **उद्देश्य** रहे जस्तै अध्ययनको आफ्नै औचित्य पनि हुन्छ । औचित्यविहीन अध्ययनले कुनै सरकारात्मक मार्ग निर्देशन पनि सक्तैन ।

श्रमिक वर्ग जो तमाम भौतिक आवश्यकताका वस्तु निर्माण गर्ने मेहनतकस वर्ग हो । श्रमिक वर्गले नै आफ्नो श्रम र सिपबाट नयाँ नयाँ वस्तु निर्माण गर्दछ र दैनिक मानवीय आवश्यकता परिपूर्ति गर्दछन् । श्रम र सिपको क्रमिक विकासबाट नै मानव सभ्यता ढुङ्गे युगबाट विकसित हुँदै आजको सभ्य समाजमा रूपान्तरण हुँदै आएको छ । समाजमा यो वर्ग जति आवश्यक र उपयोगी छ, त्यतिकै शोषित र उपेक्षित पनि छ । हाम्रो जस्तो विपन्न र विकासोन्मुख मुलुकमा यो वर्ग अझै शोषित छ । श्रमिकहरूले गर्ने कठोर श्रमको मूल्य न्यून रहेको छ । पर्याप्त कानुन तथा सामाजिक सुरक्षाको अभाव, चर्को श्रम शोषिण एवं न्यून आयका कारण श्रमिकहरूको आर्थिक सामाजिक जीवन दयनीय रहेको छ ।

हेटौँडा औद्योगिक क्षेत्र मुलुककै मध्य भागमा रहेकोले विभिन्न क्षेत्रबाट आई श्रमिकहरू औद्योगिक उत्पादनमा संलग्न छन् । अधिकांश पुरूष कामदार र कतिपय उद्योगहरूमा महिला कामदारहरू कार्यरत रहेको यस क्षेत्र औद्योगिक विकासका लागि भौतिक पूर्वाधार तथा भौगोलिक विशेषताका कारणले समेत उपयुक्त स्थलका रूपमा परिचित छ । यस महत्त्वपूर्ण क्षेत्रलाई आधार मानी यस क्षेत्रलाई अझै विकास र विस्तारका निमित्त अनुकूलता प्रतिकूलता, अवसर चुनौतीहरू के के छन् भन्ने अध्ययनका निमित्त पनि यो शोधपत्रले महत्त्व राख्दछ ।

यस अध्ययनमा हेटौँडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरूमा कार्यरत कामदार तथा मजदुरलाई उपलब्ध गराएका सुविधाहरू, उनीहरूका समस्या, व्यवधानहरू के कस्ता रहेका छन् । उनीहरूको हक हित र अधिकारलाई सङ्घ, संस्था, सङ्गठन, नेपाल सरकारको औद्योगिक नीति नियम, प्रचलित कानुन र यसको कार्यान्बन आदि विषयहरूको प्रभावकारिता अध्ययन र तथ्य सङ्कलन गरी आवश्यक सल्लाह सुझाव दिन पनि यस अध्ययनले विशेष महत्त्व राख्दछ ।

नेपालको औद्योगिक विकासमा विभिन्न उद्योगहरू स्थापना भई हजारौँ कामदारहरूलाई रोजगारी प्रदान गर्दै प्रत्यक्ष व्यापार, व्यवसाय, रोजगारी स्थानीय विकास आदिमा उल्लेखनीय योगदान गर्दै आएको यस औद्योगिक क्षेत्रमा श्रम गर्ने श्रमिकहरूका बारेमा अध्ययन गरी सत्य

तथ्य विवरणहरू प्रकाशमा ल्याउनु आफैमा विशेष महत्त्व राख्दछ । यस औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था, रोजगारीबाट उनीहरूको आर्थिक सामाजिक जीवनमा पारेको प्रभाव, रोजगारीबाट कति सन्तुष्ट छन् लगायतका बारेमा खोज अनुसन्धान कमै मात्रा भएकोले यस अनुसन्धानबाट आगामी दिनमा यसबारे थप अनुसन्धान गर्ने व्यक्ति वा सङ्घ संस्थालाई थोरै भए पनि सहयोग अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सङ्गठन

यस शोधपत्रमा हेटौँडा औद्योगिक क्षेत्रभित्र कार्यरत श्रमिकहरूको बारेमा गरिने अध्ययन अनुसन्धानलाई मुख्यत: निम्न ६ अध्यायमा सङ्गठित गरी विभिन्न शीर्षक उपशीर्षक राखी व्याख्या गरिएको छ ।

१) अध्याय एक : यस अध्याय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, विषय अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको सङ्गठन साथै श्रमिकहरूको सम्बन्धमा विभिन्न दृष्टिकोणबाट व्याख्या गरिएको छ ।

२) दोस्रो अध्यायमा : अध्ययनसँग सम्बन्धित साहित्यका बारेमा विभिन्न विचारकहरूका विचारलाई समेटिएको छ । त्यसै गरी श्रमिकहरूका सम्बन्धमा विभिन्न सङ्घ संस्थाहरूले उल्लेख गरेका सन्दर्भहरूको अध्ययन एवं समीक्षा गरिएको छ ।

३) अनुसन्धान पद्धति : यस तेस्रो अध्यायमा यस शोध अध्ययनका लागि अनुसन्धान विधि, अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति नमूना, तथ्याङ्क सङ्कलन पद्धति र तथ्याङ्क विश्लेषण समावेश गरिएको छ ।

४) अध्ययन क्षेत्रको परिचय : यस चौथो अध्यायमा अध्ययन क्षेत्र मकवानपुर जिल्लाको हेटौँडा औद्योगिक क्षेत्रको अवस्थिति, यसको क्षेत्र, उपलब्ध सुविधाहरू एवं स्थानीय विकासमा परेको प्रभाव उल्लेख गरिएको छ ।

५) अध्याय पाँच : तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण: यस पाचौँ अध्यायमा प्राप्त तथ्याङ्क विश्लेषण गर्दै श्रमिकहरू को जीवनमा औद्योगिकीरणको प्रभाव र उनीहरूको सामाजिक आर्थिक हैसियत अवस्था उल्लेख गरिएको छ ।

६) अध्याय : छ यस अन्तिम अध्यायमा शोध अनुसन्धानको सारांश सहित निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# साहित्य समीक्षा

## २.१ पूर्व साहित्य समीक्षा

मजदुरको परिभाषालाई लिएर विभिन्न विद्वान्हरूले आआफ्ना धारणा व्यक्त गरेको पाइन्छ । द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका १९४४ मा मजदुरलाई यस प्रकार परिभाषित गरिएको छ : "मजदुर शब्द र कार्यले ती सबैलाई समावेश गर्दछ जो लाभ प्राप्त गर्नको लागि काम गर्दछन् अथवा तिनीहरू पेसा गर्ने पेसामा लगाउने अथवा आफै पेसायुक्त रोजगारी हुन् वा पेसा खोजिरहेका बेरोजगारी पनि हुन सक्छन् ।" त्यसैगरी मजदुरलाई अमेरिकाको इन्साइक्लोपेडिया १९५६ ले यसरी परिभाषित गरेको छ : "यो आफ्नै प्रयासको प्रभाव भन्दा कुनै पनि वस्तुको आर्जन वा प्राप्तिका लागि मानिसद्वारा शारिरिक वा मानिसिक रूपमा गरिएको प्रयासलाई नै मजदुर कार्यको रूपमा  चिनिन्छ ।"

मुलुकलाई औद्योगिकीकरण तर्फ लैजानको लागि मुख्यत: दुई पक्ष उद्योग वा प्रतिष्ठान र कामदार यी दुई पक्षको संयोजन र महत्त्व रहेको हुन्छ । वर्तमान श्रम ऐन २०४८ औद्योगिक क्षेत्रका अलवा वाणिज्य लगायत सेवा प्रदान गर्ने अन्य प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरूको सम्बन्धमा समेत लागू हुने गरी निर्माण भएको पाइन्छ । प्रतिष्ठानको परिभाषामा सेवा सञ्चालन गर्ने र सङ्गठन संस्था जस्ता शब्दहरू परेका र ती शब्दले उद्योग र व्यापारको क्षेत्रभन्दा पर विभिन्न किसिमका सेवाहरू सञ्चालन गर्ने सामाजिक सङ्घ संस्थाहरू समेत समावेश गर्ने गरी अर्थ दिन्छन् । त्यसै गरी कामदार भन्नाले श्रम ऐन २०४८ को दफा २ (घ) मा प्रतिष्ठानको उत्पादन कार्य वा सेवा प्रदान गर्ने कार्य वा सो कार्यको निमित्त प्रयोग भएको घर जग्गा मेसिनरी वा त्यसको कुनै भागमा कार्य गर्ने सम्बन्धित काम वा अरू कुनै आकस्मिक काम गरे वापत पारिश्रमिक वा ज्याला दिई काममा लगाइएको व्यक्ति सम्झनुपर्दछ । उक्त शब्दले पिसरेट, ठेक्का, वा करार अन्तर्गत काम गर्ने कामदारलाई समेत जनाउँदछ  (ओझा,२०५७) ।

आधुनिक औद्योगिक युगमा मजदुरले मानवीय भौतिक आवश्यकता परिपूर्तिका लागि विभिन्न वस्तु उत्पादन गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । मजदुर नै उत्पादान श्रम शक्तिको महत्त्वपूर्ण अङ्ग हो । हरेक प्रकारको वस्तु उत्पादन गरी आवश्यकता अनुसारको

वस्तु तथा सेवा प्रदान गर्ने वर्ग हो । घरको कामदेखि अन्यत्र स्थानसम्म उसले आफ्नो श्रम र सेवालाई सकेसम्म अनुकूल बनाएर बेच्दछ, ठिक त्यसै गरी उपभोक्ताको रूपमा उसले मानवका अतृप्त आवश्यकता र इच्छाहरूलाई आफ्नो सीमित आम्दानीभित्र रहेर सन्तुष्टि दिने काम गर्दछ । त्यसै गरी उसको आफ्नै व्यक्तिगत जीवन हुन्छ , जहाँ ऊ आत्मसम्मान, आफ्नो संस्थाबाट सम्मान चाहन्छ । उसले एउटा कामको स्वच्छ वातावरण र फुर्सदको समयमा आनन्द लिन चाहन्छ (बुटर १९७६) ।

विभिन्न दृष्टिकोणबाट दिएका परिभाषालाई हेर्दा मजदुरका विभिन्न विशेषता र चरित्रहरू रहेका हुन्छन् । मजदुरहरूमा व्यक्तिगत विशेषता फरक भए जस्तै पारिश्रमिक तथा आम्दानीको स्रोतमा पनि पर्याप्त भिन्नता रहेको हुन्छ । यद्यपि एउटा काम गर्ने मजदुरमा गरिने ज्यालामा भिन्नता प्रमुख होइन, बरू विभिन्न क्षेत्रमा कामदारहरूको सेवा, अवसरहरूमा गरिने असमानता नै ठुलो मानिन्छ । विशेषगरी प्रौढ, पुरूष, महिला र गोरा कामदारहरूले आफ्ना इच्छा अनुसारको पेसा र आम्दानीमा बढी जोड दिनुको साथै र आनन्दित पनि रहेका हुन्छन् तर युवायुवति र उपेक्षित कामदारहरू भने धेरै परिश्रम गर्नु पर्ने र थोरै आम्दानी हुने काममा बढी सङ्ख्यामा लगाइएको पाइन्छ । यो उनीहरूको बाध्यात्मक स्थिति हो (टि.एन.बी. १९७६) ।

औद्योगिक क्षेत्रमा मानवहरूको सम्बन्ध कहिलेदेखि भएको हो यकिन भन्न नसकिए पनि १९ औं शताब्दीमा इङ्गल्यान्डमा तीव्र विकास भएका उद्योगहरूले मानिसहरूको सम्बन्ध यस क्षेत्रमा घनीभूत भएको पाइन्छ । त्यस बेला उद्योगहरूमा प्रविधिभन्दा मानव शक्ति बढी प्रयोग हुने हुँदा कामदारहरू ज्यादै धेरै हुन्थे भने रोजगार भने थोरै हुन्थ्यो । तात्कालीन अवस्थामा पनि विभिन्न लेखकले राजनीतिक र आर्थिकरूपमा मजदुर माथि हुने शोषकका बारेमा प्रकाश पारेका थिए । औद्योगिक विकासको क्रममा अमेरिकाको भने सन् १९२० पछि द्रुत गतिमा मानिसहरूको ठुलो हिस्सा मजदुरी कार्यमा सहभागी भएको पाइन्छ । दक्षिण एसियाली राष्ट्रहरूमा भने भारतमा अङ्ग्रेजहरूको छत्रछाँया लामो समय रह्यो । अङ्ग्रेजहरूको औपनिवेशिक शासनकालमा भारतमा औद्योगिक गति बाल्यावस्थाबाट बिस्तारै उठ्यो । तर यो केवल लामो अवधिसम्म सहरी क्षेत्र र राजधानीमा मात्र केन्द्रित हुन पुग्यो । नेपालको सन्दर्भमा भने उद्योगहरू धेरै पछि आएर मात्र खुल्न पुगे । यहाँ उद्योगको लागि चाहिने वातावरण, सुविधा, औद्योगिक नीति, नियम, निजी लगानी आदि सन्तोषप्रद हुन सकेन । जसले गर्दा नेपालको निजी क्षेत्र ज्यादै उपेक्षित हुन पुग्यो र फलस्वरूप वि.सं. १९९० पछि आएर बल्ल

उद्योगहरू खुल्ने क्रमको सूत्रपात भएको हो । विकासको क्रमसँगै हाल निजी र सरकारी स्तरबाट विभिन्न प्रयास एवं लगानी यसतर्फ भएको छ । थुप्रै मजदुरहरू हाल यिनै उद्योग व्यवसायीसँग सम्बन्धित रहेका छन् (पाण्डे १९८२) ।

आधुनिक उद्योगमा मानव सम्बन्धलाई हेर्दा फिलाडेल्फियाको घोषणाबाट यो पुष्टि हुन्छ कि सबै मानव जातिहरूमा समान अवसर, स्वतन्त्रताको पालना गर्ने, मानव विकास र आत्म विकास गर्ने अधिकारको प्राप्ति सम्भव हुनुपर्छ । जहाँ अनादरको गति, र लिङ्गभेद हटाई मानव विकास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवैधानिक हुनुपर्दछ । जब सन् १९४४ मा यो प्रस्ताव सम्मेलनमा पेस गरियो, त्यसपछि एउटा क्रान्तिको सुरूवात भयो । खासगरी विकासोन्मुख देशहरूमा दवाव दिइएको  थियो । यो सम्मेलनमा गरिबीलाई उन्मूलन गर्ने लक्ष्य लिइएको थियो तर त्यो कार्य गर्ने साधन अधुरै रह्यो (रेग्मी, १९९६) ।

विभिन्न स्रोत र सामाग्रीहरूको अवस्थालाई विकास गर्ने आर्थिक नीति र सामाजिक गतिविधिलाई सङ्गठित गर्नु आवश्यक हुन्छ । जसले व्यक्तित्वका लागि मानव समानता र मर्यादालाई डोहोऱ्याउँछ तब मात्र औद्योगिक क्रान्तिमा मानव सम्बन्धको आवश्यकताको बारेमा कुरा गर्नु सार्थकता हुन आउँछ । वास्तवमा मानव कल्याण नै पुल हो जसले व्यवस्थापक र मजदुर बिचको गहिरो खाडल हटाउने उद्देश्य राख्दछ र यसलाई केवल कानुन विज्ञहरूको प्रयासबाट मात्र पुरा गर्न सकिँदैन । तसर्थं कामदारहरूको कल्याण गर्नु राष्ट्रको प्रमुख दायित्व हो । यिनीहरूलाई उपेक्षा र उदासीनता देखाउनु हुँदैन । हामी एक्काइसौं शताव्दीमा पनि एउटै खुट्टामा ऊभिएर बाँच्न र रहन सक्दैनौं, जसरी अठारौं शताव्दीमा रहेका थियौं । समयसँगै हाम्रा माग र आवश्यकता बढ्दै र थुप्रँदै छन् । त्यसकारण हाम्रो सिप र प्रयोगले समाजमा गतिशीलता र विद्रोहात्मक धारणाको विकास भएको छ (रेग्मी, १९९६) ।

आजको वैज्ञानिक अनुसन्धान प्राचीन ज्ञानमा आधारित रहेको हुन्छ । अध्ययनलाई बेवास्ता गरिनु हुँदैन किनकि तिनिहरूले वर्तमान अध्ययनमा ठुलो सहयोग पुऱ्याउँछ । अर्को शब्दमा भन्नु पर्दा अध्ययन निरन्तर हुनुपर्दछ, निरन्तरता बिना कुनै पनि अध्ययन अनुसन्धान सम्भव हुँदैन । तसर्थ प्राग अनुसन्धान र वर्तमान अध्ययनलाई संयक्त रूपमा संयोजन गरेको खण्डमा मात्र अध्ययनलाई निरन्तरता प्रदान गर्न सकिन्छ (उल्फ र पन्त १९९९) ।

निश्चय पनि श्रम प्रवाहले सम्पूर्ण ज्ञाताहरूलाई ध्यानाकर्षण गर्ने गरेको विगतमा देखिएको थियो । जसमध्ये विभिन्न ज्ञाता, व्यक्ति, संस्था, श्रम र श्रम प्रवाहले गरेको एक छोटो समयमा निरिक्षण अध्ययन र अनुसन्धानलाई यहाँ उल्लेख गरिएको छ ।

मरकान्टालिस्टिक जसले उत्पादनका विभिन्न क्षेत्रहरूमा सहयोगी भूमिका निभाउँदै आएको छ, त्यसले पनि श्रमलाई प्रमुख महत्त्व दिएको थियो । आर्थिक वृद्धिको प्रमुख आधार नै मानवको पूर्ण रोजगार र प्राकृतिक स्रोतलाई लिइएको थियो । आखिर जे भए पनि ज्यालादारीमा काम गर्नेहरूको सम्बन्धमा भने यसले मान्यता पाउन सकेन किनकि तिनीहरूको बहुमतले न्यून ज्याला नीतिलाई समर्थन गरेको छ । यसको निहित उद्देश्य खरिद मूल्य घटाउने र वैदेशिक व्यापारको मागलाई बढाउने देखिन्छ । विमति समूह जसले ज्याला नीतिलाई बचाउन कामदारका सामु पुन: वितरण गरी अनुप्रमाणी गर्ने र रोजगारीमा वृद्धि गर्ने कार्य सुरु गरे तर चर्को ज्यालाको अनुकूल प्रभावले गर्दा नै कामदारको उत्पादकत्वमा राम्रो स्वास्थ्य र जीवन निर्वाहमा सुधार आएको कुरालाई यी लेखकहरू कहिल्यै मान्न तयार भएनन् (च्याम्बरलिन, १९५८) ।

सामाजिक अर्थशास्त्रमा लकको महत्त्वपूर्ण योगदान रहेको छ । उनले मूल्यमा आधारित श्रम, सद्धान्त, माग र विनिमय सिद्धान्तका बारेमा प्राकृतिक व्याख्या गरेका छन् । लकको मूल्यमा आधारित श्रम र सिद्धान्त उसको सम्पति सिद्धान्तको तार्किक नतिजा हो । सम्पति व्यक्तिको प्राकृतिक अधिकार हो । व्यक्तिले आफूलाई आवश्यक प्राकृतिक वस्तुमाथि श्रमको प्रयोग गरी आफ्नो सम्पति बनाउँछ । उनको भनाइ अनुसार श्रमले सम्पूर्ण वस्तुमा भिन्नाभिन्नै मूल्य राखेको हुन्छ (पाउल १९९२) ।

मजदुर र श्रमको सम्बन्धमा प्रसिद्ध अर्थशास्त्री आदम स्मिथले उत्पादनमूलक श्रमको बारेमा दुई वटा परिभाषा यसरी दिएका छन् :

क) त्यो मजदुर उत्पादनकारी हो जसले खपत अथवा मजबुत सामानहरूको उत्पादन गर्दछ ।

ख) त्यो मजदुर उत्पादनकारी हो जसले उत्पादनको मूल्यमा थप गर्दछ ।

उत्पादन श्रमको गुण श्रम विभाजनद्वारा वृद्धि गरिन्छ, कामलाई विभिन्न तहमा विभाजन गरी श्रम विभाजनले कार्यभारको विशिष्टीकरण गर्दै उत्पादनमूलक श्रममा वृद्धि गरेको छ । (कोनान १९७७) ।

यसै गरी अल्फ्रेड मार्सलले मजदुरका बारेमा विभिन्न उत्पादकत्वको रूपमा विशिष्ट गुणहरूलाई उल्लेख गरेका छन्, जुन यस प्रकार छन् :

क) कामदारले उसको श्रम बेच्दछ तर उसले आफै आफ्नो सम्पति राख्दछ ।

ख) जब एउटा व्यक्तिले उसका सेवाहरू वेच्दछ र आफै ऊ जहाँ वितरण गरिएको छ, त्यहाँ उपस्थित हुनैपर्छ ।

ग) मजदुर मरणशील तथा नाशवान् हुन्छ ।

घ) सिपयुक्त मजदुरहरू थप पूर्ति गर्न लामो समय आवश्यक पर्दछ ।

मार्सलका लागि ज्याला भनेको मजदुरको लागि दिइने इनाम हो । श्रम भनेको दिमागी वा शारिरिक चेष्टा हो । मजदुरहरूले उत्पादकत्वमा काम गरेपछि उनीहरूलाई उपलब्ध हुने मूल्य र ज्यालाहरू सिधा रूपमा समानतामूलक हुनुपर्दछ र दक्ष श्रमले मूल्य तत्त्वको रूपमा काम गरेको हुन्छ ।

जब पुँजी क्षेत्रमा वृद्धि हुन्छ त्यसले श्रमलाई सम्पन्न क्षेत्रमा तान्दछ । यो स्वीकार गरिन्छ कि श्रमको असीमित प्रयोग नै सम्पन्न क्षेत्रको आधार हो । पुँजी क्षेत्रमा वास्तविक ज्याला दर कामदारले सम्पन्न क्षेत्रबाट के हासिल गरे त्यसको आधारमा निर्धारण गरिन्छ । सम्पन्न क्षेत्रमा अनुमानित उत्पादकत्वलाई हेरेर कामदारको पारिश्रमिक दिइन्छ (लिबिस १९५८) ।

मजदुरहरू नैतिक र धार्मिक हुनको लागि दैनिक श्रम गर्नु पर्दछ । (मिल १९८६) मजदुर बारे व्याख्या गर्दा कार्ल मार्क्सको नाम संसारमा स्वर्ण अक्षरले लेखिएको छ । मार्क्सले मजदुरका बारेमा विभिन्न प्रकारबाट विश्लेषण गरेका छन् । वस्तु उत्पादनमा श्रमिकहरूको भूमिका, मालिक वा पुँजीपतिले श्रमिकहरू माथि गर्ने शोषण, श्रमिकहरूले शोषण विरूद्ध लड्ने उपायहरू बारे विभिन्न बिवार र दर्शनहरू व्यक्त भएका छन् । मार्क्सले भनेका छन्, श्रम भनेको उत्पादन कार्य हो जुन मानव इच्छापूर्ति गर्नका लागि प्राकृतिक वस्तुलाई परिवर्तन गरी उपयोगमा ल्याउँदछ । श्रम भनेको व्यक्तिले त्यसलाई चलाउनका लागि गरेको कार्य मानेका छन् । उनले मजदुर र श्रमबारे गहन व्याख्या र विश्लेषण गर्दै विभिन्न सिद्धान्त प्रतिपादन गरेका छन् ।

मार्क्सको श्रम मूल्य सिद्धान्त (मार्क्सको श्रममूल्यको सिद्धान्त) अनुसार कुनै पनि वस्तुको मूल्य भनेको उत्पादन कार्यको लागि आवश्यक श्रम र यसमा आधारित वस्तुहरूको मूल्य

हो । यिनीहरूको गुण र क्षमतामा भिन्नता रहेको हुन्छ । सर-साटासाट मूल्यमा सामानहरू भने गुणत्मक रूपमा उस्तै प्रकारको हुन्छ, किनकि त्यहाँ प्रयोग गरिएको मानव श्रम विचार र बुद्धि भने समान प्रकारको हुन्छ तर पनि तिनीहरूको गुणात्मक रूपमा भने फरक छन् किनकि त्यसको उत्पादनका लागि फरक सङ्ख्यामा श्रमको आवश्यकता पर्दछ ।

मार्क्सको औद्योगिक सम्बन्धको सिद्धान्तमा उनले मजदुरहरूको दयनीय अवस्थालाई प्रर्दशित गरेका थिए । उनले निम्न वर्गिय श्रमजीवीहरूको कारूणिक अवस्थाको वृद्धि र औद्योगिक विकाससँगै व्यापार सङ्गठनको वृद्धि दरलाई जोडेका थिए । त्यसकारण उनले मजदुरहरूको सङ्गठनलाई बलियो बनाउन ज्यामीहरूलाई संरक्षण गर्दै भनेका थिए- "संसारभरिका मजदुरहरू एक होऔँ" मार्क्सले सचेत गराएका छन् कि आर्थिक फाइदाको खोजी व्यावसायिक सङ्गठनको अन्तिम लक्ष्य हुनु तिनीहरूको महत्त्व पुँजीवादी पद्धतिको उर्लँदो क्रान्तिका लागि सम्भाव्यतामा पर्दछ (मार्क्स १८६६) ।

यसबाट हामी के थाहा पाउछौँ भने मार्क्स पहिलो सामाजिक अध्ययनकर्ता थिए, जसले मजदुरहरूको राजनैतिक क्रियाको भूमिका चम्काउने कार्य गरेका थिए । उनले श्रम शक्तिलाई काम गरेको उमेर जनसङ्ख्याका आधारमा व्याख्या गरेका छन् । विकासको तह र यसको परिर्वतन दर श्रम शक्तिको अनुमानित उत्पादनबाट सूचित हुन्छ जसलाई आन्तरिक रूपमा जोडिएका विभिन्न तत्त्वहरूको नतिजाको रूपमा लिन सकिन्छ, श्रमशक्तिको अनुपात कार्यसँग जोडिएको हुन्छ । जुन दैनिक कार्य साथै मासिक दरमा आर्थिक रूपले सम्पन्न छन्, तिनीहरूको कार्य दक्षता वर्ष, प्राविधिक रूपमा रोजगारी उत्पादनका लागि पेसागत सक्रिय मजदुर शक्ति हो (मिरदल १९६८) ।

मजदुर व्यवस्थापनसँग सम्बन्धित कानुनले प्राचीन समयमा सम्पूर्ण सफलता हासिल गर्न सकेन । हुन सक्छ, यो पूर्णता होइन कारण यो आफै कानुनको कमजोरी र अपूरो कार्य हो । जे वर्णन छ त्यहाँ कानुन प्रदर्शनका बारेमा निराशाको क्षण पाइन्छ तथापि यो दुर्भाग्य हो किनकि कानुन बिना हामी केही गर्न सक्तैनौँ । औद्योगिक सम्बन्धका पद्धतिहरूमा मुख्य विवाद भनेको रोजगारीसँग सम्बन्धित तत्त्वहरूमा मजदुरका बोनस, विदा, काम गर्ने समय, स्वास्थ्य, सुरक्षित कल्याण, रोजगार सेवा-सुरक्षा, परिवर्तित कामको महत्त्व, व्यक्तिगत विवाद, ज्याला, तलब, बढुवा, अनुशासन र अवसर, सङ्गठन व्यापार आदि हुन् (श्रीवास्तव १९९५) ।

श्रमिक संस्था र तिनीहरूको भूमिका र नेपालको विकासका लागि आवश्यक परिवर्तन रूप रेखाको वर्णन गरिएको छ । उनले श्रम संस्था आर्थिक विकासलाई हेर्नका लागि जोड दिएका छन् । उनको मुख्य उद्देश्य भनेको श्रम संस्था र आर्थिक विकास अवधारणालाई विशेष जोड दिई अगाडि बढाउनु पर्छ । श्रम संस्था र आर्थिक विकासको विश्लेषण गर्नका लागि नेपालको परिवर्तन अवस्थालाई मध्यनजर राख्न जरूरी हुन्छ, जुन नेपालको वर्तमान आर्थिक परिस्थिति र राजनीतिसँग सम्बन्धित रहेको छ (म्याथुर १९९३) ।

नेपालमा दक्ष र अतिदक्ष जनशक्तिको अभाव छ । नेपालमा भएका केही दक्ष जनशक्ति पनि राम्रो कार्य र रोजगारीको खोजीमा विदेसिन थालेका छन् । अझ उनले उल्लेख गरेका छन् कि आर्थिक गतिविधिका दरले हरेक जनगणनामा महिला र पुरूषलाई विभिन्न कोणबाट असर गरिरहेको छ । नेपालका धेरै जसो जिल्लामा महिला कामदार ज्यादै न्यून रहेका छन् र समान काममा पुरूषको तुलनामा महिलालाई न्यून ज्याला दिइन्छ । मजदुरहरूका कल्याणकारी माग, इच्छा र चाहना आफ्नै समूहबाट पनि आएका हुन्छन् जसलाई सरकारले पूरा गर्नुपर्छ । जुन तुरून्त प्रयोगमा ल्याउन कठिन छ, त्यसमा कुनै शङ्का छैन, त्यसैले प्रयोगात्मक दृष्टिबाट समाधान गर्नका लागि सरकारबाट व्यवस्थित कदम चाल्नु पर्छ जसका लागि सक्रियताका लागि एक सर्वसमत समिति बनाउनु पर्छ जहाँ प्रमुख मजदुर प्रतिनिधिबाट बनाउनु पर्छ र व्यवस्थापन र कामदारहरूका प्रतिनिधि बराबर सङ्ख्यामा राख्नुपर्छ । यस समितिमा जस्तोसुकै समस्याको पनि छलफल गरिनेछ तर अन्तिम निचोड र निर्ष्कष भने सम्पूर्ण सदस्यहरूले पारित गरेपछि मात्र गरिनेछ ।

## २.२ अर्न्तराष्ट्रिय श्रम सङ्गठन

मजदुरहरूका सम्बन्धमा साहित्यिक अध्ययन गर्दा आई.एल.ओ.को भूमिका र महत्त्वलाई बिर्सन सकिँदैन । अर्न्तराष्ट्रिय स्तरमा नै मजदुरहरूको अवस्थामा सुधार ल्याउने र औद्योगिक विषयसँग सम्बन्धित महत्त्वपूर्ण तत्त्वलाई उठाउने उदेश्यले आई.एल.ओ. को स्थापना ११ अप्रिल १९१९ मा भर्सिलेजको सन्धि अनुसार भएको हो । यो सन् १९४६ डिसेम्बर १४ देखि संयुक्त राष्ट्र सङ्घको पहिलो विशिष्टीकृत सङ्गठन हो । सुरूमा ४५ सदस्य राष्ट्रहरूबाट आफ्नो सेवा प्रारम्भ भएको यस सङ्गठनको सदस्य सङ्ख्या १७१ पुगिसकेको छ । हाम्रो देश नेपालले पनि १९६६ मा यसको सदस्यता लिइसकेको छ । प्रभावकारी कार्य गरे बापत सन् १९६९ मा यस सङ्गठनलाई शान्तिको लागि नोबेल पुरस्कार प्रदान गरिएको थियो । स्विजरल्यान्डको

जेनेभामा प्रधान कार्यलय रहेको यस सङ्गठनमा विश्वभरि १०० भन्दा बढी राष्ट्रमा २००० कर्मचारी कार्यरत छन् (खनाल २००४) ।

स्थापना कालदेखि यस संस्थाले निरन्तर रूपमा मजदुरहरूलाई सचेत गर्दै उनीहरूका हकहित र अधिकारका विषयमा महत्त्वपूर्ण काम गर्दै आएको छ । यो सङ्गठनले सन् १९४४ मा फलाडेल्फियामा २६ औं सम्मेलन आयोजना गरी मजदुरहरूको हकहितमा देहायका धोषणा गरेको थियो, जुन आई.एल.ओ. को सिद्धान्तका रूपमा परिचित रहेको छ :

- श्रम भनेको कुनै वस्तु होइन ।
- वास्तविक प्रगतिका निम्ति अभिव्यक्तिको स्वतन्त्रता र सङ्गठित हुने अधिकार आवश्यक हुन्छ ।
- कुनै एक ठाउँको गरिबीले जहाँको पनि समुन्नतिमा खतरा पुऱ्याउँछ ।
- श्रम पुँजी सम्बन्धी कल्याणकारी कामको प्रर्वद्धनको लागि व्यवस्थापक र कामदारहरू दुबैलाई समान हैसियतका आधारमा छलफलमा भाग लिने र प्रजातान्त्रिक किसिमले निर्णय गर्ने अधिकार हुनेछ ।

यसरी यस फिलाडेल्फिया धोषणाले विश्वको सार्वभौमिक र स्थायी शान्ति स्थापनाको सामाजिक न्यायमा आधारित निम्नअनुसारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुरामा जोड दिएको छ :

क) कुनै भेदभाव बिना भौतिक समुन्नति, आध्यात्मिक विकास, स्वतन्त्रता र मर्यादाको लागि आर्थिक सुरक्षा र समान अवसर सबै मानव समुदायले प्राप्त गर्दछन् ।

ख) राष्ट्रिय अर्न्तराष्ट्रिय नीतिको मुख्य उद्देश्य ती सर्तहरूको प्राप्ति गर्नमा नै लक्षित हुनुपर्छ ।

ग) सम्पूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय नीतिहरू तथा लक्ष्यहरू आर्थिक र वित्तीय चरित्रको हुनुपर्छ जो मौलिक उद्देश्य प्राप्तिको प्रवर्धनमा बाधा पुऱ्याउने नभई सहयोग पुऱ्याउने हुनुपर्छ ।

घ) आर्थिक र वित्तीय नीतिहरू मौलिक उद्देश्य अनुरूप नै सञ्चालित भए नभएको कुराको जाँच गर्न र विचार गर्न अन्तर्राष्ट्रिय श्रम सङ्गठन जवाफदेही हुनेछ ।

ङ) आई.एल.ओ.ले यस्ता उद्देश्य प्रातिका लागि आर्थिक र वित्तीय नीतिको मात्र हैन तीसँग आबद्ध अन्य कुराको सम्बन्धमा आवश्यक सुझाव र सिफारिस गर्न सक्ने छ (आई.एल.ओ.२००८) ।

आई.एल.ओ.ले नेपाली जनशक्तिको सम्बन्धमा थुप्रै राम्रो काम गर्दै आइरहेको छ । जसमध्ये वर्तमान अध्ययनसँग सम्बन्धित विषयहरूलाई यहाँ उल्लेख गरिएको छ । सन् १९६६ मा आई.एल.ओ. ले रिपोट अन मेनपावर कवीशन इन नेपाल नामक लेख प्रकाशित गरेको थियो । जसमा भनिएको छ - नेपालको श्रम शक्ति मुख्यत : कृषिमा नै आधारित छ । यान्त्रिक उद्योगका रोजगारीका सम्बन्धमा रिपोर्ट भन्दछ - ती रोजगारी पनि अधिकांश ८०% ससाना घरेलु गाउँले परम्परागत कामदारसँग सम्बन्धित रहेका छन् । ज्यादै कम श्रम शक्ति मात्र आधुनिक यान्त्रिक उत्पादन क्रियामा संलग्न रहेको छ । आउने वर्षहरूमा आधुनिक यान्त्रिक उद्योग विकासका सम्भावित अवसर नेपालमा रहेको छ । जसले थुप्रै रोजगारका अवसरहरू सिर्जना गर्न सक्ने हुदाँ यसको महत्त्व नेपालको सन्दर्भमा ठुलो रहेको देखिन्छ ।

रिपोर्ट अझ अगाडि दर्साउँछ- गतिशील विकासका लागि शिक्षण, प्रशिक्षण जस्ता विभिन्न क्षेत्रमा द्रुत रूपमा विस्तार हुनुपर्दछ । नेपालका दक्ष कामदारहरू राम्रो प्रशिक्षणबाट अझै टाढा रहेका छन् । बेरोजगार जनशक्तिलाई कस्ता किसिमका रोजगार उपलब्ध गराउने, तालिम प्राप्त दक्ष कामदार, गरिब र अशिक्षित जनसमुदायलाई उपयुक्त पेसा उपलब्ध हुन सकेको छैन । नेपालका तराई प्रदेश, मुख्य सहरी केन्द्रहरूमा भएका औद्योगिक सेवाहरूमा पनि दक्ष कामदारहरूको खोजी गरिन्छ । त्यसलाई पनि छिमेकी राष्ट्रहरूबाट आउने कामदारहरूले मात्र पूर्ति गरेका छन् ।

सन् १९९६ को जुलाई १ देखि १० सम्म आई.एल.ओ.को मिसन भएको थियो । जसमा नेपालको तत्कालीन सरकारका नीतिको मूल्याङ्कन गर्दै जनशक्ति स्तरमा सरकारका उद्देश्यहरूको उजगार र मूल्याङ्कन गरेको छ, जसमा :

१. सिप विकास र रोजगारी वृद्धिबाट गरिबी उन्मूलन

२. समग्र औद्योगिक सम्बन्धको विकास

३. बालमजदुर र बाध्यकारी श्रमको अन्त्य

४. काम गर्ने ठाउँमा स्वास्थ्य सुरक्षा, सुरक्षित पेसा र काम गर्ने अवस्थामा सुधार

नेपालमा पनि उल्लेखित उद्देश्यहरूको निमित्त समस्याका ठाउँ पत्ता लगाऊन र ती समस्या समाधान गर्नका लागि पहल नभएको चाहिँ हैन । तर कामदारहरू भने आफ्नो कार्य क्षेत्रबाट आज पनि सन्तुष्ट हुन सकिरहेका छैनन् । कामदारहरूको उत्थान र विकासका लागि खोलिएका श्रम कार्यलय सङ्घ संस्थाहरूसँग केवल कमजोर पर्यवेक्षण मात्र रहेको छ (खनाल २००४) ।

नेपाली मजदुरहरूलाई सङ्गठित गर्दै उनीहरूका पेसागत तथा वर्गीय अधिकारप्रति सचेत र जागरूक गराउन विभिन्न सरकारी गैह्रसरकारी तथा स्वास्थ्य सङ्घ सङ्गठनहरू क्रियाशील छन् । विशेषत: ०४६/०४७ सालको जनआन्दोलन पछि यस किसिमका सङ्घ संस्थाहरू मजदुर क्षेत्रमा क्रियाशील रहेका छन् । ट्रेड युनियन ऐन २०४९ को व्यवस्थापछि सङ्घ सङ्गठनहरूले कानुनी हैसियत समेत प्राप्त गरेको हुँदा मजदुर क्षेत्रमा पर्याप्त वैधानिक गतिविधिहरू भैरहेका छन् । वितेका यी दुई दशक देशको श्रमिक आन्दोलनका अविस्मरणीय वर्षहरू छन् ( उपाध्याय,२०६६ ) ।

## २.३ औद्योगिक क्षेत्र र ट्रेड युनियनहरू : -

### २.३.१ नेपाल ट्रेड युनियन महासङ्घ ( जिफन्ट )

औद्यौगिक मजदुरहरूको उदयसँगै २००३ सालदेखि पूर्वी नेपालको विराटनगरबाट मजदुरहरू सङ्गठित हुने क्रम सुरू भयो । भारतको स्वतन्त्रता आन्दोलनमा त्यहाँका सोसलिस्टहरूले गरेको योगदानबाट प्रभावित भई नेपालमा पनि निरकुंश राणा साशनको अन्त्य र प्रजातन्त्रको स्थापनाको उद्देश्य सहित मजदुर युनियनको गठन भयो । २००७ सालमा विभिन्न मजदुर सङ्गठनहरूलाई एकत्रित गर्दै मनमोहन अधिकारी, नरबहादुर कर्माचार्य, नैनलाल बोहरा, महेशप्रसाद उपाध्याय, पञ्चानन्द दास जस्ता तत्कालीन युवाहरूको पहलमा अखिल नेपाल ट्रेड युनियन काङ्ग्रेसको स्थापना भयो । यस सङ्गठनले परिस्थितिबस खुला तथा अर्धखुला स्थितिमा काम गर्दै आयो । २०१७ सालमा एकदलीय पञ्चायती व्यवस्था लागू भएपछि स्वतन्त्र सङ्गठनहरूलाई प्रतिबन्ध लगाइयो । ०३५।०३६ सालको आन्दोलनसँगै २०३६ साल माघ १५-१८ मा बालाजु औद्योगिक क्षेत्रमा भएको मजदुरहरूको राष्ट्रिय भेलाले

औद्योगिक मजदुरहरूको सङ्गठन नेपाल स्वतन्त्र मजदुर युनियनको गठन गऱ्यो । एक दशक पछि २०४५ श्रावण ५ गते नेपाल स्वतन्त्र मजदुर युनियन लगायत अन्य ३ केन्द्रीय सङ्घ नेपाल स्वतन्त्र होटल मजदुर युनियन, नेपाल स्वतन्त्र ट्रेकिङ् मजदुर युनियन र नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन समेत ४ वटा केन्द्रीय सङ्घ मिलेर नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) को गठन भयो ।

यस महासङ्घ अर्न्तगत औपचारिक एवं अनौपचारिक क्षेत्रका ३० वटा विषयगत घटक आबद्ध छन् । ***श्रमजीवी वर्गको मर्यादित, समृद्ध र सिर्जनशील जीवन*** लक्ष्य रहेको ***सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनका लागि समाजवाद*** लक्ष्य प्रतिबिम्बत नारा रहेको छ । प्रतिष्ठान देखि नगर जिल्ला अञ्चल एवं केन्द्रसम्म साङ्गठनिक संरचना रहेको यस महासङ्घले ***दिगो शान्ति, स्थिरता र वर्ग आधारित समावेसी, सहभागितामूलक लोकतन्त्र*** यी तीनवटा प्रमुख पक्षलाई यसले मुख्य जोड दिएको छ (जिफन्ट प्रकाशन २०६५) ।

## २.३.२ नेपाल ट्रेड युनियन काङ्ग्रेस–स्वतन्त्र

वि.स. २००३ सालमा विराटनगरमा मजदुरहरूका आन्दोलन भयो । सङ्गठन स्वतन्त्रता र पेसागत अधिकार एवम् प्रजातन्त्रको स्थापनाको माग सहित मजदुरहरू आन्दोलनमा उत्रिए । भारतीय स्वतन्त्रता सङ्ग्रामबाट प्रभावित तात्कालीन नेपाली काङ्ग्रेस युवाहरू वि.पि. कोइराला, तारिणिप्रसाद, युवराज बिक, गिरिजाप्रसाद लगायतका युवा नेताहरूको पहलमा २००४ सालमा विराटनगर मजदुर सभा (बिडब्लुयु, १९४७) नामक संस्था गठन गरियो यो संस्थाले राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको साथै मजदुर हक हितका लागि आफ्नो कार्यक्रमलाई अगाडि बढाएको थियो । २०१७ सालमा एकदलीय पञ्चायती व्यवस्था लागू भएपछि सङ्घसङ्गठन माथि प्रतिबन्ध लाग्यो जसका कारण मजदुरहरूले पनि आफ्नो सङ्गठित हुने अधिकार गुमाए । २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना भए पश्चात २०४७ सालमा नेपाल मजदुर सङ्घलाई नेपाल ट्रेड युनियन काङ्ग्रेस नामकरण सहित पुर्नजागरणका साथ सञ्चालनमा आइरहेको छ । यस महासङ्घसँग विभिन्न पेसागत र वर्गका कामदार श्रमिक तथा कर्मचारीहरूको २६ वटा केन्द्रीय सङ्घहरू आबद्ध रहेका छन् । २०६४ सालमा नेपाल प्रजातान्त्रिक ट्रेड युनियन काङ्ग्रेस समेत आवद्ध भई नेपाल ट्रेड युनियन काङ्ग्रेस स्वतन्त्र नामकरण भएको छ । मजदुरहरूलाई सचेत र सङ्गठित गर्दै आएको यस सङ्गठनबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा समेत महत्त्वपूर्ण भूमिका रहेको छ ।

### २.३.३ अखिल नेपाल  ट्रेड युनियन महासङ्घ

२००३ सालदेखि नेपालमा औद्योगिक मजदुरहरूको सङ्गठित आन्दोलन प्रारम्भ भयो । यसै समयदेखि औद्योगिक श्रमिक हरूले सङ्गठन निर्माण गर्दै आफ्ना पेसागत तथा वर्गीय अधिकारका बारेमा मजदुरहरूलाई सचेत र सङ्गठित गर्दै २००८ सालमा अखिल नेपाल ट्रेड युनियन काङ्ग्रेसको गठन भयो । २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्था लागू भएपछि अन्य राजनैतिक दलहरू प्रतिबन्धित भए भने ट्रेड युनियनहरूलाई पनि साङ्गठनिक गतिविधि गर्न प्रतिबन्ध लगाइयो । २०२७/२०२८ सालमा मजदुर आन्दोलन भए तापनि नेपालका वामपन्थी राजनीतिक शक्तिहरू छिन्नभिन्न भएकाले यसको पनि ठुलो नकारात्मक प्रभाव मजदुर हरूमा देखियो जसले गर्दा ट्रेड युनियनहरू पनि विभाजित भए । २०३२ सालमा पुन: सङ्गठित हुँदै मजदुर आन्दोलन अगाडि बढे तापनि २०४६/२०४७ को जनआन्दोलन पछि मात्र अखिल नेपाल मजदुर सङ्घ, अखिल नेपाल ट्रेड युनियन सङ्घ र राष्ट्रिय मजदुर सङ्गठन बिच एकता भएपछि अखिल नेपाल ट्रेड युनियन महासङ्घको गठन भयो । २०४७ सालमा प्रथम राष्ट्रिय सम्मेलन गरी हालसम्म ४ वटा राष्ट्रिय सम्मेलन सम्पन्न गरेको यस महासङ्घमा उद्योग प्रतिष्ठनका श्रमिकहरूलाई सङ्गठित गर्दै हाल अखिल नेपाल औद्योगिक मजदुर सङ्घ, अखिल नेपाल यातायात होटल तथा रेस्टुरेन्ट मजदुर सङ्घ, नेपाल गार्मेन्ट तथा टेक्सटायल मजदुर सङ्घ लगायत अनौपचारिक क्षेत्रका कृषि, निर्माण ढुवानी, प्रेस आदि समेत गरी हाल सम्म ३० वटा घटक सङ्घहरू यस महासङ्घमा आबद्व भएका छन् (वेबसाइट आन्टफ डट कम डट एनपी) ।

माथिको पूर्व साहित्य समीक्षा हेर्दा सेवा तथा वस्तु उत्पादनमा श्रमको विशेष महत्त्व रहेको पाइन्छ । श्रमबाट नै प्राकृतिक स्रोतलाई मानव उपयोगी बनाउन सकिने र आयआर्जन एवं आर्थिक विकास गर्न सकिने स्पष्ट हुन्छ । सिप विकास र रोजगारी वृद्धिबाट गरिबी उन्मूलन हुन सक्छ । औद्योगिक विकास र विस्तारबाट रोजगारी अभिवृद्धि हुने र दक्ष श्रमशक्तिबाट मुलुकको आवश्कता परिपूर्तिमा ठोस सहयोग पुग्दछ ।

नेपालको सन्दर्भमा औद्योगिक विकास र विस्तारको इतिहास लामो नभएकोले औद्योगिक श्रमिकको अवस्था कमजोर नै रहेको छ । यद्यपि औद्योगिक विकास र श्रमिकहरूको उत्थानको लागि विभिन्न श्रम कानुनहरू तयार भएको, श्रमिकहरूको चेतना तथा सिप क्षमता अभिवृद्धिका लागि सरकारी एवं गैरसरकारी सङ्घसंस्थाहरू क्रियाशील रहेको पाइन्छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययनको ढाँचा

यो अनुसन्धान विवरणात्मक र व्याख्यात्मक ढाँचामा आधारित रहेको छ जसमध्ये विवरणात्मक अनुसन्धान ढाँचाले सामाजिक जनसाङ्ख्यिकी प्रस्तुत गर्न सहयोग गर्दछ भने व्याख्यात्मक अनुसन्धान ढाँचाले कारण र प्रभावको विश्लेषण, कार्यकरण सम्बन्ध व्याख्या गर्न सहयोग गर्दछ ।

यस भागमा मुख्यत: हेटौँडा औद्योगिक क्षेत्रभित्र रहेका उद्योग प्रतिष्ठानहरूमा कार्यरत श्रमिक कामदारहरूको बारेमा अनुसन्धान केन्द्रित रहेको छ । कामका विभिन्न प्रकृतिमा संलग्न यस औद्योगिक क्षेत्रका कामदारहरूको व्यक्तिगत आर्थिक एवं सामाजिक अवस्थालाई अध्ययनको प्रमुख विषय बनाई विवरणात्मक एवं विश्लेषणात्मक विधिलाई अँगाली अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई बढी महत्त्व दिइएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य

श्रमिकहरूको श्रमबिना वस्तु उत्पादनको कल्पना पनि गर्न सकिँदैन । श्रमिक कामदारहरू नै उद्योग कलकारखानाको मेरूदण्ड हुन् । नेपालका विभिन्न क्षेत्रमा निजी, सरकारी तथा बहुराष्ट्रिय उद्योग प्रतिष्ठानहरू खुल्दै गइरहेको छन् । उद्योगहरूको व्यवस्थित सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारहरू तयार गर्दै मुलुकका विभिन्न भागमा हाल सम्म ११ वटा औद्यौगिक क्षेत्रहरू स्थापना गरिएको छ । यी औद्योगिक क्षेत्रहरूमा प्रत्यक्ष रोजगारमा संलग्न श्रमिकहरूको सङ्ख्या करिब १७६०० रहेको छ । यी स्थापित औद्योगिक क्षेत्रहरू मध्ये नेपालको पूर्वी मध्य भागमा रहेको मकवानपुर जिल्ला हेटौँडा नगरमा रहेको हेटौँडा औद्योगिक क्षेत्र पनि एक हो । वि.स. २०२० सालमा औद्योगिक क्षेत्र घोषणा भई क्रमिक औद्योगिक विकास हुँदै गएको यस औद्योगिक क्षेत्र पूर्व उत्तर हेटौँडाको कर्रा खोला, पश्चिम महेन्द्र राजमार्ग र दक्षिणमा चुरियामाई गाबिस बिचमा अवस्थित छ । कूल क्षेत्रफल २८२९ रोपनी ओगटेको यस औद्योगिक क्षेत्रमा सरकारी, निजी तथा बहुराष्ट्रिय उद्योगहरू सञ्चालित छन् भने मुलुकका विभिन्न क्षेत्रबाट आएका श्रमिकहरू कार्यरत छन् । हाल करिव ५० वटा उद्योग

सञ्चालमा रहेका र यसमध्ये १० वटा उद्योगहरूमा कार्यरत ५५० जना मजदुरहरूलाई अध्ययनको क्षेत्रमा समावेस गरी यो शोध पत्र तयार पारिएको छ ।

- औद्योगिक क्षेत्रहरू मध्येको एक पुरानो औद्योगिक क्षेत्र, जहाँ विभिन्न क्षेत्रबाट आएका श्रमिकहरू कार्यरत छन् । विभिन्न आर्थिक, सामाजिक, राजनैतिक एवं सांस्कृतिक विविधता विद्यमान भएकोले समाज शास्त्रीय अध्ययनका लागि उपयुक्त देखिएको ।
- यस क्षेत्रका औद्योगिक श्रमिकहरूको बारेमा हालसम्म कुनै अनुसन्धानात्मक खोज अनुसन्धान तथा अध्ययन गरिएको खासै नपाइएको ।
- यस क्षेत्रका श्रमिकहरू राजनैतिक सामाजिक गतिविधिमा लाग्नुका साथै सचेत भएकोले अनुसन्धानमा पनि राम्रो सहयोग प्राप्त हुने अपेक्षा रहेको ।
- यो अध्ययन क्षेत्र र विषय तय हुनुमा म आफै पनि यस क्षेत्र नजिकै श्रमिककै रूपमा लामो समयदेखि काम गरी रहेकोले यस क्षेत्रको अध्ययन गर्न अफ्नो रुचि र आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिँदा आवश्यक सहयोग र सुविधा समेत सहज उपलब्ध हुने भएकोले ।

## ३.३ अध्ययनको जनसङ्ख्या र नमुना छनोट प्रक्रिया

यो नमुना छनोट हेटौँडा औद्योगिक क्षेत्रभित्र पर्ने साना ठुला कल कारखानामा कार्यरत मजदुर माथि केन्द्रित रहेको छ । हे.औ.क्षे. भित्र हाल विभिन्न किसिमका ५० वटा उद्योगहरू सञ्चालनमा रहेका छन् । यस अध्ययन क्रममा यी सम्पूर्ण उद्योगमा कार्यरत श्रमिकहरूको अध्ययन सम्भव नभएकोले यी उद्योगहरू मध्येबाट १० वटा उद्योगहरू छनोट गरिएको छ । यी १० वटा उद्योगहरूमा जम्मा ५५० कामदारहरू कार्यरत रहेको र जसमध्ये प्रत्येकबाट साधारण ऱ्यान्डम विधिद्वारा जम्मा ६० जना कामदारहरूलाई यस अध्ययनमा छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क स्रोत तथा प्रकृति

यस अनुसन्धानलाई विश्वसनीय, वैध र मान्य हुने बनाउन हे.औ.क्षे भित्र रहेका कामदारहरूको आवश्यक विवरण पत्ता लगाउन मूलत: प्राथमिक स्रोतमा नै जोड दिइएको छ । त्यस्तै शोध कार्यलाई अझ प्रभावकारी निचोडमा पुऱ्याउन द्वितीय स्रोतको समेत उपयोग गरिएको छ ।

**क. प्राथमिक स्रोत**

प्राथमिक स्रोतमा विवरणहरू सङ्कलन गर्दा अन्तरवार्ता, अवलोकन र अन्तरवार्तालाई प्रमुख आधार बनाइएको छ । साथै अध्ययनको सिलसिलामा सम्बन्धित उद्योगमा गई श्रमिकहरूसँग प्रत्यक्ष सम्पर्क राखी सूचना लिने कार्य गरिएको छ ।

**ख. द्वितीय स्रोत**

द्वितीय स्रोतमा विभिन्न श्रमक्षेत्रसँग सम्बन्धित लेख रचना, हे.औ.क्षे.बाट प्रकाशित स्मारिका, ब्रोसर, औद्योगिक क्षेत्र व्यवस्थापन लि. कार्यालयबाट प्रकाशित बुलेटिन, प्रोफाईल, वार्षिक विवरण, उद्योग सङ्घ हेटौँडाबाट प्रकाशित बुलेटिन, मकवानपुर उद्योग वाणिज्य सङ्घबाट प्रकाशित ब्रोसर, बुलेटिन, नेपाल सरकार उद्योग मन्त्रालयबाट प्रकाशित सूचना तथा विवरणहरू, राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क तथा विवरणहरू इत्यादिलाई यो शोध पत्र तयार गरिँदा द्वितीय स्रोतका रूपमा ग्रहण गरिएको छ ।

**३.५ तथ्याङ्क सङ्कलन विधि**

अध्ययन क्षेत्रबाट विषयलाई निश्चित निष्कर्षमा पुऱ्याउने खालका विश्वसनीय र भरपर्दो तथ्याङ्क एवं जानकारी प्राप्त गर्न देहाएका तथ्याङ्क सङ्कलन विधि अपनाइएको छ ।

**३.५.१ अन्तरवार्ता**

यस अध्ययनका क्रममा हे.औ.क्षे. भित्र अवस्थित विभिन्न १० वटा उद्योगहरूमा कार्यरत उद्योग व्यवसायी कर्मचारी तथा श्रमिकहरूसँग विभिन्न प्रश्नहरू तयार गरी उत्तर सङ्कलन गरी सूचना र विवरणहरू सङ्ग्रह गरिएको छ जुन बढी विश्वसनीय एवं तथ्यमा आधारित र भरपर्दो भएको अनुभव गरिएको छ । अन्तरवार्ताबाट प्राप्त सूचना तथ्यपरक होस् भनी पढ्न, लेख्न सक्ने कामदारहरूबाट लिखित जवाफ सङ्कलन गरी विश्लेषण गरिएको छ ।

**३.५.२ अवलोकन विधि**

हेटौँडा औद्योगिक क्षेत्रभित्र कार्यरत कामदारहरूको आर्थिक तथा सामाजिक अवस्था बुझ्ने क्रममा अर्ध सहभागी अवलोकन विधिद्वारा बारम्बार सम्बन्धित उद्योगहरूको अवलोकन गरी आवश्यक तथ्याङ्क एवं जानकारी प्राप्त गरिएको छ । सम्बन्धित कामदारको कामको प्रकृति, समय र समस्यालाई प्रत्यक्ष उद्योगमा अवलोकन गरिएको हो भने क्वाटरमा बस्ने

कामदारहरूसँग उनिहरूको घर कोठामा गई पारिवारिक स्थितिलाई समेत सहभागी अवलोकन गरिएको छ । यसरी गरिएको अध्ययनबाट अध्ययन गर्न खोजिएका विषयवस्तुहरू, औचित्यपूर्ण, विश्वसनीय साथै सामाजिक महत्त्वको हुनुका साथै वास्तविक स्थिति पत्ता लगाउन सघाउ पुगेको छ ।

## ३.६ तथ्याङको सम्पदान, प्रस्तुति एवं विश्लेषण

अध्ययनका लागि सङ्कलन गरिएका आवश्यक तथ्याङ्कहरूलाई वर्गीकरण गरी आवश्यकता अनुसार निश्चित र स्पष्ट तालिका बनाई विश्लेषण गरिएको छ । यसरी विश्लेषण गरिएका तथ्यहरूको यथोचित प्रस्तुतीकरण गर्दा मुख्य गरी विश्लेषणात्मक तरिका प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक वा परिमाणात्मक तथ्याङ्कहरूलाई तालिकीकरण गरी सङ्ख्यात्मक तथा प्रतिशतमा प्रस्तुत गरिएको र गुणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई वर्णनात्मक तरिकाबाट प्रस्तुत गरिएको छ । यस प्रकार तयार पारिएको यस शोध पत्रले हेटौँडा औद्योगिक क्षेत्रभित्र रहेका कामदारहरूको अध्ययनको पक्षमा यथार्थ चित्रण प्रस्तुत गर्दछ ।

## ३.७ तथ्याङ्कको विश्वसनीयता र वैधता

यस अनुसन्धानको मूल आधार भनेको यससँग सम्बन्धित तथ्यहरूको सङ्कलन र त्यसको विश्लेषण हो । यस शोध अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सम्बन्धित क्षेत्रमा गई सम्बन्धित व्यक्ति वा परिवारबाट लिइने हुनाले यसको प्रमाणिकता र वैद्यता बढी हुने अपेक्षा राखिएको छ ।

## ३.८ अध्ययनको सीमा

यो अध्ययन समाजशास्त्रमा प्रत्यक्ष एवं परोक्ष सम्बन्ध राख्ने अध्ययन हो । यसैमा आधारित रही अध्ययन अनुसन्धान तथा विश्लेषण गरिएको छ । यो अध्ययन नेपालका विभिन्न औद्योगिक क्षेत्रहरूमध्ये मकवानपुर जिल्लाको हेटौँडा नगरपालिकामा रहेको हेटौँडा औद्योगिक क्षेत्रभित्र कार्यरत कामदारसँग सम्बन्धित रहेको छ । यस औद्योगिक क्षेत्रभित्र कार्यरत श्रमिकहरूको आर्थिक सामाजिक अवस्थाका बारेमा विभिन्न दृष्ट्रिकोणबाट सूक्ष्म अध्ययन गरिएको छ । यस अध्ययनका लागि यस औद्योगिक क्षेत्रभित्र रहेका विभिन्न ५० वटा उद्योग प्रतिष्ठानहरू मध्ये नमुना अध्ययनको निमित्त १० वटा उद्योग छानिएको छ । र त्यसैमा कार्यरत कामदार माथि केन्द्रित रहेर यो अध्ययन गरिएको छ । उपरोक्त १० वटा

उद्योगहरूमा कार्यरत ५५० जना कामदारहरू मध्ये ११ प्रतिशतका दरले जम्मा ६० कामदारहरूलाई अध्ययनको निमित्त छनोट गरिएको छ । यो अध्ययन क्षेत्र सानो भए तापनि विभिन्न दृष्टिकोण तथा विषयवस्तु अध्ययनका लागि छनोट गरिएको छ । अनुसन्धानका आ आफ्नै सीमाहरू हुन्छन् । अनुसन्धानकर्ता स्वयम् विद्यार्थी भएका कारण उसँग उपलब्ध सीमित साधन र स्रोतका कारण यस शोधपत्रले देशभरिकै श्रमिक एवं कामदारको प्रतिनिधित्व गर्न सक्दैन साथै यो एउटा निश्चित क्षेत्रका श्रमिकहरूको आर्थिक सामाजिक क्षेत्रको अध्ययन भएकोले यसका निचोड र निष्कर्षहरू समग्र श्रमिकहरूका आर्थिक सामाजिक अवस्था मान्न वा सामान्यीकरण गर्न सकिँदैन । यसले एउटा सीमित क्षेत्रलाई ओगटेको छ । सीमित क्षेत्रलाई मात्र अध्ययनको दायरमा लिएको छ । समयको परिर्वतनसँगै श्रमिकहरूका हक अधिकार सेवा सुरक्षा आदिमा परिर्वतन भईरहेका छन् । जसले यस वर्गको आर्थिक सामाजिक क्षेत्रमा पनि परिवर्तनहरू आइरहेको छन् । तर पनि यस शोधपत्रले व्यावहारिक तथा सैद्धान्तिक दुवै पक्षले विशेष महत्त्व राख्नेछ । साथै श्रमिक वर्गको विगत, वर्तमान र भविष्यका बारेमा समेत जानकारीका लागि  थोरै भए पनि योगदान पुऱ्याउने छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ हेटौँडा नगरपालिका

मकवानपुर जिल्लाको एक मात्र नगरपालिकाको रूपमा परिचित हेटौँडा नगरपालिका कूल ४४.५ वर्ग कि.मी मा फैलिएको छ भने यो प्रशासनिक विभाजनको आधारमा ११ वडामा विभाजित छ । 'हेडम्बा' र शक्ति स्वरूपिणी माता भुटनदेवीको ऐतिहासिक तथा धार्मिक पृष्ठभूमिमा मानव बसोवासका लागि योग्य सहरको आधारभूत पूर्वाधार संरचना तथा भौतिक विकासको गतिमा अगाडि बढिरहेको हेटौँडा अधिराज्यका दुई राष्ट्रिय राजमार्गहरू महेन्द्रराजमार्ग र त्रिभुवन राजपथको सङ्गमस्थलमा अवस्थित छ । मध्यमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकामको रूपमा नेपालको मध्य भागमा रहेको हेटौँडालाई वि.सं.२०२६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो ।

देशको प्रमुख दुई मार्ग महेन्द्र राजमार्ग तथा त्रिभुवन राजपथको सङ्गम स्थलको रूपमा रहेको यो नगर राजधानीबाट १३२ कि.मी. दक्षिणको दूरीमा अवस्थित छ । चुरे र महाभारतको फेदीमा अवस्थित, ऊष्ण तथा समशीतोष्ण हावापानी, मकवानपुर जिल्लाको सदरमुकाम, देशको तेस्रो ठुलो औद्योगिक नगर, भारतसँगको प्रमुख नाका वीरगञ्जसँग राजधानी जोडने एकमात्र द्वारको रूपमा समेत रहेको यस नगरपालिकालाई आवासीय हिसावले समेत अति उपयुक्त मानिन्छ ।

हेटौँडा नगरपालिकाको उचाइ समुद्र सतहबाट ३०० देखि ३९० मिटरमा अवस्थित छ भने यो प्रशासनिक विभाजन अनुसार ११ वडामा विभाजित छ । कूल क्षेत्रफल ४४.५ वर्ग कि.मी रहेको यस नगरमा वनजङ्गल २३ प्रतिशत, कृषि क्षेत्र ४५ प्रतिशत, आवास क्षेत्र ११ प्रतिशत, औद्योगिक क्षेत्र १० प्रतिशत, सहरी क्षेत्र ७ प्रतिशत र अन्य ४ प्रतिशत रहेको छ ।

यस नगरपालिकाको  पूर्वमा हटिया गा.वि.स. पश्चिम बसामाडी गा.वि.स., उत्तर मकवानपुर गढी र भैसे गा.वि.स. तथा दक्षिणमा चुरियामाई र पदमपोखरी गा.वि.स. रहेका छन् भने प्रमुख नदीहरूमा राप्ती, कर्रा, सामरी नदीहरू रहेका छन् ।

यस नगरपालिकाको जनसङ्ख्या क्रमिक रूपमा बढ्दै गएको तथ्याङ्कले देखाएको छ । वि.सं. २०३८ को जनगणना अनुसार यस नगरपालिकाको कूल जनसङ्ख्या ३४७९२ रहेको थियो भने वि.सं. २०४८ मा ५३८३६ भएको छ । यसै गरी वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार हेटौँडा नगरपालिकाको कूल जनसङ्ख्या ६८४८२ रहेको छ जसमा पुरूष ३५३२० जना र महिला ३३१६२ जना रहेका छन् । उक्त जनगणनाले यस नगरको वार्षिक जनसङ्ख्या वृद्धिदर ४.५१ प्रतिशत देखाएको छ (स्रोत हे.न.पा. कार्यालय) ।

## ४.२ हेटौँडा औद्योगिक क्षेत्र

क्षेत्रीय आर्थिक सन्तुलन कायम गरी उद्योग स्थापनाद्वारा यस क्षेत्रको विकासका साथै रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्दै जाने सर्न्दभमा औद्योगिक क्षेत्रले प्रभावकारी भूमिका खेल्ने तथ्यलाई दृष्टिगत गरी औद्योगिकीकरणका लागि आवश्यक पर्ने विकसित जमिन औद्योगिक भवन बिजुली, पानी, सडक, ढल जस्ता भौतिक पूर्वाधारहरूका साथै अन्य थप सेवाहरू समेत एकै स्थानमा उपलब्ध गराई औद्योगिकीकरणको माध्यामद्वारा क्षेत्रीय आर्थिक सन्तुलन कायम गर्ने, स्थानीय पुँजी, सोत साधन तथा सिपलाई उद्योग धन्दातर्फ आकर्षित गर्ने तथा सरकारी अग्रसरतामा निजी क्षेत्रलाई उद्योगमा लगानी गर्न आकर्षित गर्दै रोजगारीका अवसरहरू सिर्जना गरी देश विकासमा गतिशीलता ल्याउने उद्देश्यले मकवानपुर जिल्लाको हेटौँडामा संयुक्त राज्य अमेरिका (USAID) को सहयोगमा विक्रम संवत् २०२० साल मङ्सिर २० गते हेटौँडा औद्योगिक क्षेत्रको स्थापना भएको हो ।

नेपालको सबैभन्दा ठुलो औद्योगिक क्षेत्रको रूपमा स्थापित यस क्षेत्रले उद्योग स्थापनाका लागि विकसित जमिन, कारखाना तथा गोदाम भवन, विद्युत्, पानी, सडक ढल तथा प्रदूषित पानी उपचार संयन्त्रमा फोहर पानी निष्कासन गर्ने व्यवस्था सर्वसुलभ उपलब्ध गराउँदै आएको छ । कूल २८२९ रोपनी (१४३.९७ हेक्टर ) क्षेत्रफल ओगटेको यस औद्योगिक क्षेत्रभित्र हाल ७६ वटा उद्योगहरू प्रवेश गरेका छन् । स्थानीय स्वदेशी कच्चा पदार्थ तथा विदेशी कच्चा पदार्थ उपयोग गरी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका ठुला साना तथा मझौला उद्योगहरूले विकास निर्माणमा चाहिने वस्तुहरू तथा ठुला उद्योगका लागि आवश्यक पर्ने सहायक वस्तुहरू उत्पादन गरी राष्ट्र तथा जनताको सेवा गर्दै आएका छन् । यसबाट स्थानीय बासिन्दाहरूलाई

रोजगारीको अवसर प्राप्त हुनुका साथै स्थानीय सिप एवं कच्चा पदार्थको सदुपयोगले मकवानपुर क्षेत्रको आर्थिक विकासका साथै समग्र राष्ट्रको आर्थिक विकासमा योगदान पुगेको छ (एचआइडिएम, २०६६ ) ।

क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठुलो यस औद्योगिक क्षेत्रमा हाल ५० वटा उद्योग प्रतिष्ठानहरू चालु अवस्थामा छन् भने ४ वटा उद्योगहरू निर्माणाधीन अवस्थामा छन् । कूल प्रत्यक्ष रोजगारमा संलग्न श्रमिकहरूको सङ्ख्या १६२६ छ भने अन्य अप्रत्यक्ष रोजगार प्राप्त गर्नेहरूको पनि ठुलो सङ्ख्या रहेको छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय पुँजीलाई आर्कषित गराउन सफल यस हेटौँडा औद्योगिक क्षेत्रले आफ्ना उत्पादनको बजार स्वदेशमा मात्र नभई विदेशमा समेत  विस्तार गर्न सफल भएको छ ।

मकवानपुर जिल्लाको सदरमुकाम हेटौँडा नगरपालिका वडा नं. ८ मा अवस्थित यस औद्योगिक क्षेत्रको पूर्वमा हे.न.पा. वडा नं.७, उत्तरमा कर्रा खोला, पश्चिममा पूर्व पश्चिम महेन्द्र राजमार्ग र दक्षिणमा चुरियामाई गाविस पर्दछन् । कूल नगरको क्षेत्रफल ४४.५० वर्ग कि.मि. मध्ये १०% क्षेत्र ओगटेको यस औद्योगिक क्षेत्र राजधानी काठमाडौँबाट करिब ७५ कि.मि. दक्षिण तथा भारतको रक्सौल करिब ६० कि.मि. दूरीमा पर्दछ ।

हेटौँडा बजार क्रमश : सहरीकरण हुँदै गएको र यसै क्षेत्रमा रहेको औद्योगिक क्षेत्रमा पनि उद्योग प्रतिष्ठानहरूको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ । औद्योगिकीकरण र सहरीकरण एक अर्काका परिपूरक भएर विकास र विस्तार हुँदै गएका छन् । सहर बसेको ठाउँमा उद्योग स्थापना हुने र उद्योग धन्दा खुलेपछि सहर विस्तार हुने स्वभाविक प्रक्रिया हो ।

### ४.३ भौतिक सुविधाहरू

हेटौँडा औद्योगिक क्षेत्रको स्थापना भएदेखि नै उद्यमीहरूलाई आवश्यक सुविधाहरू उपलब्ध गराउँदै आएको छ । उद्योग स्थापनाको लागि चाहिने भौतिक पूर्वाधारहरूको  समुचित व्यवस्था गरिएको छ । भौगोलिक रूपमा पनि महेन्द्र राजमार्गसँग जोडिएको र आन्तरिक पूर्वाधारहरू पनि बनिसकेकाले औद्योगिक विकास र विस्तारमा यो क्षेत्र उपयोगी र अनुकूल छ । औद्योगिक क्षेत्रभित्र पर्याप्त विकसित जमिन, १२ कि.मी कालोपत्रे सडक, उद्योगका लागि आवश्यक पानी वितरणका लागि १२ हजार लि./घन्टा क्षमताको पानी वितरण व्यवस्था, प्रदूषित पानी व्यवस्थापनका लागि ७ कि.मि. भूमिगत ढल, १८ कि.मि. सतह ढलको निर्माण भएको छ भने

कारखानाबाट निष्कासित प्रदूषित पानी सङ्कलन तथा उपयुक्त उपचारका लागि औद्योगिक क्षेत्रभित्रै प्रदूषित पानी उपचार संयन्त्र (Waste Water Treatement Plant) को निर्माण भई फोहोर पानी शुद्धीकरणका लागि ११ वटा पोखरीहरूमा सङ्ग्रहगरी Natural Stabilisation Pond System मार्फत फोहर पानी प्रशोधन गर्ने सुविधा उपलब्ध छ । आवश्यक विद्युत् ऊर्जाको लागि ५००० केभिए सेपेरेट फिडरको व्यवस्था, औद्योगिक क्षेत्रभित्र बैङ्क, शिशु स्याहार केन्द्र, हुलाक, खेलकुद तथा मनोरञ्जनका लागि खेलमैदान, स्वास्थ्य उपचारका लागि क्लिनिक, खाना खाजाको लागि क्यान्टिन लगायतका सुविधाहरू उपलव्ध गराइएको छ । औद्योगिक क्षेत्रको सुरक्षा व्यवस्थाको लागि पश्चिम महेन्द्र राजमार्ग तर्फ मूल गेटको व्यवस्था गरी अन्य चारैतर्फ कम्पाउन्डको निर्माण गरिएको छ र औद्योगिक क्षेत्र नजिकै इलाका प्रहरी कार्यालय समेत रहेको छ ।

### ४.४ नमुना उद्योगहरूको परिचय

#### १.नेसनल सोप प्रा.लि.

वि.स. २०५३ सालमा दर्ता भई सञ्चालनमा आएको यो उद्योग स्वदेशी लगानीमा आधारित मध्यम स्तरको उद्योग हो । स्थिर पुँजी ३ करोड ५६ लाख र चालु पुँजी १ करोड ७० लाख रहेको यस उद्योगले लुगा धुने साबुन र डेटरजेन्ट उत्पादन गर्दछ । वार्षिक १० हजार मे.टन साबुन र १५ हजार मे. टन. डेटरजेन्ट उत्पादन क्षमता भएको यस उद्योगले आवश्यक कच्चा पदार्थहरू कास्टिङ सोडा, अल्कालीन, सिलकट तथा रङ्गहरू बाह्य मुलुकबाट आएत गर्दछ भने उत्पादित सामानहरू नेपाली बजारमा नै खपत हुने गर्दछ । कूल १४.८६ रोपनी जमिन लिएको यस प्रतिष्ठानले ६०० केभिए विद्युत् खपत गर्दछ । हाल यस उद्योगमा करिब १५५ जना कामदार कर्मचारीहरू कार्यरत छन् ।

#### २.क्रिस्टल प्रोडक्ट प्रा.लि.

वि.स. २०५२ सालमा स्थापना भएको यस उद्योगले प्लास्टिक पाइप उत्दान गर्दछ । स्थिर पुँजी ५२ लाख र चालु पुँजी १ करोड ६५ लाख रहेको यस उद्योगले बाह्य मुलुकहरूबाट आयात गरिने कच्चा पदार्थबाट वार्षिक ५०० मे. टन विभिन्न साइजका पाईप उत्पादन गर्ने र उत्पादित सामानहरू पूर्णत नेपाली बजारमा नै खपत हुने गर्दछ । ८.४० रोपनी जमिनमा

अवस्थित यस उद्योगमा १२६ केभिए विद्युत् खपत हुन्छ भने हाल १८ जना कामदार कर्मचारी कार्यरत छन् ।

### ३ हिमालयन बेम्बो प्रा. लि.

स्वदेशी कच्चा पदार्थ बाँस, काठ तथा विभिन्न वनस्पतिका चोप लगायतबाट आर्कषक फर्निचर तथा पार्केट तयार गर्ने यस उद्योग वि.स. २०५७ सालमा स्थापना भएको हो । पूर्णत नेपाली लगानी रहेको यस उद्योगको स्थिर पुँजी ७ करोड ७१ लाख र चालु पुँजी ५० लाख रहेको छ । वार्षिक ७२ हजार स्क्वायर मिटर पार्केट उत्पादन क्षमता रहेको यस उद्योगले कूल २०.९७ रोपनी जमिन ओगटेको छ । ३१५ केभिए विद्युत् खपत हुने यस उद्योगमा हाल महिला पुरूष गरी १६ जना कामदार कर्मचारी कार्यरत छन् ।

### ४. हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा.लि.

वि.स.२०३२ सालमा दर्ता भएको यस उद्योगले तेल तथा पानी ट्याङकी, सटर, ट्रस निर्माण तथा विभिन्न मेसिनहरू मर्मत सम्बन्धी कार्य गर्दछ । स्थिर पुँजी ५ लाख र चालु पुँजी १ लाख ५० हजार रहेको यस उद्योगले औद्योगिक क्षेत्रको ४.७५ रोपनी जमिन ओगटेको छ । ६२ केभिए विद्युत् खपत हुने यस उद्योगमा हाल २७ जना कामदारहरू कार्यरत छन ् ।

### ५.नेसनल कास्टिङ इन्डस्ट्रिज प्रा.लि.

वि.सं २०४४ सालमा दर्ता गरी सञ्चालनमा आएको यो उद्योगले नेपालमा नै उपलब्ध हुने स्क्रयाप कास्ट आइरन तथा स्क्रयाप तामा सङ्कलन गरी म्यान होल कभर एवं मगन मेटलका विभिन्न पुर्जाहरू उत्पादन गर्दछ । उत्पादित सामानहरू नेपाली बजारमा नै खपत हुने गर्दछन् । करिब ४.५६ रोपनी जमिन ओगटेको यस उद्योगले २५ केभिए विद्युत् खपत गर्दछ । हाल यस उद्योगमा कूल १९ जना कामदार कर्मचारी कार्यरत छन् ।

### ६. गोर्खा लाहारी प्रा.लि.

वि.सं. २०२४ सालमा नेपाल टोवाको कम्पनी प्रा.लि.को नाममा दर्ता भई हाल गोर्खा लाहारी प्रा.लि.को नामले सञ्चालित यो उद्योगले विभिन्न स्वादका चुरोट उत्पादन गर्दछ । वार्षिक १ अर्ब २०) करोड खिली चुरोट उत्पादन क्षमता भएको यस उद्योगको उत्पादन नेपाली बजारमा नै खपत हुने गर्दछ । स्थिर पुँजी ३ करोड ४१ लाख र चालु पुँजी २५ लाख रहेको यस

उद्योगले औद्योगिक क्षेत्रको २४.९७ रोपनी जमिन प्रयोग गरेको छ । १५६ केभिए विद्युत् खपत गर्ने यस उद्योगमा हाल कूल कामदार कर्मचारीको सङ्ख्या करिब १५० रहेको छ ।

**७. एसियन पेन्ट्स (नेपाल) प्रा.लि :**

वि.स.२०४० सालमा उद्योग दर्ता भई उत्पादन गर्दै आएको यस उद्योगले घर, पर्खाल लगाउने स्नोसेम एवं झ्याल, ढोका लगायत काठका फर्निचर एवं फलामका सामनहरूमा लगाउने विभिन्न इनामेल रङ्गरोगनहरू उत्पादन गर्दछ । स्थिर पुँजी २ करोड ४० लाख र चालु पुँजी ९ करोड ७५ लाखबाट सुरू गरेको यस उद्योगको नेपाली सेयर लगानी ४९ प्रतिशत र भारतीय लगानी ५१ प्रतिशत रहेको छ । वार्षिक ३ हजार मे. टन उत्पादन क्षमताबाट सुरू गरेको यस उद्योगले उत्पादन क्षमता विस्तार गर्दै लगेको छ । कूल २५.७० रोपनीमा फैलिएको यस उद्योगले १९८ केभिए विद्युत् खपत गर्दछ । हाल यस उद्योगमा ८८ जना कामदार कर्मचारी कार्यरत छन् ।

**८.अल्कोवा सि.एस.आई. नेपाल प्रा. लि.**

वि.स.२०५८ सालमा दर्ता भई उत्पादन सुरु गरेको यस उद्योगको स्थिर पुँजी ५६.७० करोड चालु पुँजी ५.२१ करोड रहेको छ । अमेरिका तथा भारतीय लागानीमा सञ्चालित यस बहुराष्ट्रिय उद्योगले बाह्य मुलुकबाट कच्चा पदार्थ आयात गरी वार्षिक ३.९० करोड पिस प्लास्ट्रिक क्लोजर उत्पादन गर्ने र उत्पादित वस्तु भारत लगायत बाह्य मुलुकमा निर्यात गर्दछ । २६.२५ रोपनिमा फैलिएको यस उद्योगमा ६१७.५० केभिए विद्युत् खपत गर्दछ भने यस कारखानामा हाल कूल २२ जना कामदार कर्मचारीहरू कार्यरत छन् ।

**९.बोन प्रोसेसिङ इन्डस्ट्रिज प्रा.लि.**

वि.स. २०४१ सालमा दर्ता प्रारम्भ भई सञ्चालन हुँदै आएको यस उद्योगले भैँसिको हड्डी सङ्कलन गरी उक्त हड्डी एवम प्याकेजिङ ब्यागबाट दानामा प्रयोग गरिने हड्डी तयार गर्दछ । नेपालमा नै उपलब्ध कच्चा पदार्थबाट उत्पादन सुरु गरेको उक्त उत्पादित वस्तु नेपाली बजारमा नै खपत हुने गर्दछ । वार्षिक ४ हजार ५०० सय मे. टन उत्पादन क्षमता रहेको यस उद्योगले १३ रोपनी जमिन प्रयोग गरेको छ । २५ केभिए विद्युत् खपत गर्ने यस उद्योगको स्थिर पुँजी ५.५६ लाख र चालु पुँजी ३.५० लाख रहेको छ । यस उद्योगमा हाल १७ जना कामदार कर्मचारी कार्यरत छन् ।

### १०	इन्भ्यारो प्लास्ट प्रा. लि.

वि.स.२०५२ सालमा चितवन जिल्लाको जमुनापुर गा.वि.स.मा उद्योग स्थापना भई २०६७ सालदेखि हेटौँडा औद्योगिक क्षेत्रमा स्थानान्तरण भएको यस उद्योगको कूल पुँजी लगानी ४ करोड ९५ लाख रहेको छ । प्रयोग गरी फ्याँकिएका टुक्रा प्लास्टिक सङ्कलन गरी पुन: विभिन्न नापका प्लास्टिक पाईप तथा ढलानमा प्रयोग गरिने प्लास्टिक उत्पादन गर्दछ । उत्पादित वस्तुहरू नेपाली बजारमा नै खपत हुने यस उद्योगले करिब १० रोपनी जमिन ओगटेको छ । मासिक १ लाख युनिट विद्युत् खपत हुने यस उद्योगमा हाल ४० जना कामदार कर्मचारी कार्यरत छन् ।

## ४.५ उद्योगहरूको बनावट

हेटौंडा औद्योगिक क्षेत्रभित्र वस्तु उत्पादन तथा लगानीको दृष्टिकोणले विभिन्न प्रकृतिका उद्योगहरू रहेको छन् । विभिन्न खाद्यवस्तु बियर, मैदा, बिस्कुट, दूध, त्यसै गरी विभिन्न प्लास्टिकका सामाग्रीहरू, निर्माण सामाग्रीहरू, साबुन, चुरोट, दाना तथा मार्बल एवं रङ्ग रोगनका सामानहरू उत्पादन गरिन्छन् भने लगानीको आधारबाट हेर्दा निजी तथा बहुराष्ट्रिय लगानीको उद्योगहरू सञ्चालित छन् । वस्तु उत्पादनको प्रकृति अनुसार भवन तथा गोदामहरू निर्माण गरिएको छ भने कामको प्रकृति अनुसार कार्यस्थल निर्माण गरिएको छ । केही पुराना उद्योग बाहेक सबैजसो उद्योगका भवन तथा गोदामहरू पिलरबाट निर्माण गरिएको छ । केही केही भवनहरू आर.सि.सी. ढलान गरिएका छन् भने अधिकांश भवनहरू जस्ता पाताले छाएका छन् । भवनहरू प्राय: अग्ला अग्ला, उज्यालो तथा पर्याप्त हावा छिर्ने गरी झ्याल ढोका तथा भेन्टिलेसन राखिएका छन् । प्राय: सबै जसो उद्योगहरूमा छानाभित्रै रहेर काम गर्ने, मेसिनमै काम गर्ने श्रमिकहरू उभिएर काम गर्ने र कतिपय कामहरू भुइँमा बसेर गरेको पाइन्छ । काम गर्ने कारखानाहरूमा धुँवा धुलो जस्ता प्रदूषण प्राय: नभए तापनि ध्वनि प्रदूषण एवं इनामेल तथा कच्चा पदार्थहरूको गन्ध भने बढी पाइन्छ ।

निजी लगानीका उद्योगहरू भन्दा बहुराष्ट्रिय लगानीका उद्योगहरू र कार्यस्थल बढी व्यवस्थित पाइएको छ । उद्योग परिसर र कार्यस्थल सफा सुग्घर, पर्याप्त प्रकाश र स्वच्छ हावा, कम ध्वनि प्रदूषण एवं मेसिन र काम गर्ने कामदारलाई फराकिलो कार्यस्थल, इमर्जेन्सी साइरन, आगलागी नियन्त्रण गर्ने व्यवस्था तथा कतिपय कार्यस्थल र अफिसमा Air Condisnar को

समेत व्यवस्था गरिएको छ । निजी लगानीमा सञ्चालित उद्योगहरूमा भने उपरोक्त अनुसारको पर्याप्त सुविधा देखिँदैन । हरेक उद्योगहरूको आफ्नो छुट्टै कम्पाउन्ड र सुरक्षा व्यवस्था गरिएको छ । प्राय : सबै उद्योग कम्पाउन्डभित्र फूल, बगैंचा, धोइपखालीका लागि धारा पानी तथा शौचालयको व्यवस्था गरिएको छ ।

## ४.६ स्थानीय तथा देश विकासमा हेटौंडा औद्योगिक क्षेत्रको भूमिका

औद्योगिक क्षेत्रहरू स्थापना हुनु भनेको विकासका पूर्वाधारहरू खडा हुनु हो । औद्योगिक विकासको अभावमा कच्चा पदार्थहरू प्रयोगमा आउन सक्तैनन् । समय क्रममा बढ्दै गएका मानवीय आवश्यकता परिपूर्तिका लागि तथा बढ्दै गैरहेको बेरोजगारी समस्या हल गर्नका लागि उद्योग कल कारखाना खोल्न अनिवार्य हुन्छ । बेलाबखत उत्पन्न हुन सक्ने आर्थिक मन्दी हल गर्न औद्योगिक विकासको आवश्यकता पर्दछ । औद्योगिक विकासले नै समाजमा रहेको गरिबी बेरोजगारी पछौटेपनको अन्त्य गर्दै मानवीय असीमित भौतिक आवश्यकताहरू परिपूर्ति गर्दछ ।

हाम्रो समाज पूर्णत : कृषि प्रणालीमा नै आश्रित रहेको र प्रचुर मात्रमा विभिन्न उपयोगी कच्चा पदार्थहरूको सञ्चिति रहेको मुलुकमा छिटोभन्दा छिटो स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरू खोल्दै व्यापक रोजगारी सिर्जना गर्न जरूरी रहेको छ । मुलुकको यस आवश्यकतालाई थोरै भए पनि हेटौंडा औद्योगिक क्षेत्रले योगदान पुऱ्याएको छ । स्वदेशी कच्चा पदार्थहरू प्रयोगमा ल्याई स्थानीय तथा राष्ट्रिय आवश्यकता परिपूर्तिका लागि विभिन्न उपभोग्य तथा निर्माण सामाग्रीहरू उत्पादन तथा बिक्री वितरण गरिएको छ । जसले प्रत्यक्ष अप्रत्यक्ष दसौँ हजार नागरिकलाई रोजगारी उपलब्ध गराएको छ । स्थानीय तथा अन्य क्षेत्रबाट समेत रोजगारीका लागि आएका व्यक्तिहरूको श्रम र सिप आवश्यक उत्पादन कार्यमा संलग्न हुने अवसर प्राप्त भएको छ । कृषिमा मात्र आश्रित रहेको ठुलो सङ्ख्या उद्योग एवं व्यवसायमा संलग्न भई राष्ट्रिय आवश्यकता पूरा गर्ने तथा उत्पादित वस्तुहरू निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्ने कार्यमा समेत यस औद्योगिक क्षेत्रले सहयोग पुऱ्याएको छ ।

सहरीकरणका लागि औद्योगिकीकरण र औद्योगिकीकरणका लागि सहरीकरण यी दुवै परिपूरक रहेका हुन्छन् । हेटौंडालाई सहरीकरण गर्नका लागि हेटौंडा औद्योगिक क्षेत्रले ठुलो महत्त्व

राख्दछ । स्थानीय पुँजी कच्चा पदार्थ, श्रम र सिप उद्योगमा लगानी हुने, स्थानीय रूपमा उत्पादित वस्तुहरू सहज र सुलभ किसिमबाट स्थानीय उपभोक्ताहरूले प्रयोग गर्ने सक्ने हुँदा यसको महत्त्वपूर्ण भूमिका रहेको स्वत: स्पष्ट हुन्छ । नेपालको सन्दर्भमा कृषिजन्य उद्योग, साना र घरेलु उद्योग, पर्यटन तथा निर्माण जस्ता क्षेत्र विशेष प्राथमिकता दिइनु पर्ने क्षेत्रहरू हुन् । यसै विषयलाई मध्यनजर राखेर नै हेटौँडा औद्यौगिक क्षेत्रको स्थापना गरिएको हो ।

# अध्याय पाँच

## औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

यस अध्यायमा हेटौँडा औद्येगिक क्षेत्रका मजदुरहरूको सामाजिक आर्थिक अवस्थाको सामान्य चित्रण सहित यस क्षेत्रमा भएको औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था सम्बन्धमा विश्लेषण गरिएको छ । नेपाल कृषिप्रधान मुलुक हो । ८१ प्रतिशत जनताहरू अझै पनि कृषि पेसामा संलग्न छन् (के.त.वि.२०५८) । मुख्य पेसा कृषि भए पनि यसैमा आधारित भएर बाँच्न सक्ने अवस्था छैन । त्यसैकारण आफ्ना आधारभूत आवश्यकता पूर्तिका लागि कृषि बाहेक विभिन्न रोजगारीमा संलग्न भएको देखिन्छ । जस अनुसार विभिन्न उद्योग तथा कलकारखानाहरूमा नेपालीहरूले आफ्नो श्रम सिप लगाइरहेका छन् । कृषिमाथि निर्भर रहेको श्रमलाई अन्य क्षेत्रमा लगाउनको निमित्त औद्योगिक विकास हुन नितान्त जरूरी छ । औद्योगिक विकासलाई बढावा दिएको खण्डमा मात्र अन्य रोजगारीको अवसर सिर्जना हुँदै जाने र प्रचुर मात्रामा रहको कच्चा पदार्थ उपयोगमा आउने देखिन्छ ।

औद्योगिक विकासको कमीका कारण एकातिर बेराजगारी बढिरहेको छ भने रोजगारीको निमित्त लाखौँ युवा शक्ति वर्सेनि विदेसिएका छन् । आफ्नो मुलुकमा भएका बहुमूल्य कच्चा पदार्थहरू प्रयोगहीन भएका छन् भने आवश्यक वस्तुहरूको लागि परनिर्भर हुनु परेका अवस्था विद्यमान छ । मुलुकको आर्थिक अवस्था सुधार्न एवं जनताको जीवन स्तर उठाउनका लागि औद्योगिक विकासको गति तीव्र पार्नु अत्यन्त आवश्यक छ । यसै यथार्थलाई आत्मसात गर्दै मुलुकमा विभिन्न औद्योगिक क्षेत्र स्थापना गर्ने लक्ष्य अनुरूप यस हेटौँडा औद्योगिक क्षेत्रसँगै यस क्षेत्रमा औद्योगिक श्रमिकहरूको विस्तार हुँदै गयो । पूर्णत: कृषिमा आधारित नागरिकहरू पेसा परिवर्तन हुँदै औद्योगिक श्रमिकमा रूपान्तरित हुने र यस किसिमको रूपान्तरणले उनीहरूका पारिवारिक अवस्था, भाषा, शिक्षा, सामाजिक सांस्कृतिक रीतिरिवाज आदिमा समेत प्रभावहरू पर्दै गइरहेको छ । यस अध्यायमा यिनै विविधता एवं स्थानीय रोजगारीमा परेका प्रभाव र यसबाट औद्योगिक श्रमिकहरूको सामाजिक आर्थिक जीवनमा देखिएको परिवर्तन सम्बन्धमा अध्ययन क्षेत्रका १० वटा उद्योगमा गरिएको सर्वेक्षणको सूचनालाई विभिन्न शीर्षकहरूमा केन्द्रित भै व्याख्या विश्लेषण गरिएको छ ।

## ५.१ सामाजिक -जनसाङ्ख्यिक

### ५.१.१ उमेर

उमेरले व्यक्तिको सामाजिक स्तरीकरणलाई दर्साउँछ । उद्योग प्रतिष्ठानमा काम गर्ने कामदारहरूको अधिकतम तथा न्यूनतम् उमेरको हदबन्दी कानुनले निर्धारण गरेको छ । यस अध्ययनमा उमेर भन्नाले उत्तरदाताहरूको उमेरलाई सङ्केत गर्दछ ।

**तालिका नं.१**

**उमेरगत आधारमा उत्तरदाताहरूको वितरण**

| सि.नं. | उमेर | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | २१ देखि ३० वर्ष | २० | ३३.३३ | |
| २ | ३१ देखि ४० वर्ष | ३१ | ५१.६६ | |
| ३ | ४१ देखि ५० वर्ष | ८ | १३.३३ | |
| ४ | ५० वर्ष माथि | १ | १.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

**स्रोत: स्थलगत सर्वेक्षण २०६८**

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययनका क्षेत्रका कामदारहरूमा सबैभन्दा बढी ५१.६६ प्रतिशत ३१ देखि ४० वर्ष उमेर समूहका देखिन्छन् । यसै गरी ३३.३३ प्रतिशत २१ देखि ३० वर्ष उमेर समूहका, यस्तै १३.३३ प्रतिशत ४१ देखि ५० वर्ष उमेर समूहका र सबैभन्दा कम १.३३ प्रतिशत ५० वर्षमाथिका रहेको देखियो । तर २० वर्षमुनिका उत्तरदाता कोही पनि पाइएन ।

माथिको तथ्याङ्कको आधारमा औद्योगिकीकरणको प्रभाव विषेश गरी सक्रिय उमेर समूहका कामदारहरू अर्थात् २१ देखि ४० वर्ष बिचको उमेर समूहमा परेको देखिन्छ जसले आफ्नो जीवनको उर्वराशक्ति औद्योगिक कामदारको रूपमा व्यतीत गरिरहेको छ ।

### ५.१.२ लिङ्ग

लिङ्ग मानवको जैविक भिन्नता हो । नेपालको कानुनले लिङ्गको आधारमा कुनै पनि नागरिकलाई भेदभाव गर्न नपाउने कानुनी व्यवस्था गरेको छ । औद्योगिक विकासको इतिहासमा औद्योगिक कामदारको रूपमा महिलाहरू रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि केही सङ्ख्यामा महिलाहरू कार्यरत रहेका छन् ।

**तालिका नं.२**

**लिङ्गको आधारमा उत्तरदाताहरूको वितरण**

| सि.न. | विवरण | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पुरूष | ५६ | ९३.३३ | |
| २ | महिला | ४ | ६.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा औद्योगिक कामदारका रूपमा पुरूष कामदारहरू सबैभन्दा बढी अर्थात् ९३.३३ प्रतिशत रहेको पाइयो । यसै गरी महिला कामदारहरू ६.६६ प्रतिशत रहेको देखियो ।

यसबाट औद्योगिक क्षेत्रमा महिलाहरूको उपस्थिति कम देखियो । तर उद्योगको उत्पादन प्रकृतिको आधारमा पनि कामदारको लिङ्गगत आधार निर्धारण हुने गर्दछ ।

### ५.१.३ जाति

समाज एक सामाजिक जालो वा सञ्जाल हो जहाँ विभिन्न जातजाति, धर्म, लिङ्ग आदिको बसोवास रहेको हुन्छ । जाति एक सामाजिक परम्परागत पहिचानको स्वरूप हो । विगतमा नेपालमा पेसामा जातिगत विभाजन रहेता पनि हाल यसमा केही सुधार हुँदै आएको छ । यस अध्ययनमा जातिगत अवस्था भन्नाले अध्ययन क्षेत्रका कामदारहरूको जातिगत अवस्थालाई जनाउँदछ ।

**तालिका नं.३**

**जातिको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | जाति | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | बाहुन | ३४ | ५६.६६ | |
| २ | क्षेत्री | ९ | १५ | |
| ३ | नेवार | ३ | ५ | |
| ४ | तामाङ | ९ | १५ | |
| ५ | गुरुग | १ | १.६६ | |
| ६ | राजपुत | १ | १.६६ | |
| ७ | यादव | १ | १.६६ | |
| ८ | सार्की | १ | १.६६ | |
| ९ | कुमाल | १ | १.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तथ्याङ्क विश्लेषण गर्दा अध्ययन क्षेत्रको उद्योगहरूमा काम गर्ने कामदारहरू सबै भन्दा बढी ब्राह्मण ५६.६६ प्रतिशत, यसै गरी क्षेत्री र तामाङ १५/१५ प्रतिशत, नेवार ५ प्रतिशत र अन्य सबै १.६६ प्रतिशतका दरले रहेको पाइयो ।

यस तथ्याङ्कका आधारमा अध्ययन क्षेत्रका उद्योगहरूमा सबैभन्दा बढी ब्राह्मण र दोस्रो क्षेत्री जाति रोजगारीमा रहेको देखिन्छ । जातिगत रूपमा हेर्दा मकवानपुर जिल्ला तामाङ तथा राईहरूको समेत बसोवास रहेको जिल्ला भए तापनि उद्योग प्रतिष्ठानमा नोकरीको लागि त्यति प्रयास गरेको यस तथ्याङ्कबाट देखिएन । यसर्थ यस अध्ययन क्षेत्रको उद्योगहरूमा ब्राह्मण र क्षेत्री जातिको अवस्था राम्रो देखिन्छ ।

### ५.१.४ विवाह

विवाह समाजको एक स्थायी संस्था हो । आआफ्नो सामाजिक परम्परा अनुसार वैवाहिक जीवनमा बाँधिने र पारिवारिक जीवन व्यवस्थित गर्ने परम्परा रहँदै आएको छ । विपरीत लिङ्गीहरूको सामाजिक स्वीकृत सम्बन्ध नै विवाह हो । यस अध्ययनमा विवाह अन्तर्गत उत्तरदाताहरूको वैवाहिक अवस्थालाई जनाउँछ ।

**तालिका नं.४**

**विवाहको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | वैवाहिक अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | विवाहित | ५३ | ८८.३३ | |
| २ | अविवाहित | ७ | ११.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका कामदारहरू अधिकांश अर्थात् ८८.३३ प्रतिशत विवाहित र ११.३३ प्रतिशत अविवाहित रहेका छन् ।

यस तथ्याङ्क अनुसार नेपाली सामाजिक परम्परा अनुसार वैवाहिक जीवनमा बाँधिने उमेर पूरा गरेका उमेर समूहका उत्तरदाताहरू धेरै भएको रहेको पाइयो । औद्योगिक क्षेत्रका कामदारहरूले आफ्नो पारिवारिक जीवन वैवाहिक अवस्थाको बिताएको पाइयो ।

### ५.१.५ भाषा

यस अध्ययनमा भाषा भन्नाले अध्ययन क्षेत्रका कामदारहरूले बोल्ने वा उनीहरूको मातृभाषालाई जनाउँछ । यसले कुन भाषाका कामदारको सङ्ख्या कति छ भन्ने सन्दर्भमा स्पष्ट हुन सहयोग पुग्छ ।

**तालिका नं. ५**

**भाषाका आधारमा उत्तरदाताको वितरण**

| **सि.नं.** | **भाषा** | **उत्तरदाता** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | नेपाली | ४६ | ७६.६६ | |
| २ | तामाङ | ८ | १३.३३ | |
| ३ | नेवारी | ३ | १५ | |
| ४ | गुरुङ | १ | १.६६ | |
| | मैथिली | १ | १.६६ | |
| | भोजपुरी | १ | १.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा अध्ययन क्षेत्रमा काम गर्ने कामदारहरूको मातृभाषा सबै भन्दा बढी उत्तरदाताहरूको नेपाली ७६.६६ प्रतिशत पाइयो । यसै गरी नेवारी भाषा बोल्ने १५ प्रतिशत, तामाङ भाषा बोल्ने १३.३३ प्रतिशत र अन्य गुरुङ, मैथिली र भोजपुरी सबै १.६६ प्रतिशत भएको पाइयो ।

माथिको तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका रोजगारीमा नेपाली भाषाको बाहुल्यता देखिन्छ ।

### ५.१.६ शिक्षा

शिक्षा मानव विकासको एक सूचक हो । शैक्षिक अवस्थाको आधारमा मानिसको क्षमता र विद्वताको अनुमान गरिन्छ साथै शिक्षाले व्यक्तिको सामाजिक हैसियत निर्माण गर्दछ । यस अध्ययनमा शिक्षा भन्नाले अध्ययन क्षेत्रका उद्योगहरूमा कार्यरत कामदारहरूको शैक्षिक योग्यतालाई उल्लेख गर्न खोजिएको छ ।

**तालिका नं. ६**

**शिक्षाको आधारमा उत्तरदाताको वितरण**

| **सि.नं.** | **शैक्षिक अवस्था** | **उत्तरदाता** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | निरक्षर | ० | ० | |
| २ | साक्षर | १२ | २० | |
| ३ | प्रा.वि. | ६ | १० | |
| ४ | नि.मा.वि. | ७ | ११.६६ | |
| ५ | मा.वि. | २० | ३३.३३ | |
| ६ | उच्च मा.वि. | ८ | १३.३३ | |
| ७ | स्नातक | ६ | १० | |
| ८ | स्नातकोत्तर | १ | १.३३ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत:स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरूको शैक्षिक अवस्था सबैभन्दा बढी ३३.३३ प्रतिशत मा.वि., यसै गरी २० प्रतिशत साक्षर, १३.३३ प्रतिशत उच्च मा.वि. स्तर, १०/१० प्रतिशत प्रा.वि. र स्नातक तह तथा १.३३ प्रतिशत स्नातकोत्तर स्तरको शैक्षिक योग्यता हासिल गरको पाइयो ।

यस तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका उद्योगहरूका कामदारहरूको शैक्षिक अवस्था निरक्षरमा शून्य रहनु र मा.वि. उच्च मा.वि. तथा स्नातक सम्मको योग्यता हासिल भएका कामदारहरूको उपस्थितिले उद्योगको उत्पादनमा सिपयुक्त जनशक्ति रहेको देखिन्छ । यसबाट कामदारहरूको समेत सेवा सुविधामा सकारात्मक प्रभाव पर्दछ ।

## ५.२.रोजगारी अवस्था

### ५.२. १ कामदारहरूको आगमन

विभिन्न किसिमका मानवीय आवश्यकता तथा सुविधाको लागि मानिसहरू उपयुक्त स्थानको खोजी गर्दछन् । सो स्थानको खोजीको लागि मानिसले विभिन्न सुविधाहरू तथा अवसरहरूको सम्भाव्यता हेर्ने गर्दछ । यसै क्रममा हेटौंडा औद्योगिक क्षेत्र विभिन्न औद्योगिक

कलकारखानाहरूको स्थापना भएबाट रोजगारी उपलब्ध भएकोले मकवानपुर जिल्लाबाहेक आसपासका जिल्लाहरूबाट समेत कामदारहरू रोजगारीका लागि आकर्षित भएको पाइन्छ ।

**तालिका नं.७**

**कामदारहरूको आगमनको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | आगमन जिल्ला | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | मकवानपुर | ४७ | ७८.३३ | |
| २ | चितवन | ७ | ११.६७ | |
| ३ | सप्तरी | २ | ३.३३ | |
| ४ | नुवाकोट | १ | १.६७ | |
| ५ | सिन्धुपाल्चोक | १ | १.६७ | |
| ६ | गोरखा | १ | १.६७ | |
| ७ | पाँचथर | १ | १.६७ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा मकवानपुर जिल्लाबाट ७८.३३ प्रतिशत, चितवन जिल्लाबाट ११.६७ प्रतिशत, सप्तरीबाट ३.३३ प्रतिशत, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा र पाँचथरबाट क्रमश: १.६७ प्रतिशत अर्थात् एक एक जना आगमन भएको देखियो ।

यस तथ्याङ्कको आधारमा औद्योगिक विकास भएको क्षेत्रमा वा जिल्लामा रोजगारीको अपेक्षाले कामदारहरूको आगमन हुने वा कामदारहरू आकर्षित हुने देखिन्छ ।

### ५.२.२ नियुक्ति पत्र

नियुक्ति पत्र भन्नाले उद्योगमा काम गर्ने कामदारलाई उद्योगले कामको प्रकृति तथा सेवा सुविधार, कार्य अवधि र कार्य समय समेत उल्लेख गरी उपलब्ध गराएको पत्र हो । कामदारलाई कममा लगाउँदा नियुक्ति पत्र दिएर मात्र काममा लगाउनु पर्ने श्रम कानुनले व्यवस्था गरेको छ । यस अध्ययनमा नियुक्ति पत्र भन्नाले अध्ययन क्षेत्रका उद्योगहरूमा कार्यरत कामदारहरूको नियुक्ति पत्रको सम्बन्धमा स्पष्ट पारेको छ ।

**तालिका नं.८**

**नियक्ति पत्रको आधारमा उत्तरदाताहरूको वितरण**

| सि.नं. | नियुक्ति पत्रको अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पाएको | ५९ | ९८.३३ | |
| २ | नपाएको | १ | १.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरू मध्ये ९८.३३ प्रतिशतले नियुक्ति पत्र पाएका र १.६६ प्रतिशतले नपाएको देखिन्छ ।

यस तथ्याङ्कबाट उद्योगहरूमा काम गर्ने कामदारहरूले श्रम ऐन र प्रचलित नियम अनुसारको नियुक्तिपत्र पाउनुले नोकरीको सुरक्षाको अनुभूति हुन्छ र पूर्ण सन्तुष्टिका साथ उत्पादन कार्यमा जुट्ने हुनाले यसको प्रभाव सकारात्मक देखिन्छ ।

### ५.२.३ नोकरीको प्रकृति

नाकरीको प्रकृति भन्नाले उद्योगमा काम गर्ने कामदारहरूको नोकरी अवस्थालाई जनाउँछ । श्रम कानुन अनुसार निश्चित समय र प्रक्रिया पूरा भए पश्चात उद्योगसँग हुने करारको आधारमा नोकरीको प्रकृति निर्धारण हुन्छ । यस अध्ययनमा नोकरीको प्रकृति भन्नाले अध्ययन क्षेत्रका कामदारहरू अस्थायी वा स्थायी कुन प्रकृतिका छन् भन्ने तर्फ लक्षित छ ।

**तालिका नं. ९**

**नोकरीको प्रकृतिको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | नोकरीको प्रकृति | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | स्थायी | ५९ | ९८.३३ | |
| २ | अस्थायी | १ | १.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरूमा ९८.३३ प्रतिशत स्थायी र १.६६ मात्र अस्थायी प्रकृतिका देखिन्छ ।

यस तथ्याङ्कबाट अध्ययन क्षेत्रमा श्रम कानुनको कार्यान्वयन भएको देखिन्छ भने कामदारहरूको पेसागत सुरक्षाको साथै जीवन निर्वाहको लागि सामाजिक सुरक्षा भएको सकारात्मक अवस्था पाइयो ।

### ५.२.४ मासिक आम्दानी

मासिक आम्दानी भनेको श्रमिकले उद्योगमा काम गरे वापत उद्योगबाट प्राप्त गर्ने रकम हो । कुनै पनि व्यक्तिको सामाजिक हैसियत यसको आम्दानीमा भर पर्दछ । हरेक व्यक्तिले अधिकतम आम्दानी गरी पारिवारिक जीवन सुखमय बनाउने चाहाना हुन्छ । श्रमिकहरू स्वभावैले आफ्नो श्रम बेचेर जीवन निर्वाह गर्ने वर्ग भएकाले बढी भन्दा बढी श्रम गर्ने र सोही अनुसार पारिश्रमिकको अपेक्षा गर्ने गर्दछन् । यस अध्ययनमा मासिक आम्दानी भन्नाले अध्ययन क्षेत्रका कामदारहरूले उद्योगबाट प्राप्त गर्ने मासिक आर्थिक सुविधा पर्दछ ।

**तालिका नं. १०**

**मासिक आम्दानीको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | मासिक आम्दानी | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ५ देखि ७ हजार | ८ | १३.३३ | |
| २ | ८ देखि १०हजार | ३४ | ५६.६६ | |
| ३ | ११ देखि १५ हजार | ९ | १५.०० | |
| ४ | १५ हजार माथि | ९ | १५.०० | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिका विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदाहरूले सबैभन्दा बढी ५६.६६ प्रतिशतले ८ देखि १० हजार रूपैयाँ, १५ प्रतितले ११ देखि १५ हजार, यसै गरी १५ हजार भन्दा माथि १५ प्रतिशतले र सबैभन्दा कम १३.३३ प्रतिशतले मासिक आम्दानी समेत सबै भन्दा कम ५ देखि ७ हजार प्राप्त गर्ने गरेको देखियो ।

यस तथ्याङ्क अनुसार औद्योगिक क्षेत्रका रोजगारीमा मासिक आयको हिसाबले वर्तमान बजार अनुसार त्यति सकारात्मक प्रभाव परेको देखिँदैन साथै कामदारहरूको जीवन यापनको अवस्था सामान्य देखिन्छ ।

### ५.२.५ तलबबाट घरखर्चको व्यवस्थापन

अध्ययन क्षेत्रका कामदारहरूले उद्योगबाट प्राप्त गर्ने मासिक आम्दानीबाट उनीहरूको घरायसी खर्च व्यवस्थापनका सम्बन्धमा भएको यथार्थलाई स्पष्ट पार्न खोजेको छ । अर्थात प्राप्त आम्दानीबाट मासिक घरखर्च व्यवस्थापनको अवस्था देखाउँछ ।

**तालिका नं.११**

**तलबबाट घरखर्च व्यवस्थापनको अवस्थाको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | विवरण | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पुग्छ | २९ | ४८.३३ | |
| २ | पुग्दैन | ३१ | ५१.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा उद्योगबाट प्राप्त मासिक आम्दानीले घरखर्च पुग्दैन भन्नेको सङ्ख्या अधिक अर्थात् ५१.६६ रहेको छ भने मासिक आम्दानीबाट घरखर्च पुग्छ भन्ने ४८.३३ प्रतिशत रहेको देखियो ।

यसबाट औद्योगिकीकरणबाट औद्यौगिक कामदारहरूको जीवन निर्वाहमुखी भएको देखिन्छ । जहाँ जीवन यापन सुखमय हुन्छ त्यस वातावरणका कामदारहरूबाट बढीभन्दा बढी उत्पादन लिन सकिन्छ ।

### ५.२.६ तलबबाट नपुग खर्च व्यवस्थापन

यस अध्ययनमा आफ्नो मासिक आम्दानीबाट घरखर्च पुग्दैन भन्ने कामदारहरू तर्फ लक्षित गर्दै यो विषय उठाइएको छ । मासिक आम्दानीबाट नपुग खर्च केबाट व्यवस्थापन गर्ने गरेका छन् ती विषय यसले स्पष्ट पारेको छ :

**तालिका नं.१२**

**तलबबाट नपुग खर्च व्यवस्थापन**

| सि.नं. | विवरण | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ऋण | २ | ३.३३ | |
| २ | खेती | १४ | २३.३३ | |
| ३ | पशुपलन | ८ | १३.३३ | |
| ४ | अन्य | ७ | ११.६६ | |
| | **जम्मा** | **३१** | **५१.६५** | |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा उद्योगको आम्दानीबाट घरखर्च नपुग्ने औद्योगिक कामदारहरूले उद्योगको आम्दानी भन्दा अतिरिक्त घरखर्च व्यवस्थापन गर्न सबैभन्दा बढी २३.३३ प्रतिशतले खेती, १३.३३ प्रतिशतले पशुपालन, ११.६६ प्रतिशतले अन्य र ३.३३ प्रतिशतले ऋण गरेर घरखर्च व्यवस्थापन गर्ने गरेको देखियो ।

यस तथ्याङ्कबाट उद्योगमा पुरै समय काम गरेर पनि उद्योगबाट प्राप्त हुने आम्दानीले घरखर्च व्यवस्थापन गर्न कठिनाई भै वैकल्पिक पेसा अवलम्बन गर्नु पर्दा कामदारहरूमा गाँस, बास र कपासको समस्याको लागि मात्र सबै समय खर्च गर्नुपर्ने समस्या देखिन्छ । यसबाट कामदारहरूमा पेसाप्रति नकारात्मक सोचाइ हुने वा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ५.२.७ कामदारको आवास (निजी घर) को किसिम

यस अध्ययनमा उत्तरदाताहरूको निजी घरको अवस्थाको बारेमा बुझ्न खोजिएको छ । उद्योगमा काम गर्ने कामदारहरूको आवास व्यवस्था उद्योगले उपलब्ध गराएको छ वा निजी आवासमा बसोवास छ भन्ने स्म्बन्धमा यंहा अध्ययन गर्न खोजिएको छ ।

### तालिका नं.१३

### कामदारको आवासको आधारमा उत्तरदाताको वितरण

| सि.नं. | घरको किसिम | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की | १८ | ३० | |
| २ | अर्धपक्की | १४ | २३.३३ | |
| ३ | कच्ची | १८ | ३० | |
| ४ | डेरा | १० | १६.६६ | |
| | जम्मा | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका ३० प्रतिशत कामदारहरूको पक्की प्रकृतिको घर भएको, ३० प्रतिशतको कच्ची प्रकृतिको, २३.३३ प्रतिशतको अर्ध पक्की तथा १६.६६ प्रतिशतको घर नभई डेरामा बस्ने गरको पाइयो ।

यस तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका ३० प्रतिशत अर्थात् कूल ६० जना मध्ये १८ जनाको पक्की प्रकतिको घरभएको र अन्यको घरको प्रकृति कमजोर र १० जनाको घर नै नभएको देखियो । यसबाट राजगारीले कामदारको आर्थिक जीवनमा प्रभाव पारेको देखिएन ।

### ५.२.८ उद्योगमा महिला र पुरूष बिच सुविधाको फरक अवस्था

यस अन्तरगत नेपाली सामाजिक सास्कृतिक परम्परामा महिलाहरूलाई मानवको रूपमा स्वीकार गर्न समेत कठिन रहेको र गाउँ घरमा खेती किसानी, ज्यालादारी काममा महिला र पुरूषको ज्यालादर फरक रहेकोले उद्योगमा यसको अवस्था के छ त्यसतर्फ यो प्रश्न लक्षित छ :

### तालिका नं.१४

### महिला र पुरूषमा सुविधामा फरक

| **सि.नं.** | **सुविधाको अवस्था** | **उत्तरदाता** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | फरक छ | ५ | ८.३३ | |
| २ | फरक छैन | ५५ | ९१.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा औद्योगिक कामदारको रूपमा काम गर्ने महिलाहरूमा सुविधामा फरक छैन भन्ने सबैभन्दा बढी ९१.६६ प्रतिशत देखियो भने ८.६६ प्रतिशत सुविधा फरक छ भन्ने देखियो ।

यसका आधारमा औद्योगिक क्षेत्रमा श्रमकानुनहरूको कार्यान्वयन र लैङ्गिक विकासका अवधारणाहरूको प्रभावले औद्योगिक कामदारहरूमा महिला र पुरूष बिच सकारात्मक प्रभाव परेको देखिन्छ । यसबाट महिला कामदारहरूमा सकरात्मक प्रभाव परेको मान्न सकिन्छ ।

### ५.२.९ तलब बाहेक उपलब्ध अन्य सुविधाहरू

श्रम गर्ने श्रमिकहरूले आफ्नो श्रमको उचित ज्याला एवं सुविधाको अपेक्षा गर्दछ । कानुनले समेत श्रमिकको न्यूनतम ज्याला तथा सुविधाको व्यवस्था गरेको छ । कामदारलाई उचित ज्याला वा सुविधा उपलब्ध नभएमा काम गर्ने क्षमतामा ह्रास आउने र त्यसको प्रत्यक्ष असर उत्पादन तथा उत्पादकत्वमा समेत पर्ने गर्दछ । यस अध्ययनमा कामदारहरूको तलब बाहेक अन्य सुविधा भन्नाले उद्योगले आफ्नो उत्पादनबाट भएको फाइदाको आधारमा उपलब्ध गराएको पारिश्रमिक बाहेकको अतिरिक्त सुविधालाई जनाउँदछ ।

**तालिका नं. १५**

**अन्य सुविधाको आधारमा उत्तरदाताहरूको वितरण**

| सि.नं. | सुविधा | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ओभरटाइम | ५० | ८३.३३ | |
| २ | औषधी | ५४ | ९० | |
| ३ | घरभाडा | ४२ | ७० | |
| ४ | खाजा खर्च | ५३ | ८८ | |
| ५ | यातायात | २८ | ४६.६६ | |
| ६ | बिमा | १७ | २८.३३ | |
| ७ | बोनस | ४५ | ७५ | |
| ८ | उपदान | ५६ | ९३.३३ | |
| ९ | ऋण सुविधा | १७ | २८.३३ | |
| १० | जम्मा | ३६२८ | ६०२.९८ | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

यस प्रश्नमा कामदारहरूले उद्योगबाट पाउने सुविधाहरूको बहुबुँदागत उत्तर दिएकाले उत्तरदाताको सङ्ख्या तथा प्रतिशत बढेको हो ।

माथिको तालिका अनुसार उल्लेख गरिएका सुविधाहरूमा क्रमश: उपदान ९३.३३ प्रतिशत, औषधी ९० प्रतिशत, खाजा खर्च ८८ प्रतिशत, ओभरटाइम ८३.३३ प्रतिशत, बोनस ७५ प्रतिशत, घरभाडा ७० प्रतिशत, यातायत ४६.६६ प्रतिशत, बिमा र ऋण सुविधा २८.३३ प्रतिशत रहेको देखियो ।

यस तथ्याङ्क अनुसार श्रमिकहरूको आर्थिक जीवनलाई सहज बनाउने, विमा उपदान जस्ता नोकरीको अवकास पश्चात प्राप्त गर्ने सुविधाले नोकरीपछिको बाँकी जीवनलाई समेत आर्थिक भरोसा प्रदान गर्ने देखिन्छ । यसैले कामदारहरूमा सकारात्मक प्रभाव परेको पाइन्छ ।

### ५.२.१० टेलिफोन पत्रपत्रिकाको सुविधा

उद्योगले सकेसम्म बढी उत्पादन वृद्धि गर्न त्यसमा कार्यरत औजार वा श्रमको इच्छा शक्ति बढाउनु पर्दछ । यसका लागि कामदारहरूमा विभिन्न सुविधा र वातावरण बनाइदिनु पनि हो । यस अध्ययनमा कामदारको औद्योगिक प्रष्ठिानमा टेलिफोन पत्रपत्रिकाको सुविधाको अवस्था के छ भन्ने स्पष्ट पार्न खोजिएको छ ।

**तालिका नं.१६**

**टेलिफोन र पत्रत्रिका सुविधाको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | सुविधा | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उपलब्ध छ | ४१ | ६८.३३ | |
| २ | उपलब्ध छैन | १९ | ३१.६६ | |
| | **जम्मा** | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा उद्योगमा टेलिफोन तथा पत्रपत्रिका सुविधा हुने उत्तरदाताहरू ६८.३३ प्रतिशत रहका छन् भने उपलब्ध नहुने ३१.६६ प्रतिशत रहेका छन् ।

यस तथ्याङ्कबाट कामदाहरूलाई उद्योग तथा उत्पादनको काम बाहिरको वस्तुस्थिति र सम्पर्क तथा समन्वय विस्तारमा सुविधा उपलब्ध भएबाट कामदारमा उद्योगप्रति अपनत्व र उत्पादकत्व बढ्न सहयोग पुगेको देखिन्छ ।

### ५.२.११ श्रम कानुन कार्यान्वयन

उद्योग प्रतिष्ठानहरू तोकिएको कानुन, नियम तथा विनियम भित्र रही सञ्चालन भइरहेका हुन्छन् । उद्यमी तथा कामदार दुवैले कानुनले निर्धारण गरेका विषयहरू परिपालन गर्नु पर्ने हुन्छ । उद्योग प्रतिष्ठान जस्ता सङ्गठित सङ्ख्याहरू जहाँ विभिन्न व्यक्तिहरू बिच समन्वय गरी कार्य सम्पादन गर्नु पर्दछ त्यस्ता प्रतिष्ठानहरूमा कानुनको परिपालन नभएमा अराजकता उत्पन्न हुन सक्दछ । यस अध्ययन क्षेत्रमा रहेका उद्योगहरूमा प्रचलित श्रम कानुनको कार्यान्वयनको अवस्था बारेमा यसमा उल्लेख गर्न खोजिएको छ ।

**तालिका नं.१७**

**श्रम कानुनको कार्यान्वयनको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | कार्यान्वयन अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छ | २० | ३३.३३ | |
| २ | छैन | २ | ३.३३ | |
| ३ | आंशिक कार्यान्वयन | ३८ | ६३.३३ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका उद्योगहरूमा श्रम कानुनको कार्यान्वयनको आंशिक अवस्था सबैभन्दा बढी ६३.३३ यसै गरी कार्यान्वयन भएको अवस्था ३३.३३ प्रतिशत र छैन भन्नेहरू ३.३३ प्रतिशत भएको पाइयो ।

यस तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका उद्योगहरूमा श्रम कानुनको कार्यान्वयन आंशिक रूपमा भएको पाइयो । कार्यान्वयन नभएको अवस्था न्यून रहेको देखिन्छ । पूर्ण रूपमा कानुन कार्यान्वयन भएको अवस्थामा कामदारले अनुभूति गर्ने सेवाको सुरक्षामा सकारारत्मक प्रभाव

पर्दछ । आंशिक कार्यान्वयनले कामदारहरू अझ उत्साहका साथ काममा जुटन प्रेरणा मिल्दैन ।

### ५.२.१२ मालिक र कामदार बिचको सम्बन्ध

उद्योगमा मालिक र कामदार बिचको सम्बन्ध सौहार्द भएको अवस्थामा उत्पादन क्षमता पूर्ण रूपमा प्रयोगमा आउँछ । अन्यथा उद्योगको वातावरण विश्वस्त कुनै पक्षलाई पनि हुँदैन । यसर्थ यस अध्ययनमा अध्ययन क्षेत्रको उद्योगहरूमा मालिक र कामदार बिचको सम्बन्धको अवस्था कस्तो छ उल्लेख गर्न खोजिएको छ ।

**तालिका नं.१८**

**मालिक र कामदार बिचको सम्बन्धको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | सम्बन्ध अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | राम्रो | १९ | ३१.६६ | |
| २ | ठिकै | ४१ | ६८.३३ | |
| ३ | नराम्रो | ० | ० | |
| | | ६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिका विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरूको मालिकसँगको सम्बन्ध सबै भन्दा बढी ६८.३३ प्रतिशतले ठिकै, ३१.६६ प्रतिशतले राम्रो रहेको बताए भने सम्बन्ध नराम्रो भन्नेको सङ्ख्या शून्य देखियो ।

देशका औद्योगिक क्षेत्रहरू मध्ये पुरानो तथा ठुलो औद्योगिक क्षेत्र भएका कारण विगतका अभ्यासहरू र सिकाइहरूबाट समेत यस क्षेत्रका उद्योगहरूका सञ्चालक तथा स्थानीय समुदायहरूको समन्वयको अवस्था राम्रो भएकोले यस क्षेत्रमा कामदारहरू र मालिक बिचको सम्बन्ध सुमधुर भएको कुरा उत्तरदाताहरूको भनाइ तथा अध्ययनको क्रममा भएको स्थलगत अवलोकनबाट समेत देखियो ।

### ५.२.१३ युनियन र कामदार बिचको सम्बन्ध

कामदारहरूको नोकरीको सुरक्षा र अधिकार प्राप्तिका लागि कानुनमा व्यवस्था भए बमोजिमका ट्रेड युनियन खोल्न, सङ्गठित हुन र ती संस्थाहरू मार्फत आफ्ना मागहरू प्रस्तुत गर्ने कानुनी

व्यवस्था अनुसार यस अध्ययन क्षेत्रमा पनि ट्रेड युनियनहरूमा क्रियाशीलताको अवस्था विद्यमान छ । यस अध्ययनले ती युनियनहरू र कामदारहरूको सम्बन्धको बारेमा स्पष्ट हुन खोजिएको छ ।

**तालिका नं.१९**

**युनियन र कामदार बिचको सम्बन्ध**

| सि.नं. | सम्बन्धको अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | राम्रो | ३१ | ५१.६६ | |
| २ | ठिकै | २९ | ४८.३३ | |
| ३ | नराम्रो | ० | ० | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने अध्ययन क्षेत्रका सबैभन्दा बढी अर्थात् ५१.६६ प्रतिशतले सम्बन्ध राम्रो भएको र ४८.३३ प्रतिशतले ठिकै सम्बन्ध रहेको र नराम्रो सम्बन्ध नरहेको बताउनेको सङ्ख्या शून्य देखियो ।

यस तथ्याङ्कबाट कामदार र युनियन बिच समझदारी र विश्वासको अवस्था रहेको देखिन्छ । कामदार र युनियन बिच राम्रो सम्बन्ध रहँदा विवाद न्यून हुने, उद्योग तथा उत्पादनमा सकारात्मक साथै सुमधुर औद्योगिक वातावरण कायम रहने हुँदा उद्योगहरूमा लगानी गर्ने र रोजगारी वृद्धि हुने सकारात्मक प्रभाव देखिन्छ ।

### ५.२.१४ सङ्गठनको सदस्यता

कुनै पनि उद्योग तथा प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीहरू स्वेच्छाले पेसागत सङ्गठनको सदस्य बन्न सक्दछन् । आफ्नो पेसागत सुरक्षा र अधिकारको लागि क्रियाशील सङ्गठनहरूमा सदस्य बन्ने र क्रियाशील रहने विद्यमान अवस्था छ । यस अध्ययनको सन्दर्भमा पनि अध्ययन क्षेत्रका उद्योगहरूका कामदारहरू सङ्गठनमा आबद्धताको अवस्था कस्तो छ सो सम्बन्धमा यसले स्पष्ट पार्न खोजेको छ ।

**तालिका नं.२०**

**सङ्गठनको सदस्यको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | सदस्यताको विवरण | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | छु | ५० | ८३.३३ | |
| २ | छैन | १० | १६.६६ | |
| | | ६० | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाबाट औद्योगिक प्रतिष्ठानमा क्रियाशील सङ्गठनहरूको सदस्यता रहने ८३.३३ प्रतिशत र नरहने १६.६६ प्रतिशत उत्तरदाताहरू पाइयो ।

माथिको तथ्याङ्कले अध्ययन क्षेत्रका कामदारहरूले सङ्गठित शक्तिले आफ्नो हित हुन्छ भन्ने बुझेका र अधिकार प्रति सचेत रहेको अवस्था देखाएको छ । जसले गर्दा कामदारहरूमा सकारात्मक प्रभाव पर्दछ ।

### ५.२.१५ पेसागत स्वाथ्य सुरक्षाका सामानहरूको प्रयोग

उद्योगहरूमा गरिने कतिपय कामहरू जोखिमपूर्ण हुन्छन् । गह्रौं भारी उठाउने, विभिन्न केमिकलहरू प्रयोग गर्नु पर्ने, अति चर्को धुँवा ध्वनि र प्रकाशमा काम गर्दा कामदारहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्दछ । यसबाट बचाउको लागि उद्योगमा कामदारहरूको स्वास्थ्य सुरक्षाका लागि व्यवस्था गरिएको हुन्छ । यस अध्ययनमा अध्ययन क्षेत्रका उद्योगहरूले कामदारहरूले काम गर्ने क्रममा हुने दुर्घटना र अन्य अस्वस्थ्यताका क्रममा कामदारहरूले ती सुविधाको उपयोग गर्ने गरेका छन या छैनन् भन्ने तर्फ यसले स्पष्ट पार्न खोजेको छ ।

**तालिका नं.२१**

**पेसागत स्वाथ्य सुरक्षाका सामानहरूको प्रयोगको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | **स्वाथ्य सुरक्षा** | **उत्तरदता** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | गर्छु | ४१ | ६८.३३ | |
| २ | गर्दिन | २ | ३.३३ | |
| ३ | कहिलेकाहीँ | १७ | २८.३३ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तथ्याङ्क अनुसार स्वास्थ्य सुरक्षाको सामानको उपयोग गर्ने ६८.३३, कहिलेकाहीँ गर्ने २८.३३ र नगर्ने ३.३३ रहेका देखिन्छन् ।

यस तथ्याङ्क अनुसार पेसागत स्वास्थ्य सुरक्षाको सामानहरूको प्रयोग नगर्नेको सङ्ख्या न्यून र प्रयोग गर्नेहरूको सङ्ख्या धेरै देखिएकोले श्रमिकहरू आफ्नो स्वास्थ्य सुरक्षा प्रति सचेत भएको देखिन्छ । यसले कामदारहरूको पेसाजन्य रोग तथा दुर्घटना कम हुने र कामदारहरूमा अनावश्यक उपचार खर्च समेत नहुने भएकोले कामदारमा यसको प्रभाव सकारात्मक देखिन्छ ।

### ५.२.१६ धुम्रपान तथा मद्यपान

मानिस चेतनशील प्राणी हो । शरीरलाई हानी नोक्सानी हुने खाद्य तथा पेयपदार्थ सेवनमा कामदार आफैले निर्णय गर्दछ । सुर्तीजन्य वस्तुहरू र मादक पदार्थहरू हानिकारक हुँदाहुँदै पनि सेवन गरेको अवस्था हाम्रो समाजमा विद्यामा छ । यस सन्दर्भमा अध्ययन क्षेत्रका कामदारहरूको धुम्रपान तथा मद्यपानको अवस्था कस्तो छ भन्ने सन्दर्भमा यसमा अध्ययन गर्न खोजिएको छ ।

**तालिका नं. २२**

**धुम्रपान तथा मद्यपान सेवनको आधारमा कामदारहरूको वितरण**

| सि.नं | सेबन सामग्री | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | धुम्रपान | २१ | ३५ | |
| २ | मद्यपान | १० | १६.६६ | |
| ३ | दुवै सेवन गर्ने | ७ | ११.६६ | |
| ४ | दुवै सेवन नगर्ने | २२ | ३६.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरूमा धुम्रमान तथा मद्यपान दुवै सेवन नगर्ने ३६.६६ प्रतिशत, धुम्रपान गर्ने ३५ प्रतिशत, मद्यपान गर्ने १६.६६ प्रतिशत र दुवै सेवन नगर्ने ११.६६ प्रतिशत देखियो ।

यस तथ्याङ्कबाट कामदारहरू स्वाथ्यप्रति सचेत रहेका उत्तरदाता तुलनात्मक रूपमा बढी देखियो । उत्तरदाताहरूको जातिगत अवस्था मिश्रित रहेकोले सेवन गर्ने कामदारहरू पनि जातिगत र परम्परागत प्रचलन अनुसार सेवन गर्ने गरेको देखियो ।

### ५.२.१७ पेसाप्रति सन्तुष्टि

औद्योगिक प्रतिष्ठानहरूको उत्पादन क्षमता अनुसार उत्पादनमा श्रमशक्तिको परिचालनको लागि उनीहरूलाई सबै किसिमबाट सन्तुष्ट गराउनु पर्ने हुन्छ । चाहे सामाजिक सुरक्षा, आर्थिक सुविधा वा अन्य सम्मान र विषय हुन् । त्यस अवस्थामा मात्र कामदार आफ्नो पेसा प्रति सन्तुष्ट भै क्रियाशील रहन सक्छ ।

यस अध्ययनमा अध्ययन क्षेत्रका कामदारहरू आफ्नो पेसाप्रति कतिको सन्तुष्ट छन् भन्ने विषयमा यसले अध्ययन गर्न खोजेको छ ।

**तालिका नं.२३**

**पेसाप्रति सन्तुष्टिको आधारमा उत्तरदाताको वितरण**

| सि.नं. | कामदारको अवस्था | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तुष्ट छु | ३२ | ५३.३३ | |
| २ | सन्तुष्ट छैन | २८ | ४६.६६ | |
| | **जम्मा** | **६०** | **१००** | |

स्रोत: स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका कामदारहरूमा आफ्नो कामप्रति सन्तुष्टि रहेका ५३.३३ प्रतिशत र सन्तुष्ट नहुने ४६.६६ प्रतिशत देखियो ।

यस तथ्याङ्कबाट आफ्नो पेसाबाट सन्तुष्ट हुने र नहुनेको सङ्ख्या करिब करिब बराबर जस्तो रहेकोले छलफलका क्रममा जिज्ञासा राख्दा वर्तमान बजार भाउ अनुसार उद्योगबाट प्राप्त तलब सुविधाबाट घरखर्च चलाउन कठिन भएको, एक पेसामा संलग्न भएर पनि घरखर्च धान्नको लागि अन्य वैकल्पिक पेसा गर्नु परेको, योग्यता क्षमता अनुसारको दर्जा तथा तलब सुविधान नभएको, अधिकांशमा बिमाको व्यवस्था नभएको र अवकास पश्चात प्राप्त हुने उपदान रकम ज्यादै न्यून रहेको जस्ता कारणहरूले गर्दा पेसाप्रति सन्तुष्ट हुन नसकेको देखियो ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझावहरू

## ६.१ सारांश:

वर्तमान समयमा मुलुकका सबै क्षेत्रमा औद्योगिक विकासको लागि आवश्यक पूर्वाधारहरू तयार गरी औद्योगिक विकास गर्नु नै एक मात्र विकल्प बन्न पुगेको छ । औद्योगिक विकास बिना रोजगारी वृद्धि हुन नसक्ने, आवश्यक वस्तुहरू वाह्य मुलुकबाट आयात गरिँदा ठुलो रकम विदेसिने, बहुमूल्य कच्चा पदार्थहरू प्रयोगमा नआउने तथा सस्तोमा कच्चा पदार्थ निर्यात गरी महँगो तयारी वस्तु खरिद गर्दा मुलुकको अर्थतन्त्र सधैँ कमजोर र धराशायी हुने हुँदा औद्योगिक विकासबाट नै यी समस्याा हल गर्न सकिने भएकोले यसलाई सर्वोपरी प्राथमिकता दिनु आजको आवश्यकता हो । यसै तथ्यलाई मनन गरी मुलुकका विभिन्न भागमा औद्योगिक क्षेत्रहरू स्थापना गरिएका छन् ।

मजदुरहरू उद्योग तथा कारखानाका मेरूदण्ड हुन् जसले आवश्यक वस्तुहरू उत्पादन गर्दछन् र मुलुकको अर्थतन्त्र वृद्धिमा उल्लेखनीय योगदान प्रदान गर्दछन् । तिनै मजदुरहरूको आर्थिक सामाजिक जीवनको अध्ययन अवलोकन सहित विभिन्न अन्तरक्रिया, प्रश्नावली, अन्तरवार्ता विधिको प्रयोगबाट औद्योगिकरणले रोजगारीमा पारेको प्रभाव सम्बन्धमा अध्ययन गरिएको छ ।

अध्ययनका क्रममा सूचना सङ्कलनको माध्यम प्राथमिक तथ्याङ्क सङ्कलन विधिमा, प्रश्नावली, अन्तरवार्ता, अनौपचारिक कुराकानी र अभिलेखहरूको अवलोकन गरी सूचना सङ्कलन गरिएको छ । यसै गरी द्वितीय तथ्याङ्क लिँदा औद्योगिक प्रोफाइलहरू, बुलेटिन, प्रगति विवरण जस्ता अभिलेखहरूबाट सूचना सङ्कलन गरिएको छ ।

हेटौँडा औद्योगिक क्षेत्र वि.सं. २०२० सालमा स्थापना भएको हो । कूल २८२९ रोपनी क्षेत्रभित्र फैलिएको यस क्षेत्रमा हाल साना ठुला गरी ५५ वटा उद्योगहरू सञ्चालनमा रहेका छन् । यो अध्ययन मकवानपुर जिल्लाको हेटौँडा औद्योगिक क्षेत्रका छनोट भएका १० वटा उद्योगहरूलाई अध्ययन क्षेत्र बनाई यस अन्तरगत कार्यरत ५५० जना कामदारहरू मध्ये करिब ११ प्रतिशत नमुना छनोट गरी गरिएको छ । यो अनुसन्धानमा सङ्ख्यात्मक भन्दा गुनात्मक सूचनालाई बढी जोड दिइएको छ । साथै अध्ययनको ढाँचा विश्लेषणत्मक रहेको छ ।

अध्ययन क्षेत्रमा संलग्न ६० मध्ये पुरूषहरूको सङ्ख्या ९३.३३ प्रतिशत र महिलाहरूको सङ्ख्या ६.६६ प्रतिशत रहेको छ । पुरूषहरूको तुलनामा महिला कामदारहरूको रोजगारी सङ्ख्या अत्यन्त न्यून देखिन्छ । उत्तरदाताहरूको उमेरको अवस्था हेर्दा अधिकांश कामदारहरू ३१ दखि ४० वर्ष बिचका ५१.६६ प्रतिशत रहेका छन । त्यसै गरी २१ देखि ३० वर्ष बिचका युवाहरू ३५ प्रतिशत रहेका छन् । उत्तरदाताहरूको वैवाहिकक अवस्था तर्फ हेर्दा विवाहित कामदारहरू ८६.६६ प्रतिशत छन् भने अविवाहित कामदारहरूको सङ्ख्या १३.६६ प्रतिशत रहको छ । जातिगत आधारमा यस क्षेत्रमा ब्राम्हण जातिका कामदारहरू ५६.६६ प्रतिशत देखिएको छ । उत्तरदाताहरू मध्ये तामाङ तथा क्षेत्रीहरू १५, १५ प्रतिशत र अन्य जातिहरू समेत गरी ९ जातिका कामदारहरू कार्यरत छन् । अध्ययन क्षेत्रका कामदारहरू नोकरीमा स्थायी भएका ९८.६६ प्रतिशत रहेका छन् । यसै गरी काममा नियुक्ति पत्र पाउने कामदारहरू पनि ९८.६६ प्रतिशत देखिएका छन् ।

हरेक जातिले आआफ्ना छुट्टै मातृभाषाको प्रयोग गरे तापनि सबै जातिले बोल्ने साझा भाषाको रूपमा नेपाली भाषा नै प्रयोग गर्ने गरेको पाइयो । धार्मिक सहिष्णुता भएको यस क्षेत्रमा हिन्दु कामदारहरूको बाहुल्यता ८६.६६ प्रतिशत रहेको छ । अन्य धर्माबलम्वीहरूमा बौद्ध, क्रिश्चियन देखिएका छन् । कामदारहरूको शैक्षिक अवस्था तर्फ हेर्दा मा.वि. तथा उच्च.मा.वि. अध्ययन गर्ने कामदारहरू क्रमश: ३८.३३ प्रतिशत र १३.३३ प्रतिशत रहेको छ । निरक्षर कामदारहरू देखिएनन् । यस क्षेत्रका कामदारहरूको आर्थिक अवस्था सामान्य देखिएको छ । नोकरी बाहेक अन्य पेसाहरू कृषि, व्यापार तथा पशुपालन गरेर पारिवारिक घरखर्चको व्यवस्थापन गरेका छन् । आफ्नै पक्की घर हुने कामदारको सङ्ख्या ३० प्रतिशत रहेको छ भो डेरामा बस्ने कामदारहरू १६.६६ प्रतिशत देखियो ।

अध्ययन क्षेत्रमा युनियन र कामदारहरूको सम्बन्ध राम्रो बताउने कामदारहरूको सङ्ख्या ५१.६६ प्रतिशत देखियो भने सम्बन्ध ठिकै छ भन्नेहरू ४८.३३ देखियो ।

८३.३३ प्रतिशत कामदारहरू पेसागत सङ्गठन तथा टेड युनियनको सदस्थापक बिचको सम्बन्ध राम्रो रहेको कूल उत्तरदातामा ३१.६६ प्रतिशतले बताए भने ६८.३३ प्रतिशतले सम्बन्ध ठिकै रहेको बताए ।

कामदारहरूले काम गर्दा पेसागत स्वास्थ्य सुरक्षाको बारेमा चनाखो रहेको पाइयो । उद्योगमा उपलब्ध स्वास्थ्य सुरक्षाका सामानहरू ६८.३३ प्रतिशतले प्रयोग गर्ने गरेको पाइयो ।

आफ्नो पेसाप्रति सन्तुष्ट रहने मजदुरहरू ५३.३३ प्रतिशत देखियो भने सन्तुष्ट नभएको मजदुरहरूको प्रतिशत ४६.६६ रहेको देखियो । पेसाप्रति सन्तुष्ट नहुनुमा ज्याला तथा सुविधा जीवन यापनका लागि पर्याप्त नभएको, बिमा उपदान तथा अन्य सामाजिक सुरक्षा न्यून रहेको, योग्यता क्षमता अनुसारको दर्जा तथा तलब सुविधा उपलब्ध नभएको कारण मजदुरहरू आफ्नो पेसाप्रति असन्तुष्ट रहेको देखियो ।

## ६.२ निष्कर्ष

हेटौँडा औद्योगिक क्षेत्रका छनोटमा परेका १० वटा उद्योगलाई अध्ययन क्षेत्र बनाएर औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था सम्बन्धमा अध्ययन गर्ने स्थलगत रूपमा अवलोकन गर्दा, उत्तरदाताहरूले भरेका प्रश्नावलीहरूका सूचनाहरू र प्रतिष्ठानहरूमा गरिएको अनौपचारिक छलफलबाट निम्न निष्कर्षमा पुगिएको छ ।

यस क्षेत्रमा काम गर्ने मजदुरहरूमा पुरूषहरूको तुलनामा महिला कामदारहरूको सङ्ख्या अत्यन्त न्यून रहेको देखियो ।

उद्योग प्रतिष्ठानमा काम गर्ने अधिकांश कामदारहरू स्थानीय अर्थात् मकवानपुर जिल्लाको देखिएको छ भने छिमेकी जिल्ला चितवनबाट केही कामदार आएका छन् । यसै गरी अन्य जिल्लाका कामदारहरूको उपस्थिति अत्यन्त थोरै देखिएको छ ।

जातिगत आधारमा कामदारहरूको वर्गीकरण गर्दा ब्राम्हण क्षेत्रीको बाहुल्यता रहेको देखिन्छ भने तामाङ जातिको केही उपस्थिति देखिए तापनि अन्य जातिहरूको उपस्थिति अत्यन्त कम देखिएको छ ।

कामदार हरूको शैक्षिक स्तर सामान्य देखिएको छ । नि.मा.वि. तथा मा.वि. अध्ययन गरेका कामदार छन् भने निरक्षर कामदारहरू देखिएनन् ।

अध्ययन क्षेत्रका कामदारहरूको यस अध्ययनको क्रममा अभिलेख तथा अनौपचारिक कुराकानीका क्रममा नियुक्ति पत्र दिएर मात्र काममा कामदारहरूलाई लगाइएको पाइयो ।

यस अध्ययन क्षेत्रका मजदुरहरूले नोकरी बाहेक अन्य वैकल्पिक पेसाहरू जस्तै कृषि, व्यापार, पशुपालन गरेको पाइयो ।

यस औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि भौतिक पूर्वाधारहरूको उपयुक्त व्यवस्था भए तापनि उद्योग तथा कामदारहरूको उल्लेख्य वृद्धि भएको पाइएन ।

अध्ययनमा देखिए अनुसार बढी सङ्ख्यामा कामदारहरू सक्रिय उमेर समूहका देखिएका छन् । अध्ययन क्षेत्रमा बालश्रम तथा बाध्यकारी श्रममा लगाइएको देखिएन ।

नोकरीको मासिक आम्दानीबाट मात्र कामदारहरूको न्यूनतम जीवन यापन गर्न प्रर्याप्त नभएको देखियो ।

उद्योग व्यवस्थापक र कामदार बिचको सम्बन्ध कटुतापूर्ण नभई सामान्य रहेको वा समन्वयकारी रहेको देखियो ।

कामदारहरू आफ्नो पेसागत अधिकार प्रति सचेत रहेको र अधिकांश कामदार मजदुर सङ्गठनको सदस्य बनेको पाइयो ।

काम गर्दा हुन सक्ने दुर्घटना तथा पेसाजन्य रोगबाट बच्नका लागि व्यवसायजन्य स्वास्थ्य सुरक्षा प्रति कामदारहरू सजग रहेको र बचाउका लागि उद्योगबाट उपलब्ध हुने सुरक्षा सामान उपयोग गर्ने गरेको देखियो ।

मजदुर सङ्गठन प्रति कामदारहरूको सकारात्मक धारणा रहेको देखियो ।

यस औद्योगिक क्षेत्रभित्रका विभिन्न उद्योगहरूमा काम गर्ने कामदारहरूलाई राज्यले तोके बमोजिम सेवा सुविधाहरू उपलब्ध गराइएको भए तापनि सबैमा समान भने देखिएन ।

नोकरीबाट मात्र पारिवारिक जीवन यापन गर्न कठिन भए तापनि अन्य पेसाभन्दा यस पेसाप्रति नै आकर्षण रहेको देखिन्छ ।

महँगीको अनुपातमा पारिश्रमिक कम भएको, योग्यता क्षमता अनुसार दर्जा तथा तलब सुविधा उपलब्ध नभएकोले कामदारहरूको ठुलो सङ्ख्या आफ्नो पेसाप्रति असन्तुष्ट देखिन्छन् ।

मजदुरहरू उत्पादनका महत्त्वपूर्ण शक्ति हुन् । मजदुरहरू आफ्नै श्रम लगानीको प्रतिफल स्वरूप उच्च र समृद्ध जीवनको अपेक्षा गर्दछन् । वस्तु उत्पादनमा पुँजी र श्रमको उचित समन्वयको आवश्यक पर्दछ । राज्यले उपयुक्त कानुन तथा नीति तर्जुमा गरी श्रम शोषणबाट मुक्त प्रभावकारी व्यवस्थापन गर्न पहल गर्नु पर्दछ ।

## ६.३ सुझावहरू

मजदुरहरू वस्तु उत्पादनका प्रमुख शक्ति हुनुको साथै उद्योग कलकारखानाका मेरूदण्ड हुन् । औद्योगिक विकासको गतिसँगै यो वर्गको सङ्ख्या पनि वृद्धि हुँदै गइरहेको छ । यस हेटौंडा औद्योगिक क्षेत्रमा गरिएको अध्ययन अवलोकनको क्रममा देखिएका समस्या तथा उत्तरदाताहरूको सुझावहरू समेतका आधारमा यस क्षेत्रका उद्योगहरूका मजदुरहरूको उत्थानको लागि निम्न उपायहरू अवलम्बन गरिनु उपयुक्त देखिएकोले सुझाव प्रस्तुत गरिएको छ ।

१. लिङ्गको आधारमा महिला पुरूष बिच विभेद गर्न नपाइने कानुनी व्यवथा भए तापनि उद्योगहरूमा महिलाहरूको उपस्थिति अति न्यून देखिएकोले निश्चित प्रतिशत महिलाहरूलाई अनिवार्य नियुक्ति गरिने व्यवस्था गरिनु पर्दछ ।

२. कामदारहरले आफ्नो अति उत्पादनशील उमेर र समय उद्योगको उत्पादन कार्यमा लगाइरहेको सन्दर्भमा श्रम अनुसार उचित ज्याला सुविधा उपलब्ध नभएको कारण श्रमिकले सामान्य जीवन निर्वाहको लागि अन्य पेसा समेत अवलम्बन गर्नुपर्ने बाध्यता हुनु हुँदैन ।

३. मजदुरहरूको क्षमता वृद्धिको लागि उपयुक्त तालिमको व्यवस्था गरिनु पर्दछ । जसले गर्दा परम्परागत रूपमा जानेका र गरिआएका सिपहरूको आधुनिकीकरण र व्यावसायिकीकरण हुँदै जानेछ ।

४. एउटै औद्योगिक क्षेत्रभित्र रहेको उद्योगहरूमा काम गर्ने श्रमिकहरूको तलब सुविधामा अन्तर देखिएको छ जसले गर्दा मजदुरहरूमा सुविधाहरूको तुलना गर्ने वातावरण बन्दछ यसले काममा उत्साहित हुन ऊर्जा प्राप्त हुँदैन ।

५. विद्यमान अवस्थामा उद्योगहरूले राम्रो काम गर्ने कामदारहरूलाई आवधिक रूपमा सम्मान तथा पुरस्कारको व्यवस्था नभएकोले काम गर्ने र नगर्ने बिचमा कुनै फरक देखिएको छैन । तसर्थ नियमित रूपमा राम्रो काम गर्ने श्रमिकलाई पुरस्कार तथा पदोन्नतिको व्यवस्था गरिनु पर्दछ ।

६. यो क्षेत्र उद्योग स्थापनाको लागि उपयुक्त भौतिक पूर्वाधार भएको औद्योगिक क्षेत्र भए तापनि विविध समस्याहरूले गर्दा उद्यमीहरू यस स्थानमा उद्योग स्थापना गर्न त्यति उत्साहित

भएको देखिएको छैन । साथै सम्बन्धित निकायले त्यस्ता उद्योगीहरूलाई उत्प्रेरित गरी आकर्षित गर्ने र रोजगारी वृद्धिका लागि पहल गरिनु पर्दछ ।

७. स्थानीय कच्चा पदार्थ तथा स्रोत साधनको परिचालन गर्ने गरी उद्योग स्थापना गर्ने र स्थानीय रोजगारीलाई प्राथमिकता दिनु पर्दछ । जसले गर्दा उद्योग सञ्चालनमा दिगो रूपमा समन्वय र स्थानीय आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्दछ ।

अनुसूची १

# सन्दर्भ सामाग्री


उपाध्याय, उमेश (२०६६), **श्रमिक खबर**, अङ्क ८२, जिफन्ट प्रकाशन, काठमाडौँ

ओभmा, पवनकुमार (२०५७), **श्रम कानुन**, भाग–१, काठमाडौँ

**औद्योगिक प्रोफाइल** (२००५), हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लि. हेटौंडा

कोनान, ई. (१९७७), **वेल्थ अफ नेसन**, न्यु दिल्ली : एमसी मिलन लि.

खनाल, नारायण (२००४), **आई.एल.ओ. एक परिचय**, अन्तराष्ट्रिय श्रम सङठन ललितपुर

गौतम, आर.पि. (१९९८), **इम्प्लिमेन्ट स्ट्रक्चर अफ नेपाल अ डिस्ट्रिक लेभल एनलाइसिस** टियु

चेम्बरलिन, एन. डब्लु (१९८५), इन्ड्रोक्सन अफ लेबर न्यु दिल्ली एम सी ग्राउ हिल लि.

जोशी, एम. एल (१९९८), **अ स्टडी अफ रोल अफ फङ्सन अफ लेवर माब्टर्स**, थेसिस सबमिटेड, टु द सेन्ट्रल डिपार्ट अफ म्यानेजमेन्ट टियु

पाण्डे, पि. (१९८२), **फिमेल लेबर फोर्स इन नेपाल**

बुटर ए.डि. (१९७६), **लेवर इकोनोमिक्स एन्ड इन्स्टिच्युसन,** न्यु दिल्ली युनिभर्सिटी

मार्क्स, के. (१८६६), **क्यापिटल**, मस्को, प्रोगेस पब्लिसर

माथुर, ए.एन. (१९९३), **लेबर इन्स्टिच्युस एन्ड इकोनोमिक डेभलपमेन्ट स्टडी अफ नेपाल** न्यु दिल्ली

मिल, जे.एस. (१९८६), **द प्रिन्सिपल अफ प्राक्टिकल इकोनोमी,** न्यु दिल्ली

रिमाल, विष्णु (२०४९), **नेपाल ट्रेड युनियन आन्दोलनलाई फर्केर हेर्दा,** ट्रेड यूनियन महासङ्घ (जिफन्ट) काठमाडौँ

रेग्मी, डि. (१९९६), **अ स्टडी अफ इन्डस्ट्रियल स्टेट अफ नेपाल**, टियु

लिबिज, डब्लु. ए. (१९५८), **इकोनोमिक डेभलपमेन्ट विथ अनलिमिटेड सप्लाई अफ लेबर**, न्यु दिल्ली

शर्मा, बालचन्द्र (२०३८), **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी

शर्मा, शिव (२०६०), **नेपाल श्रमिक स्थिति परिचय**, काठमाडौँ : राष्ट्रिय श्रम सङ्गठन

श्रीवास्तव, एस.सि. (१९९५), **इन्डस्ट्रियल रिलेसन एण्ड लेबरलडा**, न्यु दिल्ली (थर्ड इडिसन) विकास पब्लिसिङ हाउस ।

अनुसूची -२

## औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

(मकवानपुर जिल्ला हेटौँडा औद्योगिक क्षेत्रका श्रमिकहरूको एक समाजशास्त्रीय अध्ययन)

## अन्तरवार्ता सूची

१) परिचयः

अ. उत्तरदाताको नाम,थर :-

क) लिङ्ग : ख) उमेर : ग) धर्म : घ) जाति ङ.) भाषा :

च. जन्मस्थानः अञ्चलः.................. जिल्लाः............... न.पा./गा.वि.स.:......

छ) विवाहित ज) अविवाहितः झ) कार्यरत दर्जा :...... ञ) तहः.....

२) नोकरीको प्रकृतिः

क) स्थायीः ख) अस्थायीः ग) करारः घ) ज्यालादारीः

३) शैक्षिक योग्यता :

क) निरक्षरः ख) साक्षर ग) प्रा.वि.: घ) नि.मा.वि.: ङ) मा.वि.:

च) उ.मा.वि.: छ) स्नातकः ज) स्नातकोत्तरः

४) पारिवारिक विवरण :

| क्र.सं. | नाम थर | घरमुलीको नाम | घरमुलीसँगको नाता | उमेर | शिक्षा | | | | | | | | पेसा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | साक्षर | निरक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | स्नातकोत्तर | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

५) यस क्षेत्रमा तपाईं कहाँबाट आउनु भएको हो ?

क) नेपाल भित्र ख) नेपाल बाहिर ग) नेपाल वाहिर भए कहाँबाट

६) तपाईंको हालको स्थायी ठेगाना कहाँ हो ?

क) अञ्चलः ख) जिल्लाः ग) न.पा. / गा.वि.स.

७) नोकरी बाहेक तपाईंको अन्य आम्दानी स्रोतहरू छ कि छैन ? छ भने ..........................

क) खेती ख) पशुपालन ग) चराचुरुङ्गी / कुखुरा पालन घ) व्यापार व्यवसाय

ङ) ज्यालादारीः च) अन्य

८) तपाईंको नोकरीबाट मासिक आम्दानी कति हुन्छ?

क) ५ हजार देखि ७ हजार ख) ७ हजार देखि १० हजार ग) १० हजार देखि १५ हजार

घ) १५ हजार भन्दा माथि

९) तपाईंको आफ्नो तलबबाट खान पुग्छ ?

क) पुग्दछ ख) पुग्दैन ग) बढी हुन्छ

१०) यदि पुग्दैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ ?

क) ऋण ख) खेती ग) कुखुरा पालन घ) पशुपालन ङ) अन्यः.........

११) तपाईंको उद्योगमा कुन कुन सुविधा उपलब्ध छ ?

क) पुस्तकालय ख) यातायात ग) आवास घ) मनोरन्जन ङ) ड्रेसिङ कोठा

च) औषधि सुविधा छ) चमेना ग्रह ज) आरामकक्ष झ) अन्य

१२) तपाईंको घर कस्तो प्रकृतिको छ ?

क) कच्ची ख) पक्की ग) अर्ध पक्की

१३) आफ्नो घर छैन भने कहाँ बस्नु हुन्छ ?

क) डेरामा ख) क्वाटरमा ग) साथी आफन्तकोमा घ) सामुहिक बास

१४) तपाईंले काम गर्ने उद्योगमा महिला पुरुषलाई तलव सुविधा फरक छ वा छैन ?

क) फरक छ ख) फरक छैन

१५) तपाईंले उद्योगवाट तलब बाहेक अन्य कुन कुन सुविधा पाउनु भएको छ ?

क) ओभरटाइम ख) औषधी खर्च ग) घरभाडा घ) खाजा खर्च ड.) यातायात खर्च

च) बिमा छ) पेन्सन ज) बोनस झ) उपदान ञ) ऋण सुविधा

ट) अन्य

१६) तपाइँ धुम्रपान मध्यपान गर्नु हुन्छ ?

क) धुम्रपान　　ख) मध्यपमन　　ग) अन्य

१७) तपाइँको मातृभाषा के हो ?

क) तामाङ　　ख) नेपाली वा पर्वते ग) हिन्दी　　घ) भोजपुरी　　ङ) मैथली

च) अन्य

१८) तपाईंले आफ्नो नोकरीको नियुक्तिपत्र लिनु भएको छ ?

क) छ　　ख) छैन　　ग) अन्य केही भए

१९) कुनै मजदुर तथा कर्मचारी सङ्गठनको सदस्य वन्नु भएको छ ?

क) छ　　ख) छैन

२०) काम गर्दा पेसागत स्वास्थ्य, सुरक्षाका सामान प्रयोग गर्नु हुन्छ ?

क) गर्छु　　ख) गर्दिन　　ग) कहिलेकाहीँ मात्र गर्छु

२१) तपाइँ आफ्नो पेसाप्रति सन्तुष्ट हुनुहुन्छ ? यदि छैन भने किन ?

क) छ　　ख) छैन　　ग) छैन भने किन ................

२२) तपाइँ कारखानामा श्रम कानुन पर्याप्त कार्यान्वयन भएको छ ?

क) छ　　ख) छैन　　ग) आंशिक कार्यान्वयन

२३) कारखानामा टेलिफोन, पत्र पत्रिका प्रयोग गर्न पाउनु भएको छ ?

क) छ　　ख) छैन

२४) कारखाना मालिक र कामदार बिचको सम्वन्ध कस्तो छ ?

क) राम्रो　　ख) ठिक　　ग) नराम्रो

२५) युनियन/मजदुर सङ्गठन र कामदार बिचको सम्वन्ध कस्तो छ ?

क) राम्रो　　ख) ठिकै　　ग) नराम्रो

२६) तपाइँलाई मजदुरहरूको हितका लागि के के गर्नुपर्छ जस्तो लाग्छ ?

उत्तर :

## अनुसूची ३
## उत्तरदाताहरुको नामावली

| सि.नं. | उत्तरदाताको नाम थर | उद्योगका नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री दीपक अधिकारी | इन्भारोप्लास्ट प्रा.लि. | |
| २ | श्री कमला लामा | इन्भारोप्लास्ट प्रा.लि. | |
| ३ | श्री लक्ष्मी शार्की | इन्भारोप्लास्ट प्रा.लि. | |
| ४ | श्री विष्णु ब.कुमाल | इन्भारोप्लास्ट प्रा.लि. | |
| ५ | श्री मन कुमारी थापा | इन्भारोप्लास्ट प्रा.लि. | |
| ६ | श्री राजेन्द्र पौडेल | गोरखा लाहरी प्रा.लि | |
| ७ | श्री नवराज सुवेदी | गोरखा लाहरी प्रा.लि | |
| ८ | श्री उमा दाहाल | गोरखा लाहरी प्रा.लि | |
| ९ | श्री अनिल के.सी. | गोरखा लाहरी प्रा.लि | |
| १० | श्री दीपक ढकाल | गोरखा लाहरी प्रा.लि | |
| ११ | श्री लिला ढुङ्गेल | गोरखा लाहरी प्रा.लि | |
| १२ | श्री सुशील राउत | गोरखा लाहरी प्रा.लि | |
| १३ | श्री लक्ष्मण सापकोट | गोरखा लाहरी प्रा.लि | |
| १४ | श्री रधुनाथ पुडासैनी | गोरखा लाहरी प्रा.लि | |
| १५ | श्री युवराज दाहाल | गोरखा लाहरी प्रा.लि | |
| १६ | श्री माधव अधिकारी | गोरखा लाहरी प्रा.लि | |
| १७ | श्री सन्तोष पुडासैनी | गोरखा लाहरी प्रा.लि | |
| १८ | श्री सैलेन्द्र प्र.गोइत | गोरखा लाहरी प्रा.लि | |
| १९ | श्री राम घिताल | गोरखा लाहरी प्रा.लि | |
| २० | श्री रामजिबाबु श्रेष्ठ | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २१ | श्री सुर्य घलान | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २२ | श्री उत्तर घले | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २३ | श्री शिव बस्ताकोटी | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २४ | श्री पुर्ण ब.गोले | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २५ | श्री देवेन्द्र श्रेष्ठ | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २६ | श्री दीपक विडारी | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २७ | श्री देवनारायण दुलाल | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| २८ | श्री प्रेम सुवेदी | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |

| | | | |
|---|---|---|---|
| २९ | श्री मुन्नाराज चालिसे | नेसनल सोप इन्डस्ट्रिज प्रा.लि. | |
| ३० | श्री रामबाबु ढुङाना | क्रिस्टल प्रोडक्ट प्रा.लि. | |
| ३१ | श्री पंच ब.लामा | क्रिस्टल प्रोडक्ट प्रा.लि. | |
| ३२ | श्री बुद सिं पाखिन | क्रिस्टल प्रोडक्ट प्रा.लि. | |
| ३३ | श्री अमिर तामाङ | हिमालयन बेम्बो प्रा.लि | |
| ३४ | श्री बासुदेव भण्डारी | हिमालयन बेम्बो प्रा.लि | |
| ३५ | श्री विष्णुराम कार्की | नेसनल कास्टिङ इ.प्रा.लि | |
| ३६ | श्री गणेश ब.खड्का | नेसनल कास्टिङ इ.प्रा.लि | |
| ३७ | श्री सूर्य प्र.तिमल्सीना | नेसनल कास्टिङ इ.प्रा.लि | |
| ३८ | श्री रोशन चौलागाई | हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा.लि. | |
| ३९ | श्री गोविन्दहरि तिमल्सिना | हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा.लि. | |
| ४० | श्री जयराम खनाल | हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा.लि. | |
| ४१ | श्री सन्तोष डिमडुम | हेटौँडा इन्जिनियरिङ वर्क्स प्रा.लि. | |
| ४२ | श्री यज्ञ राय | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४३ | श्री राजिवरञ्जन सिं | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४४ | श्री धुर्व्र अधिकारी | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४५ | श्री यज्ञ प्र.अधिकारी | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४६ | श्री रण ब.गुरुङ | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४७ | श्री विरबल दोङ | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४८ | श्री नन्द प्र.पोखरेल | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ४९ | श्री रोशन उपाध्याय | एसियन पेन्टस नेपाल प्रा.लि | |
| ५० | श्री रेशम कोइराला | सि.एस.आई. नेपाल प्रा.लि. | |
| ५१ | श्री सञ्जय श्रेष्ठ | सि.एस.आई. नेपाल प्रा.लि. | |
| ५२ | श्री श्यामकुमार पौडेल | सि.एस.आई. नेपाल प्रा.लि. | |
| ५३ | श्री किशोर पोखरेल | सि.एस.आई. नेपाल प्रा.लि. | |
| ५४ | श्री छविलाल सापकोटा | सि.एस.आई. नेपाल प्रा.लि. | |
| ५५ | श्री शम्भु खतिवडा | वोन प्रासेसिङ प्रा.लि. | |
| ५६ | श्री रामेश्वर कार्की | वोन प्रासेसिङ प्रा.लि. | |
| ५७ | श्री शम्भु पाण्डे | वोन प्रासेसिङ प्रा.लि. | |
| ५८ | श्री शेखरबाबु ढुङाना | गोरखा लहरी प्रा.लि. | |
| ५९ | श्री शिब ढुङ्गेल | गोरखा लहरी प्रा.लि. | |
| ६० | श्री दिपेन्द्र अधिकारी | इन्भारोप्लास्ट प्रा.लि. | |

# अनुसुची ४

# अनुसूची ५

## हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुको विवरण

| सि.नं. | उद्योगको नाम |
|---|---|
| १ | श्री क्लोजर सिस्टम इन्टरनेसनल (नेपाल), प्रा.लि. |
| २ | श्री अविर उड एन्ड इन्डस्ट्रिज प्रा.लि. |
| ३ | श्री इन्टरनेसनल उड सिजनिङ प्रा.लि. |
| ४ | श्री एसियन पेन्टस इन्टरनेसनल (नेपाल), प्रा.लि. |
| ५ | श्री एसियन लेदर आर्टस एण्ड टर्मिनिङ इन्डस्ट्रिज |
| ६ | श्री एलाइट पावर इन्जिनियरिङ |
| ७ | श्री क्रिस्टल प्रोडक्ट प्रा.लि. |
| ८ | श्री खाद्य उद्योग लि. |
| ९ | श्री गोरखा लाहरी प्रा.लि. |
| १० | श्री गोदावरी प्लास्टो क्र्याफ्ट इन्डस्ट्रिज |
| ११ | श्री ग्यासिका टेक्स्टाइल प्रा.लि |
| १२ | श्री गङ्गा सोप इ. प्रा.लि |
| १३ | श्री दिग्विजय प्रोडक्ट प्रा.लि. |
| १४ | श्री नेसनल कास्टिङ इ. प्रा.लि. |
| १५ | श्री नेसनल सोप इ. प्रा.लि. |
| १६ | श्री नेसनल पोल्स इ.प्रा.लि. |
| १७ | श्री नेपाल उड इन्डस्ट्रिज प्रा.लि. |
| १८ | श्री नेपाल ह्युमपाइप म्यानुफ्याक्चर्स प्रा.लि. |
| १९ | श्री बर्जर पेन्टस एन्ड निकोल्सन नेपाल प्रा.लि. |
| २० | श्री बालाजी नेचुरल इन्डस्ट्रिज प्रा.लि. |
| २१ | श्री बोन प्रोसेसिङ प्रा.लि. |
| २२ | श्री मकवाना बिस्कुट प्रा.लि. |
| २३ | श्री भुटनदेवी काष्ठ उद्योग प्रा.लि. |
| २४ | श्री इनभ्यारोप्लास्ट प्रा.लि |
| २५ | श्री महाशक्ति सोप एन्ड केमिकल प्रा.लि. |
| २६ | श्री नेपाल मेटल फ्रेब्रिकेटिङ प्रा.लि. |
| २७ | श्री यती पेन्टस इ. प्रा.लि. |

| | |
|---|---|
| २८ | श्री युनाइटेड ब्रुअरी प्रा.लि. |
| २९ | श्री युनिक सोप एन्ड केमिकल इ. |
| ३० | श्री राधिका प्लास्टिक प्रा.लि. |
| ३१ | श्री रिज्वाइन क्वालिटी फुड्स प्रा.लि. |
| ३२ | श्री लक्ष्मी लाइम प्रोडक्टस प्रा.लि. |
| ३३ | श्री साल्ट ट्रेडिङ कर्पोरेसन लि. |
| ३४ | श्री सिलु कङ्क्रिट इ. |
| ३५ | श्री शिवबुबा प्लाइउड एन्ड काष्ठ उद्योग |
| ३६ | श्री सुपरलेमिकोट प्रा.लि. |
| ३७ | श्री हिमालयन बेम्बो प्रा.लि. |
| ३८ | श्री हेटौंडा इन्जिनियरिङ वर्क्स प्रा.लि |
| ३९ | श्री एम.एम. प्लास्टिक इ. प्रा.लि |
| ४० | श्री प्यालेट फिड इ. प्रा.लि |
| ४१ | श्री हेटौंडा दुग्ध वितरण आयोजना |
| ४२ | श्री त्रिपुरा इन्डस्ट्रिज प्रा.लि. |
| ४३ | श्री त्रिशक्ति पोलिब्याग प्रा.लि. |
| ४४ | श्री पशुपति प्लास्टिक इ. |
| ४५ | श्री एभरेस्ट पोलिमर्स प्रा.लि |
| ४६ | श्री नेपाल चिलिङ प्लान्ट इ. प्रा.लि |
| ४७ | श्री उज्ज्वल फर्निचर उद्योग |
| ४८ | श्री नेपाल रोटो प्रिन्टिङ एन्ड प्याकेजिङ प्रा.लि |
| ४९ | श्री क्वालिटी ह्याचरी एन्ड फिड इ. |
| ५० | श्री चुरियामाई काष्ठकला उद्योग |

स्रोतः हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय २०६६